१० पूर्णाङ्क

# पूर्णिमा

संशोधन–मण्डल



तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ। त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

३
वर्ष

२
अङ्क

[इतिहास–प्रधान त्रैमासिक पत्रिका]

सम्पादक—
गौतमवज्र वज्राचार्य
महेशराज पन्त

प्रकाशक—
भोलानाथ पौडेल
( संशोधन—मण्डलद्वारा )

प्रबन्धक—
धनवज्र वज्राचार्य

सहयोगीहरू—
देवीप्रसाद भण्डारी
शङ्करमान राजवंशी
दिनेशराज पन्त

# विषयसूची

पृष्ठ

१. बलम्बुको गणदेव र भीमगुप्तको अभिलेख —गौतमवज्र वज्राचार्य १-८

२. लिच्छविकालका शासनसम्बन्धी पारिभाषिक शब्दको व्याख्या —धनवज्र वज्राचार्य ९-१७

३. यक्षमल्लको समयका निश्चित संवत् र तिथिमितिहरू —शङ्करमान राजवंशी १७-२२

४. भूपतीन्द्र मल्लका कृतिहरू —भोलानाथ पौडेल २२-३०

५. श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू —देवीप्रसाद भण्डारी ३०-३६

६. वीर भक्ति थापा —महेशराज पन्त ३७-४६

७. दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे —दिनेशराज पन्त ४६-५३

८. पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति —नयराज पन्त ५३-६०

हाम्रो वक्तव्य ६१-६२

# बलम्बुको गणदेव र भौमगुप्तको अभिलेख

—गौतमवज्र वज्राचार्य

बलम्बु र त्यसका आसपासका क्षेत्र मालटार, चौकिटार, सतुङ्गल, किसिपिडी, थानकोटमा लिच्छविकालका निकै अभिलेखहरू पाइएका छन् । चन्द्रागिरि डाँडा र वह्चोक डाँडाको काखमा रहेका यी गाउँ एक दुइ पाउको अन्तरमा रहेका छन् । आजभोलि यहाँ प्रायः नेवारहरूको बसोबास छ ।

लिच्छविकालका यी अभिलेखहरूमध्ये केही अभिलेख अहिले गाउँभन्दा निकै पर खेतमा पासिख्य, भेल्बु, मालटार, चौकिटारनामक प्रदेशमा पाइएका छन् । ती अभिलेखहरू प्रायः तत् तत् स्थानका जनतालाई बुझाउन राखिएका हुनाले ती अभिलेखहरू अवश्य नै सबैले देखिने ठाउँमा राखिएका हुनुपर्दछ । यस कारण अहिले ती अभिलेख रहेका ठाउँमा लिच्छविकालमा मानिसको बसोबास भएको अनुमान हुन्छ । अहिले खेतको फाँटको रूपमा रहेको भेल्बुमा शिलालेख भेट्टिएको ठाउँदेखि चार पाँच शय गजसम्मको गिर्दमा कान्ला, कुलेसा, गोरेटा, बाटा, डिस्कामा जताततै राम्ररी पोलिएका इँट झिगटी तथा भाँडाकुँडाका टुक्राहरू देखा पर्छन् । खेत खन्दा ईंट छापिराखेको ठाउँ बराबर भेटिन्थ्यो भन्ने पनि त्यहाँका बूढापाकाको भनाइ छ । खेती गर्दा बराबर त्यहाँ थरीथरीका चीजबीज पाइन्छन् भनी त्यहाँका खेतीवालहरू भन्छन् । यस कारण यतातिर लिच्छविकालमा अहिलेभन्दा बढी मानिसहरूको बसोबास थियो भन्ने कुरा थाहा पाउँदछौं । इत्यादि कारणले गर्दा लिच्छविकालको इतिहास बुझ्न चाहने जिज्ञासुहरूको लागि यी प्रदेश महत्वपूर्ण छन् । माथि उल्लिखित ठाउँमध्ये पनि बलम्बुको विशेष महत्व छ । यहाँ लिच्छविकालका निकै अभिलेख पाइसकिएका छन् । विशेष खोजी गर्न सकेको खण्डमा अझ बढ्ता पाइने सभावना छ ।

बलम्बुको मध्यभागमा महालक्ष्मीनजीकै रहेको पार्टीसँगै एउटा सानो पोखरी जस्तो खाल्डो छ । त्यस खाल्डोलाई त्यहाँका मानिसहरू 'हिटिगा' भन्दछन् । सो खाल्डोमा सँधैभरी पानी जमिरहेको हुन्छ । धेरै वर्षअगाडि रामजी तेवारीले त्यस खाल्डोमा एउटा लिच्छविकालिक अभिलेख देख्नुभएको रहेछ । यस कारण सो अभिलेखको प्रतिलिपि लिने विचारले हामी त्यहाँ धेरै पटक पुग्यौं । परन्तु पानी सुकेको मौका कहिल्यै पनि परेन । सिठीको दिन यहाँ सफासुग्घर गरिन्छ भनी त्यहाँका बासिन्दाहरूले हामीलाई बताए । यस कारण वि. सं. २०२१ तथा वि. सं. २०२२ को सिठीको दिन लगातार दुइ वर्ष हामी त्यहाँ गयौं । परन्तु बलम्बुमा कलधारा ठाउँ ठाउँमा भइसकेका हुनाले सिठीको दिन कुवा इनार आदि सफासुग्घर गर्ने चलन छुटिसकेको रहेछ । यस कारण त्यस बेला पनि खाली हात फर्कनुपर्‍यो । यसो भए तापनि अप्रकाशित लिच्छविकालिक सो शिलालेख पत्ता लगाई पढ्ने खुलदुलीचाहिं रहि नै रह्यो । यस कारण यस वर्षको सिठीको दिन पनि दिनेशराज

र म सो शिलालेखको प्रतिलिपि उतारेर ल्याउने विचारले बलम्बु गयौं। यस पालि पनि त्यहाँ सफासुग्घर गर्ने कुनै लक्षण नदेखिएको हुनाले केही पैसा खर्च गरेर भए पनि पानी झिक्न लाउनुपर्दो भन्ने विचारले त्यहाँका बासिन्दा धनकृष्णकहाँ गई त्यसको लागि सहायता माग्यौं। उनले हाम्रो कुरा सहर्ष स्वीकार गरी आफ्ना दुइ भाइसमेत आई आफ्ना साथीहरूलाई पनि बोलाई सो खाल्टोको पानी झिकी हिलो मैला सबै पर्याँकिदिए। दुइ घण्टा जतिको परिश्रम पछि सो खाल्डो भित्र ओर्लने चौथो सिंढीमा अभिलेख रहेको ढुङ्गा सुताइराखेको देखियो‡।

परन्तु महालक्ष्मीका पूजारी र सो गाउँका थकाली आई धनकृष्णलाई बोलाएर पानी किन झिकेको भनी गाली गरे। महालक्ष्मीलाई स्नान गराउने यो पानी जतले पायो, उसले छुन पनि हुँदैन, हामीसंग नसोधेर किन पानी झिकिस् भनी ती दुबै जनाले उनलाई बेसरी झाँटे। हामीलाई पनि पञ्चमहापातक लाग्छ भनी तर्साए। त्यहाँ एउटा पुरानो शिलालेख छ, सो शिलालेख पानीले पुरिएको हुनाले पानी झिक्न लागेका हौं भन्दा यहाँभित्र रहेको शिलालेख जसले पायो उसले हेर्नु हुँदैन, यो शिलालेख हेर्न भनी कत्रा कत्रा साहेबहरू मोटरमा चढी पाँच पाँच शय नोट दिन्छु भनी आउँदा पनि हामीले देखाएनौं, चाहिन्छ कुरा हो यो भनी हामीसंग बाझ्न आए। यस्तो नचाहिने काम गर्छौ भने म तिमीलाई देश△ निकाला गर्न सक्छु बुझ्यौ भनी थकालीले धनकृष्णलाई र उनका भाइलाई पनि तर्साए। यस बिचमा हामीले सो अभिलेखको देखिने भाग जतिको तीन प्रतिलिपि लिइसकेका थियौं। तर शिलालेखको शिरोभाग र बायाँतिरका केही अक्षर छोपिएका हुनाले सिंढी अलिकति भत्काई संपूर्ण भागको प्रतिलिपि झिक्ने इच्छा पूरा भएको थिएन। परन्तु त्यहाँका धेरैजसा बासिन्दाहरूले पनि निकै बिरोध गरेकोले त्यतिमै सन्तोष गरी आयौं।

हाम्रो यहाँ अभिलेखहरू खोज्न जाँदा यस्ता घटना बराबर भइरहन्छन्। बरु बलम्बुभैकमा अभिलेख खोज्न स्वदेशी तथा विदेशीहरू बराबर आइरहने हुनाले यस कामदेखि यहाँका बासिन्दा केही परिचित भइसकेका छन्। कतै कतै त आफ्नै देशको इतिहास खोज्छु भन्दा बिनसित्ति निकै अपमान सहनुपरेको छ। कति ठाउँमा छापिसकेका शिलालेखका प्रतिलिपिहरू खोसेर लैजानु त साधारण कुरा हुन्छ। यहाँका जनता ज्यादै अबोध भएका हुनाले यस्तो घटना घट्नु त्यत्तिको आश्चर्यको कुरा होइन।

यो अभिलेख अहिले त्यहाँ खाल्डोभित्र ओर्लने सिंढीको एउटा खुट्कलोको रूपमा राखिएको हुनाले कुल्चदा कुल्चदा अक्षर खिइसकेका छन्। परन्तु अक्षर कुँद्दा राम्रोसँग कुँदिएका हुनाले छेउछेउका अक्षरबाहेक देखिने जति अभिलेखको भाग सजिलैसंग पढ्न सकिन्छ। अहिले त्यहाँ अभिलेख देखिने भाग २५ अंगुल लम्बा १५ अंगुल चौडा छ।

---

‡ सनदरूपको यो शिलापत्र सबैले देखिने ठाउँमा सुरक्षित रूपमा पहिले राखिएको होला। कुनै अबुझले त्यसलाई त्यहाँबाट झिकी सिंढीको खुट्किला बनाइदियो होला। कालगतिले गर्दा सो सिंढी पानीले छोपियो र अहिले यो शिलालेख यस्तो अवस्थामा रहन गयो भन्ने अनुमान हुन्छ।

△ देश भन्नाको तलब बलम्बु गाउँ हो। नकदेश, बोडे आदि साना शहरलाई पनि 'देश' भनी लेखिएको पाइन्छ। यस विषयको विचार पूर्णिमा ८ पूर्णाङ्कका ७६–७७ पृष्ठमा गरिएको छ।

## मूलपाठ

कुथरशौल्याधिकरणाभ्यां न प्रवेष्ट...
नुग्रहः कृतकोधुना मया सर्व्वदण्ड...
कमहाप्रतिहारश्रीभौमगुप्तविज्ञा...
न लिङ्ग्वलमाप्चोकाधिकरणाभ्याम्पञ्चा...
द्वारेण चतुर्भिरप्यधिकरणैर्न्न प्र...
मिति स्थितिपट्टकेन प्रसादः कृत...
मेवम्विदित्वा यथैव पूर्व्वमाज्ञाश्रवण...
वावलगनपरा भूत्वा निवृतविश्व...
...प्रतिवत्स्यथ ये चास्मद्वंश्या राजा...
...रपि धर्म्मगुरुभिर्ग्गुरुकृतप्र...
...त्तिभिरियमाज्ञा प्रतिपालनी...
...त्र ब- वर्म्मा ब्रह्मु प्रसाद...
...तीति श्रावणशुक्लप्रतिपदि...

अहिले ल्याउन सकिएको यस अभिलेखको उतारमा राजाको नाउँ र संवत् देखिदैन । परन्तु यही बेहोराका योबाहेक अरू जम्मा चारवटा अभिलेख पाइ का छन् । तिनमा पहिलो यस अभिलेखको नगीचै साठ्ठी सत्तरी हात जतिपर उत्तरतिर लुकमहादेवको खाल्टोमा छ । दोस्रो र तेस्रो❀ किसिपिडीमा छ । चौथो ▣ चौकिटारमा छ । यसरी एउटै बेहोराका अभिलेख अन्त पनि धेरै ठाउँमा पाइएका हुनाले बलम्बु हितिगाको यो अभिलेखको अपूरो भाग पूरा गर्न सकिन्छ । यस कारण अरू ती अभिलेखहरूको आधारमा यसको संपूर्ण पाठ तल दिइन्छ—

१. ॐ स्वस्ति मानगृहाद् बप्पपादानुध्यातो भट्टारकम-
२. हाराजश्रीगणदेवः कुशली शीताटिकातले...ग्रा-
३. मे यथाप्रधानब्राह्मणपुरस्सरान् सर्व्वानेव कु-
४. टुम्बिनः कुशलं पृष्ट्वा मानयति पूर्व्वराजभिर्य्युष्माकं
५. कुथेरशौल्याधिकरणाभ्यां न प्रवेष्टव्यमित्य-

---

❀यो अभिलेख लेभीद्वारा ७ संख्याको रूपमा प्रकाशित भएको छ ।
▣ नोलीद्वारा यो अभिलेख १९ संख्याको रूपमा प्रकाशित भएको छ । अहिले यहाँ प्रकाशित गरिएको अभिलेखबाहेक अरू चारैवटा अभिलेखको उल्लेख नोलीको ग्रन्थमा गरिएको छ ।

६. नुग्रहः कृतकोधुना मया सर्व्वदण्डनाय–
७. कमहाप्रतिहारश्रीभौमगुप्तविज्ञापिते–
८. न लिङ्ग्वल् माप्चोकाधिकरणाभ्याम्पञ्चापराध–
९. द्वारेण चतुर्भिरप्यधिकरणैर्न्न प्रवेष्टव्य–
१०. मिति स्थितिपट्टकेन प्रसादः कृतस्तदेव–
११. मेवम्विदित्वा यथैव पूर्व्वमाज्ञाश्रवणविधेया–
१२. स्तथैवावलगनपरा भूत्वा निर्वृतविश्वस्ताः
१३. सुखं प्रतिवत्स्यथ ये चास्मद्वंश्या राजानो भविता–
१४. रस्तैरपि धर्म्मगुरुभिर्गुरुकृतप्रसादा–
१५. नुवर्त्तिभिरियमाज्ञा प्रतिपालनीयेति दूतक–
१६. श्चात्र व –वर्म्मा ब्रह्मं प्रसादगुप्तवार्त्ते
१७. व्यवहरतीति श्रावणशुक्लप्रतिपदि ४८२

## अनुवाद

(कल्याण होस् । मानगृह (दरबार)बाट बुवाको पाउको अनुग्रह पाएका गाथमा आराम रहेका भट्टारक (गद्दीनशीन) महाराज श्रीगणदेवले शीताटिकातल ❀ ...... गाउँमा रहेका ब्राह्मणलगायत सबै गृहस्थीहरूलाई यथोचित कुशल मङ्गल सोधेर आज्ञा गर्नुभएको छ । उहिलेका राजाहरूले तिमीहरूकहाँ कुथेर तथा शौल्य यी दुइ अधिकरण ( अड्डाले ) प्रवेश नपाउने गरी निगाहा गरिदिनुभएको रहेछ । सर्वदण्डनायक (पुलीस विभागका मुख्य अधिकारी) महाप्रतिहार (राजाका हजुरिया) भौमगुप्तले हाम्रा हजुरमा बिन्ति चढाएका हुनाले अहिले हामीबाट पञ्चअपराधसंबन्धी मामिलाद्वारा लिङ्ग्वल र माप्चोक अधिकरणले पस्न नपाउने गरिएको छ । यसरी चारै अधिकरणले प्रवेश नपाउने गरी यो सनदशिलापत्र निगाहा गरिदिइएको छ । तिमीहरू यो कुरा बुझेर पहिलेजस्तै हुकुममा तामेल रही...निर्धक्कसंग सुखपूर्वक बस । पछि हुने हाम्रो कुलका राजाहरूले पनि नियमकानूनलाई ठूलो संझी आफ्ना मान्य जनले गरिदिएको निगाहको ख्याल राखी यो आज्ञाको प्रतिपालन गर्नुपर्दछ । दूतक (मार्फत) व...वर्मा ब्रह्म । वार्त (जागीरदार) प्रसादगुप्तले मुद्दामामिलाको काम हेरिरहेको बेलामा । संवत् ४८२ श्रावणशुक्ल प्रतिपदाको दिन ।)

प्रसिद्ध लिच्छवि राजा द्वितीय जयदेवले पशुपतिको आफ्नो अभिलेखमा आफ्ना पूर्वजहरूको संक्षिप्त वर्णन गरेका छन् । यो अभिलेख लिच्छविकालका राजाहरूको परिचय तथा वंश-

❀ 'तल' शब्दको बारेमा पूर्णिमाको यहा अङ्कमा प्रकाशित "लिच्छविकालका शासनसम्बन्धी पारिभाषिक शब्दको व्याख्या" नामक निबन्ध हेर्नुहोस् ।

परम्परा थाहा पाउन निकै उपयोगी छ । तर वसन्तदेवपछि नरेन्द्रदेवअघिका राजाहरूको वर्णनचाहिं त्यहाँ छोडिएको छ । यसो हुनाले त्यस बीचका राजाहरूको सम्बन्ध पत्ता लाग्न सकेको छैन । योबाहेक त्यसताकाका केही अरू अभिलेखहरू पाइएका छन् तापनि राजाहरूको वर्णन लेखिएको कुनै सामान प्रकाशमा आउन सकेको छैन । यस कारण नेपालको इतिहासमा वसन्तदेवभन्दा पछि अंशुवर्मा आउनुभन्दा अघिको साठ्ठी वर्षजतिको काल अलि अस्पष्ट रूपमा छ ।

संवत् ४५४ सम्मको अभिलेखमा राजा वसन्तदेवको उल्लेख पाइन्छ* । त्यसपछि संवत् ४६० को साँखु दुगाहिटीको अभिलेखमा राजा वामनदेव देखा पर्दछन् ‡ । अनि संवत् ४६७ को मृगस्थली जाने बाटोको शिवलिङ्गको अभिलेखमा तात्कालिक राजा रामदेवको नाम लेखिएको पाइन्छ ❀ । त्यसपछि संवत् ४८२ को माथि उद्धृत अभिलेखमा राजा गणदेवको उल्लेख भेट्टाइएको छ △ । वसन्तदेवपछिका वामनदेव, रामदेव, गणदेव यी राजाहरूको परिचय नपाउन्जेल यस वेलाको वास्तव अवस्था हामी भन्नोसंग बुझ्न सक्तैनौं । परन्तु यसताकाका ती अभिलेखहरूको आधारमा त्यस वेलाको राजनीतिको परिस्थितिको विषयमा एउटा महत्वपूर्ण कुरा थाहा पाउन सकिन्छ, त्यो हो त्यसैताका शुरू भएको द्वैतशासनको लामो परम्परा, जसभित्र लिच्छविकालको निकै भाग पर्न गएको छ ।

वसन्तदेव अलि कच्चै उमेरमा गद्दीमा बसेका देखिन्छन्* । उनका हजुरिया तथा पुलीस बिभागका मुख्य अधिकारी रविगुप्त हुनाले शासनको बागडोर स्वभावतः उनको हातमा जान थाल्यो । यसै वेला सामन्त क्रमलीलको पनि अधिकार बढेको थियो÷ । राजा रामदेवको पालामा

---

* चौकिटारको अभिलेख हेर्नुहोस् । नोलोद्वारा १५ संख्याको रूपमा यो प्रकाशित भएको छ ।

‡ अभिलेख–संग्रह पहिलो भागको २७ पृष्ठमा यो प्रकाशित भएको छ ।

❀ यो अभिलेख संस्कृतसन्देश २ वर्ष १—३ अङ्कमा योगी नरहरिनाथद्वारा प्रकाशित भएको छ । पछि नोलोद्वारा पनि १७ संख्याको रूपमा यो छापिएको छ ।

△ कर्पिङमा पाइएको संवत् ४७९ को अभिलेखमा "भौमगुप्तविज्ञापितेन मया" भन्ने उल्लेख आएको हुनाले सो अभिलेख पनि गणदेवकै हो कि भन्ने देखिन्छ । त्यहाँ राजाको नामोल्लेख भएको भाग खण्डित छ । अभिलेख—सग्रहको नवौं भागका १९–२० पृष्ठ हेर्नुहोस् ।

* पूर्णिमा ९ पूर्णाङ्कका ७–८ पृष्ठ हेर्नुहोस् ।

÷ मानगृहात्···भट्टारकमहाराजश्रीवसन्तदेवः···समाज्ञापयति...सर्व्वदण्डनायकमहाप्रतिहाररविगुप्तेन विज्ञापितेन...सर्व्वदण्डनायकमहाप्रतिहाररविगुप्तेन महाराजमहासामन्तश्रीक्रमलीलेन च साकं समवाय्य तथेति प्रसादः कृतः ...संवत् ४५४

(चौकिटारको वसन्तदेवको अभिलेखबाट)

[ मानगृह (दरबार)बाट... भट्टारक (गद्दीनशीन) महाराज श्रीवसन्तदेवले आज्ञा गर्नुभएको छ–...सर्व्वदण्डनायक (पुलीस विभागका मुख्य अधिकारी) महाप्रतिहार (राजाका हजुरिया) रविगुप्तले (हाम्रा हजुरमा) विन्ति चढाएका हुनाले सर्वदण्डनायक महाप्रतिहार रविगुप्त र महाराज महासामन्त श्रीक्रमलीलसंग सल्लाह गरेर निगाह गरिदिइएको छ ।.. संवत् ४५४ ]

क्रमलीलको अधिकार अझ बढेको देखिन्छ[▣]। तर यसताका शासनको बागडोर वास्तवमा गुप्त-हरूको हातमा नै रहन गएको थियो। यसरी वसन्तदेवको पालादेखि एक किसिमको द्वैतशासन शुरू भयो। बलम्बुको यस अभिलेखमा पनि द्वैतशासनको त्यही परम्पराअनुसार गणदेव राज-गद्दीमा बसेका छन् तापनि भौमगुप्त राज्यका प्रमुख संचालकको रुपमा देखा परेका छन्।

यी भौमगुप्त आभीर हुन्। यिनीहरू गोमी कहलाएका थिए। भौमगुप्त, जिष्णुगुप्त, विष्णु-गुप्तहरूको यसताकाको इतिहासमा निकै ठाउँ रहेको छ। यिनीहरू शक्तिशाली भई एक किसिमका शासक भन्न पुगेका थिए। यस कारण पछि यिनीहरूले आफूलाई गोमी भन्न छोडिसकेका थिए तापनि अभिलेखहरूमा यिनका पूर्वजहरूलाई चाहिं गोमी भनिएको उल्लेख पाइन्छ।

थानकोटको जिष्णुगुप्तको अभिलेखमा*–

''अस्मज्ये(ज्ज्ये)ष्ठप्रपितामहमानगुप्तगोमिकारितपुस्कि(ष्क)रिणीमुद्दिश्य''

[ हाम्रा जेठा बराज्यू मानगुप्त गोमीले बनाउनुभएको पोखरीको निमित्त ]

—यस्तो लेखिएको छ।

यहाँ जिष्णुगुप्तले आफ्ना जेठा बराज्यूलाई गोमी बताएका हुनाले उनी पनि 'गोमी' रहेछ भन्ने कुरा बुझिन्छ।

भौमगुप्त जिष्णुगुप्तका पितामह हुन्। यो कुरा जिष्णुगुप्तको केवलपुरको अभिलेख† को एक वाक्यांशबाट थाहा हुन्छ। सो यस प्रकारको छ–

'भट्टारकमहाराजश्रीवसुराजश्रीमहीदेवश्रीमानदेवश्रीगणदेवास्मत्पितामहश्रीभूमगुप्त इत्येतैः पूर्वराजभिः'

[ गद्दीनशीन महाराज श्रीवसुराज, महीदेव, मानदेव, गणदेव तथा हाम्रा बाजे श्रीभूमगुप्त + आदि पहिलेका राजाहरूले ]

यताबाट भौमगुप्त पनि गोमी नै रहेछन् भन्ने कुरा थाहा हुन्छ।

भौमगुप्तकी आमा आभीरी थिइन्। उनले राखेको एक अभिलेखमा उनले आफूलाई आभीरी भनी परिचय दिएकी छिन्। जस्तै—

---

▣ "संवत् ४६७...भट्टारकमहाराजश्रीरामदेवस्य साग्रं वर्षशतं समाज्ञापयति महाराज-महासामन्तश्रीक्रमलीलः कुशली"

(मृगस्थली जाने बाटोको शिवलिङ्गको अभिलेखबाट)

[ संवत ४६७...भट्टारक (गद्दीनशीन) महाराज श्रीरामदेवले धेरै कालसम्म राज्य गरिरहनु-भएको वेलामा गाथमा आराम रहेका महाराज महासामन्त श्रीक्रमलील ]

* 'पूर्णिमा' ८ पूर्णाङ्कको १–२ पृष्ठ हेर्नु होस्।

† यो अभिलेख योगी नरहरिनाथद्वारा 'इतिहास–प्रकाश' १ अङ्क ५८ पृ. मा प्रकाशित भएको छ। पछि नोलीद्वारा पनि ५४ संख्याको रूपमा यो छापिएको छ।

+ तात्कालिक अभिलेखहरूमा यिनको नाउँ भौमगुप्त लेखिएको पाइन्छ। पछिका मानिस-हरूले उनलाई भूमगुप्त भनी भन्न लागेको देखिन्छ। लिच्छवि राजा नरेन्द्रदेवको यंगालहिटीको अभिलेख (नोली ६८ संख्या) मा पनि 'भूमगुप्त' नै लेखिएको छ–'केनापि च हेतुना श्रीभूमगुप्ते-नाक्षिप्तं' [कुनै कारणले श्रीभूमगुप्तले हरेको ]

आभीरी ख्यातगुणा भार्य्या परमाभिमानिनः सूनोः
पुण्यविवृद्धयै भर्त्तुर्देवत्वमितः प्रयातस्य
पुण्येहनि धननिचयैर्द्विजजनमभिपूज्य दानमानाभ्याम्
पुत्रेणानुज्ञाता चकार संस्थापनं शम्भोः
दत्त्वा चाक्षयनीवीं वप्रपरिच्छदविभूषादीन्
अनुपरमेश्वरसंज्ञाञ्च (ज्ञस्य) शम्भोर्भुवनमहितस्यास्य
...आयुष्मताञ्चापत्यानाम्भौमगुप्तादीनाम्भोगारोग्यायु-
रानन्त्यावाप्तये...क्षेत्रखण्डद्वयं दत्तम्... ।

( पशुपतिमा चौसठ्ठीलिङ्गमुनि रहेको शिवलिङ्गको पादपीटको अभिलेखबाट । रामजी तेवारी, देवीप्रसाद भण्डारी, शङ्करमान राजवंशीद्वारा संस्कृत–सन्देश २ वर्ष १–३ अङ्कमा सानुवाद यो प्रकाशित भएको छ । पछि नोलीद्वारा १६ संख्याको रूपमा पनि यो छापिएको छ । )

[ परमाभिमानीका छोर को पत्नी प्रख्यात गुण भएकी आभीरीले यहाँबाट देवता हुन पुगेका (स्वर्ग भएका) पतिको पुण्य बढोस् भन्नाको निमित्त छोराको अनुमति लिई असल दिनमा धनका थुप्राले, दानले, मानले ब्राह्मणलाई पूजा गरेर महादेवका निमित्त कहिल्यै नाश नहुने मूलधन तथा खेत सापान, गहनाहरू चढाएर संसारले पुजिएका अनुपरमेश्वर नाम भएका यी महादेवको स्थापना गर्नुभयो । ... चिरञ्जीवी भौमगुप्त आदि सन्तानहरूको सुखभोग आरोग्य आयु धेरै होओस् भन्ना-निमित्त...खेत दुइ खण्ड गुठी राख्नुभयो । ]

यसरी भौमगुप्तकी आमाले आफूलाई आभीरी भनी परिचय दिएकी हुनाले यी भौमगुप्त, जिष्णुगुप्त, विष्णुगुप्तहरू‡ आभीर हुन् भन्ने देखिन्छ । यसमा अझ खोजी हुनु पर्दछ ।

माथि दिइएका उद्धरणहरूबाट यी आभीरहरूको वंशक्रम यस प्रकारको देखिन आउँछ–

परमाभिमानी
|
मानगुप्त — अनुपरम❁ + आभीरी
|
भौमगुप्त
|
(?)
|
जिष्णुगुप्त
|
विष्णुगुप्त

---

‡विष्णुगुप्त जिष्णुगुप्तका छोरा हुन् । लिच्छविकालका अभिलेखहरूमा आफ्ना उत्तराधिकारी छोरा आदिलाई दूतक (मार्फत) राख्ने चलन थियो । जिष्णुगुप्तका अभिलेखहरूमा दूतक युवराज विष्णुगुप्त छन् । (उदाहरणको लागि पूर्णिमा ८ पूर्णाङ्कमा प्रकाशित जिष्णुगुप्तको थानकोटको अभिलेख हेर्नुहोस् ।) जिष्णुगुप्तपछि लगत्तै विष्णुगुप्तको हातमा शासनाधिकार आएको कुराबाट पनि विष्णुगुप्त जिष्णुगुप्तका छोरा हुन् भन्ने कुरा थाहा हुन्छ ।

❁ आभीरीको अभिलेखमा उनले आफ्ना पतिको नाम उच्चारण गरेकी छैनन् । परन्तु उनले

यस अभिलेखमा ब्राह्मण आदि गाउंले गृहस्थीहरूलाई संबोधन गरिएको छ । यस कारण लिच्छविकालमा यतातिर ब्राह्मणहरूको बसोबास भएको बुझिन्छ । तर अहिले बलम्बुतिर कुनै थरका ब्राह्मण पनि देखिंदैनन । लिच्छविकालका ब्राह्मणहरू कता गए, यो खोजको विषय भएको छ ।

लिच्छविकालको शासनव्यवस्था सुव्यवस्थित थियो । विभिन्न सरकारी काम चलाउनाका लागि विभिन्न अधिकरण (अड्डा) खडा थिए। तिनमा कुथेर, शौल्य (शुल्य), लिङ्ग्वल, माप्चोक यी चार अधिकरण मुख्य थिए* ।

यस अभिलेखमा गणदेव र भौमगुप्तले आफूभन्दा पहिलेका राजाहरूले बलम्बुतिरका प्रजालाई कुथेर तथा शौल्य यी दुइ अधिकरणले गर्ने अधिकार दिइराखेकोमा बाँकी अरू लिङ्ग्वल तथा माप्चोक यी दुइ अधिकरणसमेत चारै अधिकरणको काम तथा पञ्चापराध (पञ्चखत)-संबन्धी कामको अधिकार यतातिरका जनताको हातमा सुम्पिदिएको कुरा परेको छ ।

लिच्छविकालमा चोरी परदारगमन हत्या आदि पाँच ठूलठूला अपराधलाई पञ्चापराध भन्ने चलन थियो । नरेन्द्रदेवको अभिलेखबाट यस विषयमा हामी केही कुरा थाहा पाउन सक्छौं—

'चौरपरदारहत्यासम्बन्धादिपञ्चापराधकारिणां'

(लेखी २० सं. नोली ७४ सं. पाटन यागबहालको अभिलेखबाट)

[चोरी गर्नु, अर्काकी स्वास्नी हर्नु, ज्यान मार्नु तथा त्यस्त अपराध गर्नेहरूसँग सम्बन्ध राख्नु आदि पाँच अपराध गर्नेहरूको]

यस अभिलेखमा पञ्चापराधको विषयमा पर्न आउने मुद्दामामिला छिन्ने काम जनता आफैं मिलेर गरून् भनी त्यसको अधिकार तत् तत् स्थानका जनतालाई नै दिइएको छ । यसैले एउटै बेहोराका अनेक अभिलेख ठाउँठाउँमा राखिएका हुन् । जनतालाई न्याय पाउन यताउति धाउन नपर्ने र त्यस विषयको कुरा त्यहींकै अधिकारीहरूले विशेष गरेर बुझ्ने हुनाले यसबाट जनतालाई धेरै सुविधा होस् भनी यो व्यवस्था बाँधिएको देखिन्छ । यस कारण त्यस बेलाको राजनीतिको परिस्थिति र शासनपद्धतिको बारेमा विचार गर्न यो अभिलेख सहायक भएको छ ।

—o—

पतिको पुण्य बढोस् भन्ने भावले लिङ्गस्थापना गरेर सो लिङ्गको नाम अनुपरमेश्वर भनी राखेकी छिन् । जसको पुण्य बढोस् भन्ने अभिप्रायले लिङ्गस्थापना गरिएको छ, उसैको नामअनुसार सो लिङ्गको नामकरण गर्ने चलन छ । यस कारण आभीरीको लोग्नेको नाम अनुपरम हो भन्ने देखिन्छ ।

* यी अधिकरणहरूको अधिकार के कस्तो थियो भन्ने कुरा राम्रो बुझ्न सकिएको छैन । यस विषयमा अन्वेषण र अध्ययन गर्न बाँकी नै छ ।

# लिच्छविकालका शासनसम्बन्धी पारिभाषिक शब्दको व्याख्या

*गुल्म, तल, द्रङ्ग*

–धनवज्र वज्राचार्य

करीब एक शताब्दीको अनेक व्यक्तिको प्रयत्नको फलस्वरूप लिच्छविकालका डेढ शय जति अभिलेख फेला परेका छन् । तिनमा तात्कालिक शासन-व्यवस्थासम्बन्धी कुरालाई बताउने अभिलेखहरू पनि निकै छन् । प्रकाशमा आएका यी अभिलेखहरूको राम्ररी अर्थ गर्न सकेको खण्डमा पनि लिच्छविकालको इतिहास केही अंशमा तयार हुन्छ ।

व्यवस्था बाँधेर राखिएका अभिलेखहरूमा तात्कालिक पारिभाषिक शब्दहरू पर्नु स्वाभाविक छ । यसैले लिच्छविकालका व्यवस्थाप्रधान अभिलेखहरूमा पनि केही पारिभाषिक शब्दहरू हामी पाउँछौं । यी पारिभाषिक शब्दहरूको यथार्थ अर्थ गर्ने काम एउटा प्रश्नको रूपमा इतिहासकारको अगाडि रहेको छ ।

लिच्छविकालका सबै अभिलेखहरू संस्कृतभाषामा लेखिएका पाइएका हुनाले संस्कृतभाषामा राम्रो दखल भएका कलम चलेका जुनसुकैले पनि ती अभिलेखको शब्दानुवाद गर्न सक्छन् । परन्तु तात्कालिक पारिभाषिक शब्दको ठीक ठीक अर्थ गर्न सक्नुचाहिं गाह्रो कुरा छ । यसका लागि हाम्रा यहाँ पाइएका अभिलेखहरू र भारतका सामानकालिक अभिलेखहरूको राम्रो अध्ययन, त्यस बेला लोकमा ख्याति पाएका अर्थशास्त्र स्मृतिशास्त्रहरूको अध्ययन तथा राजकाजका विषय परेका विभिन्न ग्रन्थको अवलोकन हुनु आवश्यक छ ।

यति भन्नाको तात्पर्य लिच्छविकालका अभिलेखहरूको अर्थ गर्न सक्नु भन्नु यिनै पारिभाषिक शब्दको यथार्थ ज्ञान गर्न सक्नु हो, केवल अभिलेखका पद पद, वाक्य वाक्यको अर्थ गर्नु नै वास्तव अर्थ गरेको ठहरिंदैन भन्ने हो । लिच्छविकालका केही अभिलेखको शब्दार्थ त केही विद्वान्हरूले छपाइसकेका पनि छन् । परन्तु तात्कालिक पारिभाषिक शब्दको व्याख्या गर्नेतिर भने विद्वान्हरूले कलम चलाएको प्रायः देखिएको छैन । यी पारिभाषिक शब्दको अर्थ निश्चित गर्न नसकेसम्म त्यस बेलाको तयार हुन सक्ने इतिहास पनि अधूरो रहने हुँदा यस विषयमा आफूले सके जति प्रकाश पार्ने विचार गरेको छु । अहिलेलाई यहाँ 'गुल्म' 'तल' 'द्रङ्ग' शब्दको विषयमा विचार गरिन्छ ।

लिच्छविकालका अभिलेखमा यी शब्दको उल्लेख धेरै ठाउँमा आएको छ । तल र द्रङ्गको उल्लेख त अझ बढी पाइन्छ । तात्कालिक शासनव्यवस्थासित यी शब्दको सम्बन्ध रहेको थियो भन्ने कुरा अभिलेखहरूको अध्ययनबाट थाहा पाइन्छ ।

थानकोटको अभिलेखमा राजा वसन्तदेवले आफ्नो बहिनी जयसुन्दरीलाई दिएको जग्गाको चारकिल्ला खोल्दा "*शीताटीगुल्मकस्य पश्चाद या नदी ततः..यावत्पर्वतचूडिका*=शीताटी गुल्मदेखि पश्चिमपट्टि जुन खोला छ, त्यसदेखि...पहाडको चुलीसम्म" भन्ने उल्लेख परेको छ। बलम्बुको गणदेवको अभिलेखमा[१] '*शीताटीकातल*' भन्ने उल्लेख आएको छ। बलम्बुमै रहेको द्वितीय शिवदेवको अभिलेखमा[१] चाहिं '*शीताटी द्रङ्ग*' भनी लेखिएको छ।

यसरी एउटै 'शीताटी' लाई गुल्म, तल, द्रङ्ग भनी लेखिएको उल्लेख पाइएको हुनाले इवाट्ट हेर्दा यी शब्द पर्यायवाची पो हुन् कि भन्ने देखिन आउँछ। तर अरू अभिलेखहरूको समेत गहिरिएर विचार गर्दा यी शब्द पर्यायवाची होइनन् भन्ने कुरा हाम्रो मनमा चढ्दछ। वसन्तदेव र द्वितीय शिवदेवको समयमा डेढ शताब्दीको फरक परेको हुनाले यसबीच शासनव्यवस्थामा पनि केही फरक पर्नु स्वाभाविक छ। यसै हुँदा वसन्तदेवको पालामा *गुल्म*को रूपमा रहेको शीताटी गणदेवको पालामा *तल*को रूपमा पुगेको र द्वितीय शिवदेवको पालासम्ममा सो द्रङ्गको रूपमा रहन पुगेको रहेछ भन्ने यताबाट थाहा पाइन्छ। यस कारण तात्कालिक शासनव्यवस्था बुझ्न यी गुल्म, तल, द्रङ्ग शब्दको ठीक ठीक अर्थ बुझ्नु आवश्यक भएको छ।

## 'गुल्म'

संस्कृत काव्य नाटकहरूमा गुल्म शब्दको धेरै उल्लेख पाइन्छ। त्यताबाट यस शब्दको अर्थ राम्ररी खुल्दछ। विचारार्थ अलिकता उद्धरण यहाँ दिइन्छ—

"*अरे रे दौवारिकाः, अप्रमत्ताः स्वेषु स्वेषु गुल्मस्थानेषु भवत। एषोऽद्य गोपालदारको गुप्तिं भङ्क्त्वा गुप्तिपालकं व्यापाद्य बन्धनं भित्त्वा परिभ्रष्टोऽपक्रामति। तद् गृह्णीत, गृह्णीत।*"

(मृच्छकटिकको छैटौं अङ्कबाट)

[चौकीदारहरूहो ! आफ्नो आफ्नो गुल्म (चौकी)मा होशियार भएर रहनू। यो गोठालोको छोरो अहिले झ्यालखाना फोरेर पालेलाई मारेर नेल तोडी भाग्दैछ। त्यस कारण समात, समात।]

"*क्षपणकः— श्रावक न साम्प्रतमेतस्मिन्मलयकेतुकटकेऽनुकूलेन गम्यते।*

*सिद्धार्थकः— भदन्त, कथय कुत एतत् ?*

*क्षपणकः— श्रावक निशामय। प्रथमं तावदत्र कटके लोकस्यानिवारिता निर्गमप्रवेशा आसन्। इदानीमितः प्रत्यासन्ने कुसुमपुरे न कोऽप्यमुद्रालाञ्छितो निर्गन्तुं प्रवेष्टुं वानुमोद्यते। तस्माद् यदि मुद्रया लाञ्छितोसि ततो गच्छ विश्रब्धः। अन्यथा तिष्ठ निभृतः। मा गुल्माधिकारिभिः संयमितकरचरणो राजकुलं प्रवेश्यसे।*

× + +

*(प्रविश्य)*

*पुरुषः— जयतु कुमारः। आर्य, गुल्माधिकृतो दीर्घचक्षुर्विज्ञापयति। एष खल्वस्माभिः कटकान्निष्क्रामन्नगृहीतमुद्रः स लेखः पुरुषो गृहीतः। तत्प्रत्यक्षीकरोत्वेनमार्य इति।*"

(मुद्राराक्षसको पाचौं अङ्कबाट)

---

१ यी अभिलेखको उद्धरण तल दिइएको छ।

[ क्षपणक—भक्तिबा, हिजो आज मलयकेतुको यो छाउनीबाट जहाँ पायो त्यहाँ आफूखुशी जान पाइँदैन ।

सिद्धार्थक—सिद्धबा, भन्नुहोस् न, किन यस्तो भयो ।

क्षपणक—भक्तिबा, सुन । पहिले त यस छाउनीमा सबै मानिस बिना रोकटोक जानु आउनु गर्दथे । हिजोआज यताबाट कुसुमपुर नजीकै भएपछि राहदानी नलिईकन कसैलाई पनि जान आउन दिइँदैन । त्यस कारण राहदानी लिएको छ भने निर्धक्कसंग जाऊ । होइन भने चूप लागेर बस । नत्र चौकीका अधिकारीहरूले पक्रेर हातखुट्टा बाँधेर अड्डामा पुऱ्याइनेछौ ।

\+ \+ \+

( पसेर )

एउटा मानिस—राजकुमारको जय होस् । हजुर, चौकीका अधिकारी दीर्घचक्षु बिन्ति गर्दछन् । राहदानी नलिईकन छाउनीबाट निस्कन लागेको चिठीपत्रसमेतको यस मानिसलाई हामीले पक्रेका छौं । त्यस कारण हजुरबाट यसलाई नजर होस् । ]

यी उदाहरणबाट *गुल्म* शब्दको अर्थ सुरक्षा चौकी हो भन्ने निश्चित हुन्छ ।

शीताटिका गुल्म अन्तर्गत परेको एउटा क्षेत्र अहिलेसम्म पनि चौकि-टार भनी कहलाएको छ । पहिले चौकी रहेको टाररूपको जग्गा हुँदा सो ठाउँ चौकि–टार भनी कहलाएको हो । यस कुराले पनि *'गुल्म'* भनेको 'सुरक्षा चौकी' हो भन्ने उपर्युक्त अर्थको पुष्टि गरेको छ ।

## 'तल'

*तल* यो शब्द संस्कृतभाषाकै हो । यसको अर्थ पाटो परेको कुरो भन्ने हुन्छ । संस्कृत वाङ्मयमा यसको प्रयोग प्रायः अरू शब्दसंग जोडिएर भएको पाइन्छ । जस्तै– पृथ्वीतल, समतल शिलातल, हस्ततल इत्यादि । यही अर्थको आधारमा आबाद गरी पाटो पारिएको जग्गा भन्ने अर्थमा पनि यसको प्रयोग भएको छ । लिच्छविकालका अभिलेखहरूमा अझ विशेष अर्थमा यसको प्रयोग भएको छ । त्यस बेला शासनको दृष्टिले अनुकूलता हेरी विभाजन गरिएको निश्चित आबाद जग्गालाई *तल* शब्दले बुझाउँथ्यो । एउटा *तल*को अन्तर्गत अनेक गाउँ पनि पर्दथे । यो कुरा बुझ्न *तल* शब्दको उल्लेख परेका अभिलेखको केही उद्धरण यहाँ गर्नुपरेको छ—

*"...भट्टारकमहाराजश्रीगणदेवः कुशली शीताटिकातले टेग्वलग्रामे यथाप्रधानब्राह्मण-पुरस्सरान् सर्व्वानेव कुटुम्बिनः कुशलं पृष्ट्वा मानयति"*

( बलम्बुनजीकै चौकिटारको अभिलेखबाट । रेग्मिद्वारा नोलीद्वारा यो छापिएको छ )

[ माथमा आराम रहेका भट्टारक (गद्दीनशीन) महाराज श्रीगणदेवबाट शीताटिका तल टेग्वल गाउँमा बस्ने ब्राह्मणलगायत सबै गृहस्थीहरूलाई यथोचित कुशल मङ्गल सोधेर आज्ञा गर्नु-भएको छ । ]

*"...भट्टारकमहाराजश्रीगणदेवः कुशली शीताटिकातले ग्रामे यथाप्रधानब्राह्मणपुरस्स-रान् सर्व्वानेव कुटुम्बिनः कुशलं पृष्ट्वा मानयति"*

(बलम्बुका दुवै अभिलेखबाट)

"...भट्टारकमहाराजश्रीगणदेवः कुशली शीताटिकातले किचप्रिचिंग्रामे यथाप्रधानब्राह्मण-पुरस्सरान् सर्व्वानेव कुटुम्बिनः कुशलं पृष्ट्वा मानयति"

(किसिपिडीको अभिलेखबाट)

यहाँ शीताटिका तलभित्र बलम्बु चौकिटार किसिपिडीको उल्लेख आएको छ। यसबाट बलम्बुभेकको निकै ठूलो इलाका शीताटिका तलभित्र पर्दथ्यो भन्ने स्पष्ट छ।

यसै गरी अन्त पनि आबाद जग्गाहरू तलका अन्तर्गत पारी विभाजन गरिएका थिए। यो कुरा खोपासी भक्तपुर, ललितपुर, कान्तिपुर आदि स्थानमा पाइएका विभिन्न अभिलेखहरूमा[1] तलको उल्लेख पाइएको हुनाले थाहा पाइन्छ।

प्रत्येक तलको रेखदेख गर्ने तलस्वामी हुन्थे। त्यस इलाकाको शासनसम्बन्धी केही अधिकार पनि तलस्वामी ले पाएका हुन्थे। खोपासीको शिवदेव र अंशुवर्माको अभिलेखमा खोपासी इलाकामा सारा सरकारी अड्डाको अधिकार झिकिदिएर त्यहाँका परिआएका कामकुरा जम्मै तलस्वामीले नै मिलाउनू भन्ने उल्लेख परेको छ। जस्तै—

"भट्टारकमहाराजश्रीशिवदेवः कुशली कुर्प्पासीग्रामनिवासिनः प्रधानपुरस्सरान्कुटुम्बिनः कुशलमभिधाय समाज्ञापयति...श्रीमहासामन्तांशुवर्म्मणा मां विज्ञाप्य मदनुज्ञातेन सता युष्माकं सर्व्वाधिकरणाप्रवेशेन प्रसादः कृतः समपस्थितविचारणीयकार्य्येषु स्वतलस्वामिनैव यूय विचारणीयाः"

(यो अभिलेख सिलभेन लेभीद्वारा र नोलीद्वारा प्रकाशित भएको छ।)

[ गाथमा आराम रहेका भट्टारक महाराज श्रीशिवदेवबाट कुर्प्पासी गाउँमा बस्ने ठालु-मुखिया-लगायत गृहस्थीहरूलाई कुशल मंगल सोधेर आज्ञा गर्नुभएको छ। श्रीमहासामन्त अंशुवर्मालि हामीमा विन्ति पारी हाम्रो अनुमति लिई (तिमीहरूको गाउँमा) सारा अड्डाहरूले पस्न नपाउने गरी तिमीहरूलाई निगाह गरिएको छ। आइपरेका विचार पुर्‍याउनुपर्ने कामहरूको बारेमा आफ्ना तलस्वामीद्वारा नै तिमीहरूको हेरविचार हुनेछ। ]

माथिका यति कुराबाट लिच्छविकालको भूमिव्यवस्थासंग 'तल'को निकै सम्बन्ध रहेको थियो तथा तलस्वामीलाई स्वशासनको अधिकार दिइएको हुनाले लिच्छविकालको शासन व्यवस्थासंग पनि 'तल'को सम्बन्ध रहेको थियो भन्ने स्पष्ट भएको छ।

पछिसम्म पनि यो शब्द चलेर आइररेको थियो। काठमाडौं मरुसत्तलमा रहेको वि. सं. १५४२ को ताम्रपत्रमा 'तलपति' शब्दको प्रयोग भएको छ। गोसाइँकुण्ड गई फर्किआएका जोगीहरूलाई चक्रभोज खुवाउन गूठी राखिएको जग्गाको बाली उठाई तलपतिले सो गूठी चलाउनू भनी त्यस ताम्रपत्रमा लेखिएको छ—

"सम्वत् ६०५ अश्विनिशुक्लचतुर्थ्यायान्तियौ। अङ्गारवासरे। भाषा सिवलितिन मिला-वरङाव जोगी भलादत्वंसकल लिथ्यनङाव, चक्र भियथातं किटनद्वं बू रोव ४ तलपतिसमत। थ्व बूया वाससन द्वथ्यम् व्रथम्प्रत्त बसवम् चक्र बिम्य निस्त्रप निर्व्वाहरप यञ्जमाल।"

(संस्कृत सन्देश १।६ मा योगी नरहरिनाथद्वारा यो प्रकाशित भएको छ। मूलसंग भिडाई पाठ शुद्धयाई यो यहाँ दिइएको छ।)

---

१ यो अभिलेखको उद्धरण 'द्रङ्ग' को प्रसङ्गमा तल दिएको छ।

[ ने. सं. ६०५ (वि. सं. १५४२) आश्विन शुक्ल चतुर्थी मङ्गलवार...यसको बेहोरा– शिवलिति = शिह्ल = गोलाईंकुण्डमा गई फर्केर आउनुभएका सबै जोगीहरूलाई यहाँ आइपुगेपछि चक्रभोज खुवाउनाको लागि किटनद्वंको ४ रोपनी खेत गूठी राखियो। तलपतिले यो खेतको बालीले ल्याउने जति प्रतिवर्ष चक्रभोज खुवाई गूठी चलाउनुपर्छ । ]

यहाँ उल्लिखित *'तलपति'* शब्द लिच्छविकालको *तलस्वामी*कै पर्यायवाची हो। तर लिच्छविकालमा र मल्लकालमा शासनव्यवस्थामा अन्तर परिसकेको हुनाले तलपति र तलस्वामीको काम र अधिकारमा पनि अन्तर परिसकेको देखिन्छ ।

यसै प्रसङ्गमा वर्तमान कालसम्म पनि नेवारी र नेपाली भाषामा ठेट शब्दको रूपमा चलिरहेको *'तलसिङ'* शब्दतिर औंल्याउनु आवश्यक सम्झन्छु । जग्गाधनीलाई बुझाउने 'तलसिङ' शब्दको सम्बन्ध 'तलस्वामी' संग छ भन्ने कुरा अब यस संदर्भमा बुझ्न गाह्रो छैन ।

यसरी लिच्छविकालदेखिको यो प्राचीन पारिभाषिक शब्द अर्थमा केही फरक परिसकेको छ तापनि अहिलेसम्म चलेर आइनै रहेको छ भन्ने कुरा यताबाट देखिन्छ ।

## 'द्रङ्ग'

लिच्छविकालको शासनव्यवस्थासंग निकै सम्बन्ध राख्ने 'द्रङ्ग' शब्द संस्कृतवाङ्मयमा उत्तिको चलतीको शब्द होइन । अमरकोश आदि चलतीका संस्कृतकोशमा यसको उल्लेखसम्म पनि पाइंदैन। शब्दार्थकल्पद्रुममा यसको अर्थ 'पुरी = शहर' भन्ने दिइएको छ । तर यसबाट द्रङ्ग शब्दको ठीक अर्थ बुझ्न त्यत्तिको मदत पाइँदैन ।

कल्हणविरचित राजतरङ्गिणीमा धेरै ठाउँमा द्रङ्गशब्दको उल्लेख भएको छ । त्यताबाट यसको अर्थ केही खुल्छ । विचारको लागि द्रङ्ग शब्द परेका त्यहाँका श्लोक यहाँ उदधृत गरिन्छन्—

" जित्वा माणिक्यनामानं तेन सेनापतिं रणे ।
प्रापि शूरपुरद्रङ्गाज्जयश्रीः श्रीश्च भूयसी ॥ ७।१३५२ ॥
जहार तुरगांल्लुण्ठि चकाराट्टिलिकापणे ।
मार्गद्रङ्गादिभङ्गं च (तदा) सर्वत्र सोऽकरोत् ॥८।१९९१॥
बद्ध्वाधिकारिणः शुल्कं गृह्णताकारि राजवत् ।
तेन स्वनाम्ना भाण्डेषु द्रङ्गे सिन्दूरमुद्रणम् " ॥८।२०१०॥

[ तिनले लडाईंमा माणिक्यनामक सेनापतिलाई जितेर शूरपुर द्रङ्गबाट धेरै धन र जितबाजी पनि पाए ।

त्यस वेला तिनले घोडाहरू हरे, अट्टिलिकाबजार लुटे, सबै ठाउँमा बाटो द्रङ्ग आदि बिगारे ।

तिनले द्रङ्गका अधिकारीहरूलाई बाँधी भन्सार लिई राजाले जस्तै मालसामानमा आफ्नै नाउँको लालछाप लगाए । ]

राजतरङ्गिणीका यी वाक्यबाट *'द्रङ्ग'* शब्दको अर्थ बुझ्न केही मदत पाइन्छ । विशेष गरेर पछिल्लो श्लोकमा विद्रोही (कोष्ठेश्वर) ले द्रङ्गका अधिकारीलाई बाँधी भन्सार लिई राजाले

जस्तै मालसामानमा आफ्नै नाउँको लालछाप मारेको उल्लेख भएको हुनाले द्रङ्ग भनेको 'भन्सार चौकी = गढी' हो भन्ने बुझिन्छ। अर्को श्लोकमा लडाइँमा सेनापतिलाई मारी शूरपुरद्रङ्ग कब्जा गर्दा धेरै धनका साथ जितबाजी पनि पाएको उल्लेख छ। यसबाट सैनिकदृष्टिले पनि द्रङ्गको महत्त्व हुन्थ्यो भन्ने बुझिन्छ।

यताबाट 'द्रङ्ग' भनेको विशेष रूपको भन्सारचौका हो भन्ने पत्ता लागेपछि लिच्छविकालका अभिलेखहरू केलाएर हेर्नुपरेको छ। त्यहाँ यसभन्दा अलि भिन्नै अर्थमा यसको प्रयोग भएको छ। विचारार्थ द्रङ्ग शब्दको उल्लेख भएका लिच्छविकालका अभिलेखहरूका केही अंश यहाँ उद्धृत गर्नुपरेको छ—

" *कुथेर्वृत्त्यधिकृतानां समुचितस्त्रिकरमात्रसाधना(यैव प्रवेशो)स्मिन् द्रङ्गे ...लिग्वलशुल्ली पञ्चापराधादिनिमित्तन्त्वप्र(वेश इति) प्रसादो वः कृतः*"

( शिवदेव र अंशुवर्माको पाटन भीमसेनस्थानको अभिलेखबाट। योगी नरहरिनाथद्वारा र नोलीद्वारा यो छापिएको छ।)

[ कुथेर् अड्डाका अधिकारीहरूले तीनवटा रकम उठाउनाका लागि मात्र यस द्रङ्गमा पस्नु योग्य छ। लिग्वल शुल्ली (अड्डा)को काम र पञ्चखतको तहकिकात गर्ने आदि कामको निमित्तचाहिं नपस्नू भनी तिमीहरूलाई निगाहा गरिएको छ। ]

"*...भट्टारकमहाराजश्रीशिवदेवः कुशली माखोप्रिम्सतलद्रङ्गनिवासिनः प्रधानपुरस्सरान्ग्रामकुटुम्बिनः कुशलपरिपृश्नपूर्व्वं समाज्ञापयति ...श्रीमहासामन्तांशुवर्मणा विज्ञापितेन मयैतद्गौरवाद् युष्मदनुकम्पया च कुथेर्वृत्त्यधिकृतानामत्र समुचितस्त्रिकरमात्त्रसाधनायैव प्रवेशो लेख्यदानपञ्चापराधाद्यर्थन्त्वप्रवेश इति प्रसादो वः कृतः...*"

(भक्तपुर गोलमाढी टोलको अभिलेखबाट। वेन्डालद्वारा र नोलीद्वारा यो छापिएको छ।)

[ गाथमा आराम रहेका भट्टारक महाराज श्रीशिवदेवबाट तलसहितको माखोप्रिम् द्रङ्गमा बस्ने ठालु–मुखिया लगायत गृहस्थीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ।...श्रीमहासामन्त अंशुवर्माले हामीमा विन्ति चढाउँदा यिनको कुरा राख्न र तिमीहरूका उपरको दयाले पनि यहाँ तिमीहरूको गाउँमा कुथेर् अड्डाका अधिकारीहरूले तीनवटा रकम उठाउनाका लागि मात्र पस्नु योग्य छ, पुर्जी काट्ने र पञ्चखतको तहकीकात गर्ने आदि कामको निमित्तचाहिं नपस्नू भनी तिमीहरूलाई निगाह गरिएको छ। ]

"*...भट्टारकमहाराजशिवदेवः कुशली लेम्बटीद्रङ्गनिवासिनः प्रधानपुरस्सरान् कुटुम्बिनः कुशलप्रश्नपूर्वं समाज्ञापयति*"

(लेलेको अभिलेखबाट । संशोधनमण्डलद्वारा यो छापिएको छ। )

[ गाथमा आराम रहेका भट्टारक महाराज शिवदेवबाट लेम्बटी द्रङ्गमा बस्ने ठालु–मुखिया लगायत गृहस्थीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ। ]

" *भट्टारकमहाराजश्रीभीमार्जुनदेवस्तत्सहितः ..श्रीविष्णुगुप्तः कुशली भविष्यतो नेपालभूभुजो यथार्हम्प्रतिमान्यानुदर्शयति विदितमस्तु भवतां अस्माभिर्दक्षिणकोलीग्रामस्य*

पूर्वमेव द्रङ्गचतुर्भागत्वेन प्रविभक्तस्यैतत्सीमनिवासिनां पदककेयूरनूपुरान् वर्जयित्वान्यैः प्रसादाभरणपरिभोगैः प्रसादः कृतः"

(काठमाडौं यङ्गालहिटीको अभिलेखबाट । नोलीद्वारा यो छापिएको छ।)

[ गाथमा आराम रहेका भट्टारक महाराज श्रीभीमार्जुनदेव सहित भएर श्रीविष्णुगुप्तले पछि हुने नेपालका राजाहरूलाई यथोचित सम्मान गरेर बाटो देखाउनुभएको छ–तपाईंहरूलाई थाहा होस् हामीबाट पहिले नै द्रङ्गको चार भागको एक भागको रूपमा इलाका छुट्याइएको दक्षिणकोलीग्रामको यस सीमाभित्र बस्नेहरूलाई कल्ली, बाजू, पाउजेबलाई छोडेर अरू गहना लाउन हुने गरी निगाह गरियो । ]

"...भट्टारकमहाराजाधिराजश्रीनरेन्द्रदेवः कुशली भविष्यतो नेपालराज्ञः सम्यक्प्रतिमान्यानुदर्शयति विदितमस्तु भवतां यथा दक्षिणकोलीग्रामद्रङ्गस्य सर्वतलग्रामैः सहितस्य पूर्वराजभिर्मानेश्वरे भुवनेश्वरदेवकुल यथाकल्पिताग्रहारादिप्रत्यायं पालनोपभोगाय प्रतिपादितं केनापि च हेतुना श्रीभूमगुप्तेनाक्षिप्तं राजकुल[1]भोग्यमभूत् तदिदमधुना पूर्वमर्यादास्थितिप्रवर्तनादृतमनोभिरस्माभिः . प्रजानां श्रेयसेस्यैव...प्रतिमुक्तम्"

( यङ्गालहिटीको अभिलेखबाट । नोलीद्वारा यो छापिएको छ। )

[गाथमा आराम रहेका भट्टारक महाराजाधिराज श्रीनरेन्द्रदेवले पछि हुने नेपालका राजाहरूलाई राम्ररी सम्मान गरेर बाटो देखाउनुभएको छ । बिर्ता आदिको आयस्ता निश्चित गरिएको मानेश्वरको भुवनेश्वर देवमन्दिर सबै तल र गाउँसहित भएको दक्षिणकोलीग्राम द्रङ्गलाई हेरचाह गर्न र चलनचलती गर्न पाउने गरी सुम्पेको रहेको छ । कुनै कारणवश श्रीभूमगुप्तबाट हरिंदा सरकारले आफैं चलाउने गरिराखेकोमा पहिलेका रीतिस्थिति साबिकबमोजिम चलून् भन्ने चाहेर अहिले हामीबाट प्रजाको कल्याणको लागि उही दक्षिणकोलीग्राम द्रङ्गलाई नै फेरि दिइएको छ । ]

"...भट्टारकमहाराजाधिराजश्रीनरेन्द्रदेवः कुशली इहत्यान्भूमिभुजो वर्तमानान् भविष्यतश्च प्रतिमान्यानुदर्शयति विदितमस्तु भवतां कस्मिंश्चिद्वस्तुन्युपकृतमवेत्य तत्प्रत्युपकारोत्कण्ठितमतिभिरस्माभिर्यूपग्रामद्रङ्गस्य सर्वतलसहितस्य भट्टमाप्चोकाधिकारयोः प्रापणादवश्यं जनस्य महती पीडेत्यनयोरेवाधिकारयोरप्रवेशेन प्रसादः कृतः"

(पाटन दरबार भन्सारचोकको अभिलेखबाट । ऐ. शि. बाबुराम आचार्य+श्रीगुरु पं. नयराज पन्तद्वारा तथा नोलीद्वारा यो छापिएको छ ।)

[ गाथमा आराम रहेका भट्टारक महाराजाधिराज श्रीनरेन्द्रदेवले अहिलेका र पछि हुने यहाँका राजाहरूलाई सम्मान गरेर बाटो देखाउनुहुन्छ । तपाईंहरूलाई थाहा होस्। कुनै कुरामा उपकार गरेको थाहा पाई त्यसको बदलामा उपकार गर्न चाहेर हामीबाट सारा तलहरूसहितको यूपग्राम द्रङ्गमा भट्ट र माप्चोक अड्डाको अधिकार राख्नाले जनतालाई अवश्य ठूलो मर्का परिरहेको छ भनीकन यी दुइ अड्डाको अधिकार झिकिदिएर निगाह गरिएको छ । ]

---

१ नोलीले 'राजतल' पाठ पढ्नुभएको छ। तर मूलमा 'राजकुल' पाठ देखिन्छ ।

"...भट्टारकमहाराजाधिराजश्रीनरेन्द्रदेवः कुशली नेपालसीमान्तःपातिनः सर्वाधिकाराधिकृतान्वर्तमानान् भविष्यतश्च समाज्ञापयति विदितमस्तु भवतां हंसगृहद्रङ्गस्य...ग्रामसहितस्य चाटभटाप्रवेशः शरीरकोट्टोभयानेकमर्यादोपपन्नः कश्चित्प्रसादशासनपट्टकोभूत्स च पूर्वराजविभ्रमतो नष्टोधुनास्माभिश्चिरन्तनव्यवस्थानुपालनजातादरैःस एव प्रसादश्चिरस्थितये शिलापट्टकाभिलेख्येन प्रसादीकृतोत्र च मर्यादा...द्रङ्गसीमाभ्यन्तरस्थानाम्ब्राह्मणप्रमुखानामाचाण्डालेभ्यो घृताशनसमितादिभोजनम् ...तण्डुलमानिका ५४"

(अनन्तलिङ्गेश्वरको अभिलेखबाट। संशोधनमण्डलद्वारा यो छापिएको छ।)

(गाथमा आराम रहेका भट्टारक महाराजाधिराज श्रीनरेन्द्रदेवबाट नेपालको सीमाभित्र पर्ने अहिले बहाल रहेका र पछि बहाल हुनेसमेत सारा अधिकारीहरूलाई आज्ञा भएको छ। तिमीहरूलाई थाहा होस्। गाउँसहितको हंसगृह द्रङ्गमा चाट भट (पुलीस र सिपाही?) ले पस्न नपाउने, शरीर र कोट्ट (किल्ला) दुवै सम्बन्धी अनेक स्थितिबन्देजले युक्त भएको सदनपत्र गरिदिइएको थियो। पहिलेका राजाहरूको बेहोशीले सो सनदपत्र हरायो। पुराना स्थिति कायम राख्ने चाहने हामीबाट अहिले त्यही सनद धेरै कालसम्म रहोस् भन्नाका लागि शिलापत्रमा कुँदाएर निगाह गरिदिइएको छ। यसको बेहोरा-यस द्रङ्गको सीमाभित्र रहेका ब्राह्मण लगायत चाण्डालसम्मलाई घृताशन समितादि (?) खुवाउनाका लागि...चामल ५४ मानिका...)

"...महाराजाधिराजश्रीशिवदेवः कुशली...समाज्ञापयति...अयङ्ग्रामः कोट्टमर्यादोपपन्नश्चाटभटानामप्रावेश्येन भलन्दुविष्ट्या च विनिर्मुक्तः सतलशीताटीद्रङ्गनिवासिनां पालनोपभोगार्थम्प्रसादीकृतः..."

(बलम्बु महालक्ष्मीपीठको अभिलेखबाट। नोलीद्वारा यो छापिएको छ।)

[गाथमा आराम रहेका महाराजाधिराज श्रीशिवदेवबाट...आज्ञा भएको छ- कोट्टको स्थितिबन्देजले युक्त भएको, चाटभटले पस्न नपाउने, भलन्दु विष्टि (बेठबिगार) नलाग्ने यो गाउँ तलसहितको शीताटी द्रङ्गका बासिन्दाहरूलाई हेरचाह र चलनचलती गर्न पाउने गरी निगाह गरिदिइएको छ।]

"...ताम्रकुट्टशाला-मानेश्वर-शाम्भपुर-ह्मप्रिग-पुटम्प्रिङ्ग-जमयप्ती-पुंदट्टग्रामाणां द्रङ्गत्वमात्रमेव प्रसादीकृतम्...'

(नक्साल नारायणचौरको अभिलेखबाट। लेभीद्वारा र नोलीद्वारा यो छापिएको छ।)

[...ताम्रकुट्टशाला मानेश्वर शाम्भपुर ह्मप्रिग पुटम्प्रिङ्ग जमयप्ती पुंदट्ट यी गाउँहरूलाई द्रङ्गको रूपमा मात्रै (मान्यता दिई) निगाह गरिएको छ।]

माथि दिइएका यी उद्धरणले 'द्रङ्ग' संग परिचित हुन हामीलाई मदत दिएको छ। शासन राम्ररी चलाउनाका लागि इलाका छुट्ट्याई स्थानको विभाजन गर्नु आवश्यक हुन्छ। यसो भए शासक तथा जनता दुवैलाई सुबिधा हुने हुन्छ। हिजो आज हाम्रो यहाँ काठमाडौं इलाका ललितपुर इलाका, भक्तपुर इलाका भने जस्तै लिच्छविकालमा फलानो द्रङ्गको इलाका भनी विभिन्न द्रङ्गको अन्तर्गत सारो स्थानविभाजन गरिएको हुन्थ्यो भन्ने माथिका उदधरणबाट स्पष्ट थाहा पाइन्छ।

कान्तिपुर, ललितपुर, भक्तपुर, बलम्बु, अनन्तलिङ्गेश्वर, लेले आदि ठाउँमा त्यस बेला विभिन्न नाउँका द्रङ्गहरू थिए । एउटा द्रङ्गभित्र अनेक '*तल*' र गाउँहरू हुन्थे । द्रङ्गको सीमा निश्चित रहन्थ्यो । तिनमा ब्राह्मणदेखि चाण्डालसम्मका विभिन्न जातका व्यक्तिको बसोबास हुन्थ्यो । तत् तत् द्रङ्गका बासिन्दाहरूले स्वशासनसम्बन्धी निकै अधिकार पाएका हुन्थे भन्ने कुरा पनि माथिका उद्धरणबाट बुझिन्छ ।

यसरी '*द्रङ्ग*' ले एक किसिमको शहरको रूप पनि लिएको हुनाले शब्दार्थकल्पद्रुमले द्रङ्ग शब्दको अर्थ शहर भनी गरेको देखिन्छ[१] ।

यति कुराबाट लिच्छविकालको शासनव्यवस्थासंग सम्बध राख्ने गुल्म, तल, द्रङ्गको अर्थ निश्चित भएको छ जस्तो मलाई लाग्छ । साथै यी शब्दको अर्थ खुलेपछि लिच्छविकालको शासन व्यवस्थाको अलिकता झलक पनि हाम्रो सामुन्ने आएको छ ।

लिच्छविहरूको शासनव्यवस्थाको मुख्य विशिष्टता देशलाई *ग्राम, तल, द्रङ्ग* आदि विभिन्न तहमा छुट्टयाई तिनलाई स्वशासनको अधिकार दिई कानूनबमोजिम त्यसलाई संचालन गर्नु हो । पञ्च-खत जस्ता ठूलठूला मुद्दा पनि आफैं मिली छिन्ने अधिकार ती विभिन्न तहलाई नै दिइएको हुन्थ्यो तथा विभिन्न सरकारी अड्डाले गर्ने कति काम पनि तत् तत् तहलाई सुम्पी त्यस बेला स्वशासनलाई बढी महत्त्व दिइएको देखिन्छ ।

लिच्छविकालको शासनव्यवस्थासम्बन्धी विस्तृत ज्ञानको लागि भिन्नै निबन्धमा विचार गर्नु आवश्यक छ ।

—o—

क्रमागत—

# यक्षमल्लको समयका निश्चित संवत् र तिथिमितिहरू

—शङ्करमान राजवंशी

"वि.सं. १५३१ मा यक्षमल्लको पालामा भक्तपुरका कीर्तिरामले हितोपदेश सार्न लाए।"

१ नेपाली भाषामा राज्यलाई कहने ठेट शब्दको रूपमा रहेको 'ढुङ्गा' शब्दको सम्बन्ध 'द्रङ्ग' शब्दसंग छ कि भन्ने आभास परेको छ । यस विषयमा निश्चय गर्न अझ परीक्षा गरी हेर्नु बाँकी छ ।

(४०) श्रीयक्षमल्लनृपतेर्विजये च राज्ये
भक्तापुरीनिवसितो वरकीर्तिरामः
तत्कण्ठभूषणकृतोऽपि हितोपदेश–
श्लोकः समस्तहृदयाब्जविकासभानुः
संवत् वेदग्रहबाणे ज्येष्ठशुक्ले हरेस्तिथौ ।
लिख्यते पुस्तकं भद्रं, अजयेन च धीमता ॥

(वीरपुस्तकालय प. नं. १६०८ को हितोपदेशसमुच्चयबाट)

[ राजा श्रीयक्षमल्लको विजयराज्यमा भक्तपुरमा बस्ने असल कीर्तिरामले (आफूले) कण्ठ पारेको थियो तापनि सबैले पढ्न पाऊन् भन्नाका लागि हितोपदेशका श्लोक सार्न लाए ।

ने. सं. ५९४ (वि. स. १५३१) ज्येष्ठ शुक्ल द्वादशीमा बुद्धिमान् अजयले यो असल पुस्तक सारेका हुन् । ]

"वि. सं. १५३३ वैशाख ५ गते आइतवारको दिन यक्षमल्लको पालामा काठमाडौं कीर्तिपुण्य-विहारका भिक्षु देवचन्द्रले पञ्चरक्षा सारिसिद्धयाए ।"

(४१) देयधर्मोयं प्रवरमहायानयायिनः परमोपासक श्रीकाष्ठमण्डपनगरे श्रीकीर्त्तिपुण्यमहाविहारीयभिक्षुश्रीदेवचन्द्रस्य...सम्वत् ५९६ चैत्रशुक्लसप्तम्यान्तिथौ आर्द्रानक्षत्रे शुक्रमयोगे आदित्य (वा) सरे लिखितमिदं सम्पूर्णपुस्तकम् । राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्री जयजक्षमल्लदेवस्य विजयराजे

(वीरपुस्तकालय प. नं. १११४ को पञ्चरक्षाबाट)

[ श्रीकाठमाडौं शहर श्रीकीर्त्तिपुण्यमहाविहारका भिक्षु महायानी ठूला उपासक श्रीदेवचन्द्रको यो दानधर्म हो । ने. सं. ५९६ (वि. सं. १५३३) चैत्र शुक्ल सप्तमी आइतवार आर्द्रा नक्षत्र सुकर्म योगमा यो पुस्तक सारिसिद्धियो । राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ५९६ वि. सं. १५३३ चैत्र शुक्ल

| | गते | बार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|---|
| वैशाख | ५ | आदित्य | षष्ठी | ७। ३१ | आर्द्रा | २४।३३ | अतिगण्ड | ६।२२ |

यहाँ षष्ठी ७ घडी ३१ पलामा छ । त्यसपछि सप्तमी लाग्छ । सप्तमी लागेपछि सुकर्म योग पनि लाग्छ ।

"वि. सं. १५३५ फाल्गुन १० गते बृहस्पतिवारको दिन यक्षमल्लको पालामा पञ्चरक्षा सारिसिद्धियो ।"

(४२) "श्रीमहाराजाधिराज–नेपालमण्डलेश्वरपरमभट्टारक–श्रीश्रीजययक्षमल्लदेवस्य विजयराज्ये । काष्ठमण्डप......सम्वत् ५९९ माघशुक्लद्वादशी प्र. त्रयोदशान्तिथौ पुष्यनक्षत्रे आयुष्मान्नयोगे

(केशरपुस्तकालयको संख्या ५६६ को पञ्चरक्षाबाट)

[ श्रीमहाराजाधिराज नेपालमण्डलका मालिक परमभट्टारक श्रीश्रीजययक्षमल्लदेवको विजय-राज्यमा काष्ठमण्डपमा…ने. सं. ५९९ (वि. सं. १५३५) माघ शुक्ल द्वादशी उप्रान्त त्रयोदशी (बृहस्पतिवार) पुष्य नक्षत्र आयुष्मान् योगमा ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५९९ वि. सं. १५३५ माघ शुक्ल

| | गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|---|
| फाल्गुन | १० | बृहस्पति | द्वादशी | ४।३ / ५८।१६ | पुनर्वसु | ६।५६ | सौभाग्य | ५१।२१ |

यहां द्वादशी ४ घडी ३ पलामा छ। त्यसपछि त्रयोदशी लाग्छ। त्रयोदशी टुटेको छ। त्रयोदशीको अवम घडी ५८।१६ छ। पुनर्वसु ६ घडी ५६ पलामा छ। त्यसपछि पुष्य नक्षत्र लाग्छ। आयुष्मान् योग भने आउंदैन।

"वि. सं. १५३८ माघमा यक्षमल्लको मृत्यु भयो"

(४३) ६०२ माघ (यक्षमल्ल) स्वोक

(चन्द्रमान जोशीसंग रहेको ठयासफुबाट)

[ने, सं. ६०२ (वि. सं. १५३८) माघमा यक्षमल्लको मृत्यु भयो।]

माथिको क्रममा छुटेको—

"वि. सं. १५०४ भाद्र १५ गते सोमवारको दिन यक्षमल्ल गोसाइंकुण्ड गए। भाद्र २४ गते बुधवारको दिन गोसाइंकुण्डमा स्नान गरी गोदान गरी फर्केर भाद्र ३० गते मङ्गलवारको दिन चाँगुनारायणलाई स्नान गराई देउपाटनमा पशुपतिनाथलाई स्नान गराई राजदरबारमा प्रवेश गरे।"

(४४) ॐ संवत् ५६७ भाद्रपदशुद्धि ३ श्रीश्रीजयजक्षमलदेवठाकुरस्वस् शिवलुति बिज्यायेया पस्थावन याङा दिवस। भाद्रपदशुक्लद्वादशी श्रवण नक्षत्र बुधवार…… स्व कोन्हु शिवलुतिस स्नान याङाव दान दक्षना यानाव स्वचा प्यन्हु शिवलुतिस बिज्याङाव सा दान याङा थ्वते धुनकाव कोओ बिज्याङा ॥ भाद्रपदवद्धि ४ थ्व कोन्हु चंगु श्रीनारायणसके सनान धुनकाव॥ ग्वळं बिज्याङ। ग्वळंस श्रीपशुपतिसके स्नान याङाव॥ थ्वते सनान धुनकाव थ्व कोन्हु राजकुल बिज्याङा॥

[केशरपुस्तकालयको सुमतिसिद्धान्तटीका भन्ने पुस्तकमा टिपिएका वाक्य]

[ने. सं. ५६७ (वि. सं. १५०४) भाद्र शुक्ल तृतीयाका दिन श्रीश्रीजययक्षमल्लदेव ठाकुर शिवलुति (शिलु = गोसाइंकुण्ड) तिर प्रस्थान गर्नुभयो, भाद्र शुक्ल द्वादशी श्रवण नक्षत्र बुधवारका दिन गोसाइंकुण्डमा स्नान गरेर दान दक्षिणा गर्नुभयो, तीन रात चार दिन गोसाइंस्थानमा बसी गाई दान दिनुभयो, यति गरी फर्कनुभयो, भाद्र कृष्ण चतुर्थीका दिन श्रीचाँगुनारायणलाई स्नान गराई देउपाटनमा जानुभयो, देउपाटनमा श्रीपशुपतिनाथलाई स्नान गराई त्यही दिन राजदरबारमा जानुभयो।

यी तिथिका गणना गर्दा आएका पञ्चाङ्ग यस प्रकारका छन् -

ने. सं. ५६७ वि. सं. १५०४ भाद्र शुक्ल

| | गते | बार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|
| भाद्र | १५ | सोम | तृतीया | ४३ । | ५२ | | | |
| भाद्र | २४ | बुध | द्वादशी | ११ । | २९ | श्रवण | ४० । | २२ |

ने. सं. ५६७ वि. सं. १५०४ भाद्र कृष्ण (पूर्णन्तिमानले आश्विन कृष्ण)

| | गते | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| भाद्र | ३० | मंगल | चतुर्थी | ४३ । | ५१ |

## परिशिष्ट

[ निश्चित तिथिमिति नभएपनि यक्षमल्लको बारेमा केही कुरा बताउने ऐतिहासिक सामानका सार भाग यहाँ दिइएका छन् ]

"यक्षमल्लले आफ्ना छोरा रायमल्लको सुवर्णतुलादान गरेको उत्सवमा चतुरङ्गमहाभारत नाटक बनाउन लाई नचाइएका थिए।"

(४५) रति प्रीतीव कामस्य श्रीयक्षमल्लभूपतेः

श्रीशरूपा महादेवी देवी सरस्वती रमा।···

श्रीश्रीजययक्षमल्लदेवस्य हृदयानन्दकारिणो वरकुमारस्य श्रीश्रीजयरायमल्लदेवस्य कनकतुलापुरुषमहादानराजमहोत्सवे श्रीवाग्मतीसंनिधाने श्रीपशुपतिमहास्थाने श्रीमच्छ्रीतुलाकेशवस्थापनकोलाहलोयं प्रवर्तते । ...राज्ञः परिषत्सु श्रीदक्षिणविहारमहामहमहापात्रश्री(म)दुदयसिंहमल्लवर्म्मणा च····रात्रत्रितयप्रेरणया किमप्यपूर्व्वरचितश्चतुरङ्गमहाभारतन्नाम नाटकं प्रवर्तितम्···

श्रीयक्षमल्लस्य नृपस्य पुत्रः कर्पूरदेव्या हृदयानुमोदः ।
श्रीरायमल्लो मधुवैरिरूपो भीमावतारो जयति प्रतापी ॥

[वीरपुस्तकालय प. नं. ४४९ को चतुरङ्गमहाभारतनाटकबाट ]

[कामदेवकी प्यारी रति जस्तै श्रीयक्षमल्ल राजाकी लक्ष्मी जस्ती महारानी सरस्वती हुनुहुन्छ। श्रीश्रीजययक्षमल्लदेवको मनलाई आनन्द गर्ने असल कुमार रायमल्लदेवको सुवर्णतुलादानको ठूलो उत्सवमा वाग्मतीको नगीचै पशुपतिस्थानमा श्रीतुलाकेशव स्थापनाको कोलाहल भइरहेछ······ राजसभामा दक्षिणविहारका प्रधान महापात्र श्रीउदयसिंहमल्ल वर्मा···आदि तीन महापात्रको प्रेरणाले बनाइएको नयाँ चतुरङ्गमहाभारत नाटक नचाउन थालियो ।

राजा श्रीयक्षमल्लका कर्पूरदेवीतर्फबाट जन्मेका छोरा श्रीरायमल्ल कृष्ण भीम जस्तै प्रतापी हुनुहुन्छ । ]

"यक्षमल्लका छोरा राममल्लकी पत्नी अतुलदेवीको सीमन्तोत्सवमा 'रूपमञ्जरीपरिणय' नाटक बनाई नचाइएको थियो ।"

(४६) यथाहमादिष्टोस्मि । प्रवरनृपचक्रचूडामणिना श्रीनेपालमण्डलेश्वरराजाधिराज श्रीलक्ष्मीनारायणावतारश्रीश्रीजययक्षमल्लदेवेन यथा भरतपुत्र यदद्यास्मत्तनयकुमारश्रीश्रीजयराम-

मल्लदेवस्य पत्न्याः श्रीश्रीअतुलदेव्याः सीमन्तिनीकार्ये वेदोक्तविधिना यज्ञकृतप्रसङ्गेण नानादेशजनिता मिलिता आस्ते तेषां मनोरंजनाय किमप्यपूर्व्वैविरचितनाटकं त्वयाभिनेतव्यमिति । …प्रिये स्मृतं तर्हि ॥ अस्ति गुरुचरणारविन्दसेवितस्य पण्डिताभयराजस्य सूनोः शुभराजस्य कवेः कृतिरिदं रूपमंजरीपरिणयनाम्ननाटकं नाटयितव्यं ॥

(वीरपुस्तकालय च. नं. ४८ को रूपमञ्जरीपरिणयनाटकबाट)

ठूलठूला राजसमूहमा शिरोमणि भएका श्रीनेपालमण्डलेश्वर राजाधिराज श्रीलक्ष्मीनारायणका अवतार भएका श्रीश्रीजयक्षमल्लदेवले हे भरतपुत्र (नट्वा) मेरा छोरा कुमार श्रीश्रीजयरासमल्लदेवको पत्नी श्रीश्रीअतुलदेवीको सीमन्तोन्नयनकाममा वेदोक्तविधिले यज्ञ गरेको प्रसङ्गमा देशविदेशका मानिस आएका छन्, तिनीहरूको मनोरञ्जनका लागि कुनै नयाँ बनाइएको नाटक तिमीले नचाउनू भनी मलाई अह्राउनुभएको छ। …प्यारी संझें गुरुको पाउको सेवा गरेका पण्डित अभयराजका छोरा कवि शुभराजले बनाएको रूपमञ्जरीपरिणय नाटक नचाउनुपर्‍यो। ]

" यक्षमल्लको पालामा जितराजले ललितपुर दुपाटटोलमा चैत्य स्थापना गरे। "

(४७)…वज्रजो (गे शु)क्रवासरे … मदिवसे महा(रा)जाधिराजप्रमेश्वरपर(मभ)टारकश्रीश्रीजयक्षमल्लदेवस्य विजय(राज्ये) श्रीलडीतब्रुमायां श्रीदुपातश्रीमा श्रीश्रीचैत्यभटारिकासके……दानपति श्रीतवल्वछेवाहार्जितराजस राक…

[वीरपुस्तकालयको संग्रहमा रहेको ल. पु. दुपाटटोलको चैत्यको अभिलेखबाट ]

[…शुक्रवार वज्र योगका दिन राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयक्षमल्लदेवको विजयराज्यमा ललितपुर दुपाटटोलमा दानपति जितराजले श्रीश्रीचैत्यभट्टारक स्थापना गरे। ]

"यक्षमल्लको पालामा ललितपुर श्रीविहारका देवतालाई रूपराजले सुनको गजूर ध्वजा छत्र चढाए। "

(४८) …चार्द्रानक्षत्रे प्रीतियोगे बुध…द्वादश्यान्तिथौ पुनर्वसुनक्षत्रे आयुष्मयोगे बृहस्पति…सिद्धिर्भवति ॥ …श्रीआर्यावर्त……श्रीभास्करदेवसंस्कारित श्रीविहारमध्येसंस्थित… देवोपरि घटाकारकनककलशसुजिनालयध्वजछत्रावरोहन …पुण्यभूमीश्वराय श्रीश्रीपरमेश्वरपरमभट्टारक……श्रीश्रीजयक्षमल्लदेवपरि …सप्तकुटुम्बज त्रिभयप्रधान श्रीपात्र……श्रीधर्मदेवसंस्कारितभुवनाकरश्रीविहारावस्थित… रूपराजेन …तापद्रवशान्त्यर्थं… सुमंगलं भूयात्।

(ललितपुर मीननाथमन्दिरको अभिलेखबाट)

आर्द्रा नक्षत्र प्रीति योग बुधबार ……द्वादशी पुनर्वसु नक्षत्र आयुष्मान योग बृहस्पतिवार…सिद्धि होस्। श्रीआर्यावर्त …श्रीभास्करदेव… संस्कार गरिएको श्रीविहारमा रहेका …देवतालाई घडाको आकारको सुनको गजूर ध्वजा छत्र …पुण्यभूमीश्वर… श्रीश्रीपरमेश्वरपरमभट्टारक …श्रीश्रीजयक्षमल्लदेव सप्तकुटुम्बका तीन प्रधानपात्रले…श्रीधर्मदेवले संस्कार गरेको भुवनाकरश्रीविहारमा बस्ने रूपराज… दुःख उपद्रव शान्तिका लागि (चढाए)… सुमंगल होस्।

यक्षमल्लका वंशज जगज्ज्योतिर्मल्लले वि. सं. १६७४ मा बनाएको नरपतिजयचर्याको स्वरोदयटीकामा यक्षमल्लको यस्तो वर्णन परेको छ—

(४९) "आसीद्विश्वविशोभिनिर्मलयशोराशी रघोरन्वये
विख्यातो जययक्षमल्लनृपतिर्दातावदाताशयः
यो राज्य मिथिलां विजित्य मगधं गत्वा गयां पौरुषात्
यो नेपालमकण्टकं व्यरचयद् जित्वा नृपान् पार्वतान्
प्राच्यां यो वंगदेशं तदनु सुरनदीं दक्षिणे दिग्विभागे
विख्यातः पश्चिमायां प्रविलसदसिना गोरखापालपातः
भूमिं सप्ताहगम्यामपि धनदविशो योऽवधीकृत्य भक्त्वा
रेमे दोर्दण्डशौण्डः प्रखरतरलसत्काण्डकोदण्डपाणिः

(वीरपुस्तकालय प. नं. ११८६ को नरपतिजयचर्याटीकाबाट)

[संसारमा प्रसिद्ध रघुकुलमा दानी, चोखो मन भएका, प्रसिद्ध राजा जययक्षमल्ल हुनुभयो। जसले मिथिला राज्य जित्नुभयो, जो मगध गया जानुभयो, जसले पहाडी राजालाई जितेर नेपाललाई अकण्टक बनाउनुभयो।…पूर्वमा बंगाल, दक्षिणमा गंगा, पश्चिममा गोरखा र पालपा, उत्तरमा सात दिनको बाटोसम्मको जमीनसम्म बाहुबलले सांध लाई अम्बल गरी जो ठूला योद्धाका रूपमा रमाई रहनुभएको थियो। ]

यस निबन्धमा उपयोग गरिएका सामानका प्रकाशकसम्बन्धी विवरण यस प्रकारको छ—

२ संख्या भगवानलाल इन्द्रजीद्वारा, १४ संख्या सिलभेन लेभीद्वारा, ६ संख्या सेसिल बेन्डालद्वारा, १६ संख्या र ३९ संख्या कीथद्वारा, ४,९,११,२४,३७,४० संख्या हरप्रसाद शास्त्रीद्वारा, २५ संख्या नरहरिनाथद्वारा, ३,५,७,१०,१३, १५,१८,१९,२७,२८,३४,३५,४१,४२,४९ संख्या लुशिएनो पेटेकद्वारा, ४६ संख्या वीरपुस्तकालयद्वारा, २३ संख्या राष्ट्रियपुस्तकालयद्वारा, १, १२,१७,३८,४३, ४४,४५, संख्या संशोधन–मण्डलद्वारा प्रकाश भएका हुन्। ८,२०,२१,२२,२६, २९,३०,३१,३२,३३,३६,४७,४८ संख्याचाहिं अप्रकाशित हुन्। २२,३०,३१,३२,३३ संख्या पं. कृष्णप्रसाद भट्टराईद्वारा प्राप्त भएका हुन्। २६ र ४८ संख्याचाहिं संशोधन–मण्डलको संग्रहबाट लिइएको हो।

—०—

# भूपतीन्द्र मल्लका कृतिहरू

—भोलानाथ पौडेल

भूपतीन्द्र मल्लले आफ्ना बाबा जितामित्र मल्लबाट सोझै राजकाजसंबन्धी तालीम पाएका थिए। त्यसो हुँदा उनी योग्य शासक बनेका थिए। उनलाई आफ्ना सामानकालिक छिमेकी राजाले अठ्याँउन सकेका थिएनन्। यसैले यिनको शासनकाल भक्तपुरको गौरव बढाउने खालको थियो। भूपतीन्द्र मल्लले आफ्ना बाबापछि वि. सं. १७५३ देखि १७७९ सम्म २६ वर्ष एक टङ्कारसंग भक्तपुरमा राज्य गरे। यिनले आफ्नो राज्यकालमा र आफ्नो बाबाको राज्यकालमा

समेत भक्तपुर राज्यको शोभा बढाउने खालका अनेक देवमन्दिर धारा सालिग दरबारहरू बनाएका र जीर्णोद्धार गोका थिए तथा कोटिहोम आदि यज्ञ पनि गरेका थिए । त्यसो हुँदा भूपतीन्द्रलाई चिन्न खोज्ने जिज्ञासुलाई उनले गरे बनाएका कृतिहरूले पनि निकै सहायता गर्नेछन भने संझो यस अङ्कमा भूपतीन्द्रका कृतिका बारेमा अहिलेसम्म पत्ता लागेका प्रमाणको आधारमा म केही लेख्न लागेको छु।

## युवराज छँदै बनाइएका धारा पाटीहरू

वि. सं. १७४८ ज्येष्ठ १६ गते भूपतीन्द्र मल्लले भक्तपुर राजदरबारअगाडिको धाराको जीर्णोद्धार र ठिमी दथुफलेमा धारा पाटी बनाए। यो कुरा त्यहीं रहेका अभिलेखबाट थाह पाइन्छ ।

भक्तपुरको धाराको अभिलेखको अनुवाद❀ यस्तो छ–

"ने. सं. ८११ (वि. सं. १७४८) वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण) द्वादशी बृहस्पतिवार रेवती नक्षत्र सौभाग्य योग† यस दिन श्रीश्रीभूपतीन्द्र मल्लदेवले बिग्रेको यो धारा कोट्खा ढुङ्गाले बनाउनुभयो ।"

ठिमी दथुफलेको अभिलेखको केही ऐतिहासिक सार भाग यस प्रकारको छ–

"अनुज्ञां निजे मूर्ध्नि चाधाय क्षिप्रं जितामित्रमल्लस्य तातस्य नूनम् ।
सुविश्रान्तिशालासमेतां प्रणालीम्मुदाकारयद् भूपतीन्द्रो धरेन्द्रः ॥
शाके चन्द्रशशाङ्ककुञ्जरमिते नेपालिके माधवे
कृष्णे चित्रशिखण्डिनन्दनदिने पौष्णाख्यभे सादरं ।
द्वादश्यां जयभूपतीन्द्रनृपतिस्तोयप्रणालीम्मुदा
स्वेष्टेश्याः परितुष्टये च व्यसृजद् विश्रामशालां परां ॥
रम्या विश्रामशाला ललितविरचिता भूपतीन्द्रेण नूनं
स्तम्भस्तोमैर्विचित्रा प्रमुदितमनसा पांथसन्तापहन्त्री ।
घर्म्मार्त्ताः क्लान्तदेहाः श्रमकलितमुखा दिग्विदिग्भ्यः समेताः
पीत्वा नीरं प्रणाल्यां जननिवहवराः सादर संविशन्ति ॥

[ ने. सं. ८११ (वि. सं. १७४८) वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण) द्वादशी बृहस्पतिबार रेवतीनक्षत्र सौभाग्ययोगमा* आफ्ना बुबा जितामित्र मल्लको आज्ञा शिरोपर गरी राजा भूपतीन्द्र मल्लले पाटीसमेतको यो धारा बनाउनुभयो । आफ्ना इष्टदेवतालाई खुशी पार्न थकाई हर्ने ठूलो पाटी चढाउनुभयो। थामै थामले राम्रो भएको बटुवाहरूको थकाइ मेटिदिने सुन्दर पाटी भूपतीन्द्रले खुशीसाथ राम्ररी बनाउनुभयो । घामले सतराएका, थाकेका, थकाइले निधाउरो मुख लाएका यता उताबाट आएका अनेकन् मानिसहरू धारामा पानी पिएर जहाँ आनन्दसंग लेट्छन् ।

---

❀यो अभिलेखको मूल भाग अभिलेख-संग्रह चौथो भागको ५ पृष्ठमा छापिएको छ। यो अभिलेख र ठिमी दथुफलेको अभिलेख एउटै मितिको हो ।

†यस दिनको गणना पूर्णिमा ९ अङ्कको २४ पृष्ठमा छापिएको छ ।

## नाटचेश्वरमा चढाएका पानस र घण्टा

भूपतीन्द्र मल्ल नाचका पनि सौखिन थिए। त्यसैले उनले आफू राजा भएको ६ महीना जति पछि नै कोलासुरवधोपाख्यान नाटकको उद्घाटन गरेको दिन नासुमना टोलमा नाटचेश्वरलाई एउटा पानस चढाएका थिए। त्यस विषयको अभिलेखको अनुवाद यस्तो छ+—

"श्रीश्रीजयभूपतीन्द्र मल्लदेवले श्रीश्रीश्रीनाटचेश्वरलाई श्रीश्रीश्रीमहालक्ष्मीमाहात्म्य कोलासुरवधोपाख्यान नाचको सिद्धि गरेको दिन यो चढाउनुभएको हो। ने. सं. ८१७ (वि. सं. १७५३) फाल्गुन शुक्ल तृतीया।"

भक्तपुरमा भूपतीन्द्र मल्लले तयार गर्न लाएको गौरीविवाह नाटक ललितपुरमा नचाउन लगिएको थियो। त्यसबाट पुरस्कारस्वरूप केही रुपियाँ प्राप्त भएको थियो। त्यस रकमबाट भूपतीन्द्र मल्लले वि. सं. १७६३ मा नाटचेश्वरलाई घण्टा चढाएका थिए। उक्त घण्टामा रहेको अभिलेखको अनुवाद यस्तो छ❀।

"श्रीश्रीश्रीनृत्यनाथलाई नमस्कार। श्रीश्रीजयभूपतीन्द्र मल्लदेव महाराजाधिराजले गौरीविवाह नाच ललितपुरमा नचाउँदा आएको दामले १७ कु १ प्र ३ अस्ता २ तोलाको यो घण्टा चढाउनुभयो। ने. सं. ८२७ (वि. सं. १७६३) माघ शुक्ल अष्टमी।"

## मालतीचोक

भूपतीन्द्र मल्लले भक्तपुरदरबारलाई सिंगार्ने काम निकै गरेका थिए। विशेष गरेर मालतीचोक (सिंह ढोका भएको चोक) बनाई त्यहाँ सुनधाराको निर्माण, ढोकामा नृसिंह हनूमान् आदिको स्थापना उल्लेखनीय छ। यस विषयका विभिन्न अभिलेखहरू त्यहाँ रहेका छन्। तिनको परिचयसहित उद्धरण यहाँ गर्नपरेको छ।

मालतीचोकको ईशानकोणमा एउटा सानो धारा छ। त्यहाँ विभिन्न देवदेवीका सुन्दर मूर्तिहरू रहेका छन्। केही काल पहिलेसम्म सो धारा सुनधाराको रूपमा थियो। परन्तु त्यहाँ चोरी भएको हुँदा सुनको जलप लाएका पाटा, सुन्दर देवमूर्ति आदि हराए। अहिले सो धारा ढुङ्गे धाराको रूपमा मात्र बाँकी छ। त्यही धाराको सुनको जलप लाएको पाटामा अभिलेख पनि कुँदिएको थियो। अघि नै हामीले उतारी राखेको त्यहाँको अभिलेखको पाठ यस प्रकारको छ।

"संवत् ८१८ फाल्गुण शुदि ९ श्रीश्रीजयभूपतीन्द्र मल्लदेवसन दयका शुभ।"

[ने. स. ८१८ (वि. सं. १७५४) फाल्गुन शुक्ल नवमी श्रीश्रीजयभूपतीन्द्र मल्लले यो बनाउनुभएको हो।

भूपतीन्द्रमल्लले नित्यपूजाको लागि एउटा सानो घण्टा पनि त्यहाँ राखेका थिए। त्यस घण्टाको अभिलेख यस प्रकारको छ–

+ यो अभिलेखको मूल भाग अभिलेखसंग्रह चौथो भागको ५ पृष्ठमा छापिएको छ।

❀ यो अभिलेखको मूल भाग अभिलेख संग्रह चौथो भागको ११ पृष्ठमा छापिएको छ।

ॐ स्वस्ति श्रीश्रीभूपतीन्द्र मल्लदेव प्रभु ठाकुलसन जिलिस्वान चकस तयाव वया नित्यपूजा याता थ्व घण्टा दुंता॥ सम्वत् ८१८ फाल्गुन शुदि ९ शुभम् ॥

[श्रीश्रीभूपतीन्द्र मल्लदेव प्रभु ठाकुरळे मालतीचोकमा नित्यपूजाको लागि यो घण्टा राख्नुभयो । ने. सं. ८१८ (वि. सं. १७५४) फाल्गुन शुक्ल नवमी]

मालतीचोकको मूल ढोकाको दायाँ बायाँ हनूमान् र नृसिहका बडे बडे मूर्ति छन् । ती दुवै मूर्तिका पादपीठमा अभिलेख कुँदिएका छन् । तिनको अनुवाद यस्तो छ+ —

"समुद्र नाघ्ने, रावणको सुखलाई नाश पार्ने, लङ्का पोल्ने, रामचन्द्रले भनेको सधैं मान्ने, सीतालाई खुशी पार्ने बगैंचामा राक्षसहरूलाई तर्साउने यी हनूमान्ले रघुवंशी भूपतीन्द्रलाई रक्षा गरून् ।

कल्याण होस् । श्रीश्रीजयभूपतीन्द्र मल्लदेवले हनूमानको यो मूर्ति बनाउनुभयो । ने. सं. ८१८ (वि. सं. १७५४) फाल्गुन शुक्ल नवमी ।

जिब्रो काडेका हुनाले र जगर फिजाएका हुनाले डरलाग्दो जीउ भएका, युगान्त कालको आगो जस्ता भएका, हिरण्यकशिपुको छाती फोर्न तंसेका, दैत्यको जमातको सातो लिने, सबै लोकको रक्षा गर्ने, नरसिंहरूप विष्णु ठूला हुनुहुन्छ ।

कल्याण होस् । श्रीश्रीजयभूपतीन्द्र मल्लदेवले नरसिंहको यो मूर्ति बनाउनुभयो । ने. सं. ८१८ (वि. सं. १७५४) फाल्गुन शुक्ल नवमी ।"

मालतीचोकको दक्षिण भित्तामा विस्तृत वर्णन भएको भूपतीन्द्र मल्लको शिलालेख टाँसिराखिएको छ। धारासहित मालतीचोकको निर्माण, नृसिह हनूमान् आदिको स्थापनाको उल्लेख त्यस अभिलेखमा पनि गरिएको छ तथा ती देवताको नित्य नैमित्तिक पूजा र मूर्तिमा तेल घस्नाका लागि गूठी राखिएको कुरा त्यहाँ परेको छ। वर्षदिनसम्म गर्ने दान दक्षिणा पूजाको पनि त्यहाँ चर्चा गरिएको छ । त्यस अभिलेखको अलिकता ऐतिहासिक सार भागको अनुवाद * यहाँ दिइन्छ—

"ने. सं. ८१८ (वि सं. १७५४) फाल्गुन शुक्ल नवमी बुधवार मृगशिरा नक्षत्र विष्कम्भ योगमा= विधिबमोजिम यज्ञ गरी विविध देवताहरूका मूर्ति स्थापना गरेर श्रीभूपतीन्द्रले आफ्ना कुलदेवीलाई खुशी पार्न दरबार धारा बनाउनुभयो।…

---

+ यी दुवै अभिलेखका मूल भाग अभिलेख–संग्रह चौथो भागका ५–६ मा छापिएका छन्। हनूमान्को पादपीठको अभिलेखचाहिं अर्थसहित पूर्णिमा १ अङ्कको २७ पृष्ठमा पनि छापिएको छ।

* यस अभिलेखको मूल भाग अभिलेख–संग्रह चौथो भागका ६–१० पृष्ठमा छापिएको छ।

= यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८१८ वि. सं. १७५४ फाल्गुन शुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| फाल्गुन | १३ | बुध | नवमी | ६।४५ | मृगशिरा | ३५।० | विष्कम्भ | ११।४३ |

मानव गोत्रका जयभूपतीन्द्र मल्लदेव वर्मा, मैले श्रीश्रीश्री आफ्ना इष्टदेवतालाई खुशी पार्नाका लागि माललीचोक नाउँ भएको यस दरबारमा सुनधारामा स्थापना गरिएका देवताहरूको र ढोकामा स्थापना गरिएका नृसिंह हनुमान्‌हरूको आज्ञा पूजा गर्नाको लागि एघार्ह रोपनी खेत गुठी चढाएं ।"

## कोटिहोम र घण्टास्थापना

भूपतीन्द्र मल्लले वि. सं. १७५६ मार्गमा वत्सलाप्रीति गरी कोटिहोम गरे। कोटिहोमको सांगेमा वत्सलादेवीलाई घण्टा पनि चढाएका थिए। पछि सो घण्टा बिग्रेछ र वि. सं. १७७७ चैतमा कलशार्चनसमेत गरी सो घण्टा जीर्णोद्धार गरी चढाएका थिए। यस विषयको अभिलेख त्यसै घण्टामा छ। त्यसको अनुवाद यस्तो छ * —

"कल्याण होस् । ने. सं. ८२० (वि. सं. १७५६) मार्ग शुक्ल द्वितीयामा श्रीश्रीजयभूपतीन्द्र मल्लदेवले कोटिहोम गरेर श्रीश्रीश्रीवत्सलादेवीलाई चढाउनुभएको घण्टा बिग्रेकोले फेरि बनाएर कलशार्चनसमेत गरेर यो घण्टा चढाउनुभयो । ने. सं. ८४१ (वि. सं. १७७७) फाल्गुन कृष्ण (पूर्णान्तमानले चैत्र कृष्ण) षष्ठी शुभ ।"

## मूलचोक

मूलचोकमा भूपतीन्द्र मल्लका कृतिहरू निकै छन् । अब तिनको वर्णन गरिन्छ ।

भूपतीन्द्र मल्लले वि. सं. १७५६ फाल्गुनमा तलेजुका मन्दिरको सामुन्नेको घरमा श्रीखण्ड आदि असल असल जातका काठले बनाइएको सात झ्याल जोडिएको विशेष झ्याल हाले । त्यसको उल्लेख ती झ्यालमा भएको छ । तिनमध्ये माझको झ्यालको चौकोसमा लेखिएको अभिलेख यस प्रकारको छ–

श्रीश्रीश्रीतलेजु माजुसके श्रीश्रीजयभूपतीन्द्र मल्लदेव प्रभु थाकुल कत्वा (?) रिबिज्याङाव थ्व १…… दयकाव थ्व सिन तोरण दयका दुंता जुरो। सम्वत् ८२० फाल्गुन कृष्ण द्वितीया पर तृतीया हस्त नक्षत्र पर चित्रा नक्षत्र वृद्धि योग आदित्य वार श्रीश्रीश्रीस्वेष्टदेवता प्रीणातु शुभमस्तु सर्वदा ।

[श्रीश्रीश्रीजयभूपतीन्द्र मल्ल प्रभु ठाकुर कत्वाबाट (?) फर्कनुभएर यो …… बनाएर यो काठको तोरण बनाएर श्रीश्रीश्रीतलेजु माईलाई चढाउनुभयो । ने. सं. ८२० (वि. सं. १७५६) फाल्गुन कृष्ण (पूर्णान्तमानले चैत्र कृष्ण) द्वितीयाउप्रान्त तृतीया आइतवार हस्त नक्षत्र उप्रान्त चित्रा नक्षत्र वृद्धि योग[ग] । श्रीश्रीश्री आफ्ना इष्टदेवता खुशी होउन् । सर्वत्र शुभ होओस् ।

---

* यो अभिलेखको मूल भाग अभिलेख–संग्रह चौथो भागको १४ पृष्ठमा छापिएको छ ।

१ यहाँ पनि अक्षर छन् । तर तलबाट ठम्याउन सकिएन । भरेङ आदि साधनद्वारा नजीक गई हेर्न त्यहाँको नियमअनुसार हामीले पाएनौं । अरू झ्यालमा पनि अक्षर देखिन्छन् । तर तलबाट अलि दुर्बोध छन् ।

[ग] यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८२० वि. सं. १७५६ फाल्गुन कृष्ण (पूर्णान्तमानले चैत्र कृष्ण)

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| फाल्गुन | २९ | आइत | द्वितीया | ९।११ | हस्त | १६।४३ | वृद्धि | ३९।२८ |

वि. सं. १७६२ ज्येष्ठ १५ गते भूपतीन्द्र मल्लले मूलचोकमा तलेजु प्रीति गरी एउटा ठूलो घण्टा राखे । सो घण्टामा र त्यसको ढुङ्गे खामोमा भिन्नाभिन्नै यस विषयका लेख कुँदिएका छन् । खामोको अभिलेखको अनुवाद‡ यस्तो छ–

"कल्याण होस् । ने. सं. ८२५ (वि. सं. १७६२) ज्येष्ठ शुक्ल द्वितीया आइतवार मृगशिरा नक्षत्र धृति योग पर्नुपर्ने करण मुहूर्त परेको वेलामा श्रीश्रीजयभूपतीन्द्र मल्लदेव महाराजाधिराज प्रभु ठाकुरले निकै मिहिनेत गरेर यो घण्टासमेतको खामो बनाउन लाउनुभएर यस दिन प्रतिवर्ष थापूजा गर्नुपर्ने नियमसमेत बाँधेर श्रीश्रीश्री आफ्ना इष्टदेवता प्रीति गरी चढाउनुभयो ।

महाराज भूपतीन्द्रले देवीलाई घण्टा चढाउनुभयो । त्यस कामले खुशी हुनुभएकी देवीबाट साम्राज्यप्राप्ति होओस् ।"

वि. सं. १७६३ आषाढमा भूपतीन्द्र मल्लले तलेजुको छानाको जीर्णोद्धार गरे, छानामा सिंह बेताल पनि राखे । त्यस अवसरमा कोटिहोम पनि लाएका थिए । यो कुरा तलेजुका ढोकाको दायाँ बायाँका बढेबढे पातामा सुनका अक्षरले लेखिएको छ । त्यसको अलिकता ऐतिहासिक सार भागको अनुवाद यस्तो छ❁–

"श्रीश्रीजयभूपतीन्द्र मल्लदेवले आफ्ना इष्टदेवता श्रीश्रीश्रीतलेजुको सुनको मन्दिर बिग्रेको हुनाले ११ वटा सुनका गजूर, सुनको छाना, दलिन भागिल (?) दायाँ बायाँ सिंह बेताल छत्र मुठल आदि राखी जीर्णोद्धार गरी, कोटिहोम गरी गजूर चढाइयो ।"

वि. सं. १७६७ चैतमा भूपतीन्द्रले तलेजुका मन्दिरमा मूलढोकाको बायाँतिर एउटा तामाको ढोका हाले । त्यसको उल्लेख सोही ढोकाको माथिल्लो ठेलोमा छ । सो यस प्रकारको छ–

ॐ स्वस्ति श्री ३ तलेजुस्के श्रीश्रीजयभूपतीन्द्र मल्लदेवसन दुंता । सम्वत् ८३१ चैत्र शुदि १५ शुभम् ।

[ कल्याण होओस् । श्रीश्रीजयभूपतीन्द्र मल्लदेवले ( यो ढोका ) श्रीश्रीश्रीतलेजुलाई चढाउनुभयो । ने. सं. ८३१ (वि. सं. १७६७, वैशाख संक्रान्ति नलागिसकेको हुँदा) चैत्र शुक्ल पूर्णिमा ]

वि. सं. १७६८ मा भूपतीन्द्र मल्लले मकवानपुरबाट महादेव वास[२] ल्याई तलेजु भवानीलाई चढाएका थिए । सो कुरा तलेजुको ढोकाको दायाँ बायाँ कुँदिएको छ ।[३]

---

‡यो अभिलेखको मूल भाग अभिलेख-संग्रह चौथो भागको ११ पृष्ठमा छापिएको छ । घण्टाको अभिलेखको केही ऐतिहासिक सार भाग इतिहास-संशोधनको प्रमाण-प्रमेयको १९४-९५ पृष्ठमा अनुवादसहित छापिएको छ । दुवै एउटै मितिका हुन् र गणना पनि त्यहीं छापिएको छ ।

❁ यो अभिलेख अर्थसहित इतिहास–संशोधनको प्रमाणप्रमेयका १७४–७५ पृष्ठमा छापिएको छ ।

२. महादेव वास (औषधि) के कस्तो हो, बुझ्न सकिएको छैन । तलेजुको ढोकामा यस विषयको अभिलेखको बीच भागमा जरीबूटी जस्तो एक किसिमको फूलको आकृति कुँदिएको छ । शायद महादेव वासकै चित्र सो हो कि जस्तो देखिन्छ ।

३. यो अभिलेख अर्थसहित इतिहास–संशोधनको प्रमाण प्रमेयको १७६ पृष्ठमा छापिएको छ ।

## न्यातःपौ (पाँच छाने = पाँचतले) मन्दिरको निर्माण

भक्तपुर तौमढीटोलमा रहेको न्यातःपौ देवलले भक्तपुर शहरको निकै शोभा बढाएको छ। दर्शकहरूलाई विशेष रूपले तान्ने यो मन्दिर भूपतीन्द्र मल्लले बनाएका हुन । यस विषयको अभिलेख पाइएको छैन तापनि तात्कालिक टिपोटे कागत, परम्पराले चलेर आएका यस विषयका गीतले यो कुरा सिद्ध गर्छन् । ती यस प्रकारका छन् —

सम्वत् ८३२ आषाढ शुदि १ थ्व कुन्हु डातापोलया प्रतिष्ठास कोटयाहुति याङा.

(इतिहास-प्रकाश ३ भाग ५६८ पृष्ठमा छापिएको धनेश्वर राजोपाध्यायको कागतबाट)

[ ने. सं. ८२२ (वि. सं. १७५९) आषाढ शुक्ल प्रतिपदा यस दिन पाँचतले मन्दिरको प्रतिष्ठा गरी कोटिहोम गरियो । ]

भूपतीन्द्र मल्ल जुजु डातपोल देग दयकगुया ल्ये ॥
जयभूपतीन्द्र मल्ल धरममूरती ॥ध्रु॥
वसन देगोल दाङ देविप्रीतिन ॥ .....
नसे च्याया बथुसं नसे ताङाव ॥
थितरा थोकया पाङु जुवो थिन जाव धरममूरती ॥
कुथु फले जयप्रताप वया चोसं किसि ॥
सिंह शार्दूल अना अतिशोभा जुल धरममूरती ॥
देगोलया पेंगु कुने दिगं गणेश तल ॥
ताकं ताकं फले अना अतिशोभा जुल धरममूरती ॥
डातपोलया चोसं छाल लुंगजूल ॥......
वसन अज्ञ यात कोटी आहुति ॥
बिल पुरोहितयात मूल लुंमुकुति धरममूरती ॥......

( गीतिलनाथवसँग भएको पुस्तकबाट लीलाभक्त मुनंकर्मीमार्फत मैले यो सार्न पाएको हुँ ।)

[ राजा भूपतीन्द्र मल्लले बनाएको पाँचतले देवलको गीत ।

राजा भूपतीन्द्र मल्लले देवीलाई खुशी पार्न ने सं. ८२२ (वि. सं. १७५९) आषाढ शुक्ल प्रतिपदाको दिन देवल बनाउनुभयो ।

तल्लो पेटीमा जयप्रतापको सालिग, त्यसभन्दा माथि हात्ती, त्यसभन्दा माथि सिंह त्यसभन्दा माथि शार्दूल (सिंहविशेष)[१] का राम्रा मूर्तिहरू रहेका छन् ।

देवलको चार कुनामा चार दिग्गणेश राखिएका छन् । तला तला परेका पेटीले मन्दिरको शोभा बढेको छ ।

न्यातःपौको देवलको टुप्पोमा सुनको गजूर चढाइयो । (त्यस बेला) उहाँले कोटिहोम गर्नुभयो, मूल पुरोहितलाई सुनको मुकुट दिनुभयो । ]

---

१. उक्त मन्दिरमा रहेका सिंह र शार्दूलको आकृतिमा धेरै अन्तर छैन । शार्दूलको नाकचाहिं गरुडको जस्तो चुच्चे छ ।

यताबाट वि. स. १७५९ मा भूपतीन्द्र मल्लले न्यातःपौ देवल बनाएका हुन् भन्न देखिन्छ। यसको २ वर्षपछि भूपतीन्द्र मल्लले त्यहाँ घण्टा चढाएका थिए। सो घण्टामा रहेको अभिलेख यस प्रकारको छ—

ॐ श्रीश्रीजयभूपतीन्द्र मल्लदेवसन ञातापोल देवलया देवतास दुंता. सं. ८२४ आसाढ शुदी ४ शुभम् ।

[श्रीश्रीजयभूपतीन्द्र मल्लदेवले पाँचतले देवलका देवतालाई (यो घण्टा) चढाउनुभएको हो। ने. सं. ८२४ (वि. सं. १७६१) आषाढ शुक्ल चतुर्थी शुभ]

## उग्रचण्डादेवी र भैरवको स्थापना

भक्तपुर राजदरबारसँग खौमाटोलका उग्रचण्डादेवी र भैरवका दुइ्टा सुन्दर मूर्ति भूपतीन्द्र मल्लले नै बनाउन लाएका हुन्। ती मूर्तिको पादपीठमा कुँदिएका अभिलेखका अनुवाद[1] यस प्रकारका छन् –

"श्रीश्रीजयभूपतीन्द्र मल्लदेवले श्री३उग्रचण्डादेवीको मूर्ति बनाउन लाई प्रतिष्ठा गर्नुभयो। ने. सं. ८२७ (वि. सं. १७६४) वैशाख शुक्ल अक्षयतृतीया बुधवार रोहिणी नक्षत्र अतिगण्ड योग मेषराशिमा सूर्य, वृषराशिमा चन्द्रमा रहेको वेलामा[2]। सधैं कल्याण होस्।

श्रीश्रीजयभूपतीन्द्र मल्लदेवले श्री ३ भैरवमूर्ति बनाउन लाई प्रतिष्ठा गर्नुभयो।[3]"

## डोलेश्वर महादेवको जीर्णोद्धार

वि. सं. १७६४ मा भूपतीन्द्र मल्लले डोलेश्वर महादेवको मन्दिरको जीर्णोद्धार गरे। त्यहाँ पाटी धाराहरू पनि बनाए। त्यहाँ रहेको अभिलेखको सार भागको अनुवाद[4] यस प्रकारको छ —

"ने. सं. ८२८ (वि. सं. १७६४) माघ कृष्ण नवमी बुधवार ज्येष्ठा नक्षत्र[5] भूपतीन्द्र मल्लले श्रीडोलेश्वर महादेवको मन्दिरको जीर्णोद्धार गरी सुनको गजूर चढाउनुभयो। धारा पाटीहरू बनाउनुभयो।....

---

१. यो अभिलेखका मूल भाग अभिलेख-संग्रह चौथो भागका ११–१२ पृष्ठमा छापिएका छन्।

२. यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८२७ वि. सं. १७६४ वैशाख शुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. | चन्द्रराशि | घ. प. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वैशाख | २६ | बुध | तृतीया | ४९।१५ | रोहिणी | १९।२५ | अतिगण्ड | ३०।१९ | वृष | ४७।३६ |

३. यहाँको तिथिमिति र उग्रचण्डादेवीको तिथिमिति एउटै छ।

४. यो अभिलेखको मूल भाग अभिलेख-संग्रह चौथो भागको १२ पृष्ठमा छापिएको छ।

५. यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८२८ वि. सं. १७६४ माघ कृष्ण (पूर्णान्तमानले फाल्गुन कृष्ण)

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|---|
| फाल्गुन | ७ | बुध | नवमी | १४।० | ज्येष्ठा | ४१।३ |

## शिवलिङ्गको स्थापना

वि. सं. १७६८ मा भूपतीन्द्र मल्लले भक्तपुर हनूमानघाट ओर्ल्हने बाटोमा ठूलो शिवलिङ्ग स्थापना गरेका थिए। त्यहाँ रहेको अभिलेखको अनुवाद % यस प्रकारको छ—

"श्रीश्रीजयभूपतीन्द्र मल्लदेवले यी पञ्चायन महादेवको स्थापना गर्नुभएको हो। ने. सं. ८३२ (वि. सं. १७६८) माघ शुक्ल श्रीपञ्चमी बृहस्पतिवार रेवती नक्षत्र शुभ योगमा*

अभिलेखसमेत पाइएका भूपतीन्द्र मल्लका कृतिहरूको उल्लेख माथि गरियो। योबाहेक भूपतीन्द्र मल्लका अरू कृतिहरू पनि भक्तपुरमा छन्। भक्तपुर राजदरबारको ५५ झ्याल भएको प्रसिद्ध भाग भूपतीन्द्र मल्लले नै बनाएका हुन् भनी वंशावलीमा लेखिएको छ△। भक्तपुर राजदरबारअगाडिको ठूलो स्तम्भमा रहेको सालिग उनैको हो भन्ने वर्णन पनि वंशावलीमा परेको छ≋। यस विषयका अभिलेख पनि हुँदा हुन्। तर अहिलेसम्म भेट्टाउन सकिएको छैन।

प्रतिवर्ष दशैंमा केही दिन तलेजुबोकको स्नेहुनगःमा तीनवटा सुनका सालिग राखिन्छन्। तिनमध्ये एउटा सालिग भूपतीन्द्र मल्लको हो। सो सालिगको आसन भागमा अभिलेख कुँदिएको छ‡।

भक्तपुरमा यताउता छरिएर रहेका भूपतीन्द्र मल्लका यी साना ठूला कृतिहरूले उनलाई पछिसम्म संझाई राखनेछन्।

—०—

क्रमागत—

# श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू

## ( ऐतिहासिक टिप्पणीसहित )

—देवीप्रसाद भण्डारी

पश्चिमतिरको सन्धि–विग्रह आदिको कामको निमित्त खटिएका आफ्ना भारादार रणरुद्र

% यो अभिलेखको मूल भाग अभिलेख–संग्रह चौथो भागको १३ पृष्ठमा छापिएको छ।

* यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८३२ वि. सं. १७६८ माघ शुक्ल

| | गते | बार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| फाल्गुन | ३ | बृहस्पति | पञ्चमी | ५०।२८ | रेवती | ३५।४७ | शुभ | ५२।५७ |

△ भूपतीन्द्र मल्ल · यी राजाले ५५ झ्याल भएको दरबार बना …।

(राइटको 'नेपालको इतिहास' दोस्रो संस्करणको ११६ पृष्ठ)

≋ भूपतीन्द्र मल्ल यिन राजाले…आफ्ना मूर्ति बनाई खंबामाथि स्थापना गरी तुलजाप्रीति गरी राखिदिया.

(भाषावंशावलीबाट)

‡ यस अभिलेखको उतार लिन सकिएको छैन।

शाहलाई "त्यताको बलियो बन्दोबस्त गरी पाल्पा र कास्कीलाई हात लिने कुराका तिमी बिना काम अड्केकोले एक पटक तुरुन्त नुवाकोट आऊ" भनी पृथ्वीनारायण शाहले वि. सं. १८१४ मार्ग २५ गते मङ्गलवारका दिन पत्र❀ लेखे।

"स्वस्ति श्रीगिरिराजेत्यादिश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनाम्–

स्वस्ति श्रीश्रीरणरूद्र साहके आशिषपूर्वक पत्रमिदं. इहाँ कुशल ताँहा कुशल चाहिय. पत्र आयो अर्थ पाञौं. भलो विति गरिपठायाछौ. पल्पालि काजीसित हामि बहुतै मिठो गरौंला. परंतु पाल्पो ल्याउन्या मानिसले केहि कुरा तारि ल्यायाको रहेनछ. कुरो त गर्नु बन उनु पो छ. तिमिकन बहुतै षोज्छन्. इन्का नषोज्या पनि हामि डाकार्यं थियौं. तर इन्का षोज्दा आपु बिना धाप गरेनन्. आउनैपर्‍यो. कास्किसितको धन् दिनु कुरा गर्नु आँटकाँट सभ इहैं गरौंला. एस् पटक ता आउनैपर्‍यो.

उप्रांत प्रोहितको बिहाषर्च विंति गरिपठायाछौ. भलो. जो होला बकसौंला. उप्रांत ळंजु तनहुंको फौद तल्लो बाटो लाग्यो भनि लेष्याछौ. भलो. बहुतै सह्यार गर्नु भन्याको तेहि हो. मानिस लाइराष. गगौंडाको संभार गराउ. तब तिमि आउंदामहाँ निफिक्रि होला. घाइकन गौंडा कुहुन्यैं हो. सभ कुहुनान्. बलिया गराउ. त्यो फौदको पछेटा लाइराष. गाइघाट पो तर्‍यो त नेपाल पस्यो भनि जान्नु छ. चाँडो षबर दिहाल्या. गजुरीतिर पनि षबर दि पठाया. तब गौंडाको सह्यार होला. निश्चय गाइघाट त तर्‍यो भन्या षबर चाँडो पठाया. एताको संभार त हामि गरौंला. पाल्पासित घा त जसो गरि बनाउला. तसै होला भनि लेष्याछौ. भलो. तिमिविना मैले बोल्दा त कि घा बसिजाला, कि टुट्न जाला, तस् अर्थले तिमिले चाँडो आउन्यापर्‍यो. चाँडो ३ आउ. कास्किको पनि मता जतो ठहराउनु छ. चाँडो आउ.

उ. जगै बानिञाकन पनि बाँदषुद पारि कासकी पठाउ. दया होला. भलो.

उ. पश्चिमको फौद छिर्ला भंनाकन ...छिर्न दिनु छन भनी मकवानपुर बलिता पठाञौं.

उ. नेपालको समचार उत्तिकं छ. विस्तार कालु षत् कहला.

इति मार्गबदि १० रोज ३. मुकाम नवाकोटमाडी. शुभम."

[ पाल्पालि = पाल्पाली = पाल्पा (काठमाडौंबाट ५१ कोशजति पश्चिमतिर पर्ने सेनको राज्य) का मानिस। मिठो गरौंला = मिजास गरौंला, मान मर्यादा गरौंला। कुरा तारि = कुराको छेड्छान गरी, निश्चय गरी। इन्का नषोज्या पनि = यिनले नखोजे पनि। इन्का षोज्दा = यिनले खोजेको बेलामा। आपु = आफू = तिमी। धाप = सन्धिपत्र। आँट काँट = कुरो ठम्याई गरिने आँट, साहस, हिम्मत। ळंजु = लमजुङ (काठमाडौंबाट ३१ कोश जति पश्चिमतिर पर्ने ठाउँ

❀ श्री ५ को सरकार पुरातत्त्वविभागले देखाएको 'पृथ्वीदर्शन' प्रदर्शनीमा यस पत्रको सक्कल प्रति राखिएको थियो। त्यतैबाट यो प्रतिलिपि लिइएको हो।

संवत्को क्रमले प्रकाश गर्दा यो पत्र पूर्णिमा ८ पूर्णाङ्कको ३०–३१ पृष्ठमा प्रकाशित पण्डित हरिदेव उपाध्यायलाई पठाएको पत्रको मिति (वि. सं. १८१४ श्रावण ३ गते बृहस्पतिवार) भन्दा पछि पारी प्रकाश गर्नु पर्थ्यो। तर हालै मात्र प्राप्त भएकोले यहाँ दिइएको हो। श्री ५ पृथ्वी-नारायण शाहको उपदेशको ११०६–११०९ पृष्ठमा यो पत्र व्याख्यासहित छापिएको छ।

शाहको राजधानी) । तनहुँको = तनहुँ (काठमाडौंबाट २९ कोश जति पश्चिमतिर पर्ने ठाउँ) फोद = फौज । सह्यार = होशियारीसाथको संरक्षण, हिफाजत । गगौंडाको = गढगौंडाको, गढीको गौंडाको । संभार = नाशिन बिघ्न नदिई संरक्षण गर्ने काम, सह्यार । निफिक = निफिक्को । गौंडा = गौंडो = अन्तबाट बाटो नभई त्यही ठाउँबाट मात्र आवत जावत गर्नुपर्ने ठाउँ । कुह्ल्यै हो = कुह्ल्नै पर्दछ, ढुक्नैपर्छ । पछेटा = पछि पछि लखेट्तै जानु । गाइघाट = देउघाटभन्दा केही माथि पर्ने घाट । दिहाल्या = दिइहाल्नू । गजुरी = वेणीघाटभन्दा अलिकता पूर्वपट्टि पर्ने ठाउँ । पठाया = पठाउने काम गर । टुट्नजाला = सन्धिभङ्ग हुन जाला, वैरभाव होला । आउन्यापऱ्यो = आउनुपऱ्यो । मतोजतो = सरसल्लाह । छिर्ला = पस्ला । मकवानपुर = काठमाडौंबाट ११ कोश जति दक्षिणतिर पर्ने ठाउँ (सेनको राजधानी) । खलिता = खलिता = राजाले राजालाई पठाउने पत्र । उ = उप्रान्त । नेपालको = नेपालखाल्डाको । मुकाम = वासस्थान । नवाकोट माडी = नुवाकोट (काठमाडौंबाट ७½ कोश जति पश्चिम र उत्तरतिर पर्ने ठाउँ । ]

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८१४ मार्ग कृष्ण (पूर्णान्तमानले)

| | गते | बार | तिथि | घडी पला |
|---|---|---|---|---|
| मार्ग | २५ | मङ्गल | दशमी | १९।५८ |

## ऐतिहासिक टिप्पणी–

यो पत्र पृथ्वीनारायण शाहले पश्चिमतिरको काजमा खटिएका रणरुद्र शाहलाई पठाएका हुन् । यस पत्रमा परेको तिथिमितिको गणना गरी हेर्दा तथा त्यस वेलाको पात्रोसंग भिडाई हेर्दा वि. सं. १८१४ मा उक्त तिथिवारादि मिल्न आएको हुनाले यो पत्र वि. सं. १८१४ मार्ग २५ गते मङ्गलवारको दिन लेखिएको देखिन्छ ।

यस वेला गोरखादेखि पूर्वतिरका मुलुक विजय गर्दै अगाडि बढ्ने योजनाअनुसार पृथ्वीनारायण शाहले उद्योग गरेको पनि १४ वर्ष भइसकेको थियो । तर पनि विशेष फाइदा भइसकेको थिएन । पश्चिमतिर लमजुङ र तनहुँ बढ्ता विरोधी भइदिएका हुनाले उनलाई अगाडि बढ्न गाह्रो भइरहेको थियो । उता पाल्पा कास्की आदिले लमजुङ तनहुँलाई साथ देलान् र रोक्न गाह्रो पर्ला भन्ने डर पृथ्वीनारायण शाहलाई छँदै थियो । त्यस कारण पृथ्वीनारायण शाह पाल्पा कास्की आदिलाई आफ्ना पक्षमा मिलाउनाका लागि आफ्ना दूतद्वारा मीठा र मसिना कुरा गरी केही पैसा समेत खुवाई थामथुम पारिरहन्थे । त्यसैले यस वेला पनि आफ्ना मानिस पठाई पाल्पा, कास्कीलाई हात लिने कामको जिम्मा रणरुद्र शाहलाई दिइएको थियो । उनले पनि पाल्पामा आफ्ना मानिस पठाई पाल्पाका काजीसंग कुरा मिलाई सन्धि गर्ने उद्योग गरेका थिए । उता कास्कीसंग पनि कुरा मिलाउँदै रहने काम गरेका थिए । यस वेला सन्धिको कुराकानी गर्न पाल्पाली काजी नुवाकोट आइरहेका थिए । रणरुद्र शाहविना ती पाल्पाली काजीसंग आफूले सोझै सन्धिको विषयमा कुरा चलाउनु पृथ्वी-

नारायण शाहले उचित ठानेनन् । त्यस कारण रणरुद्र शाहलाई तुरुन्त नुवाकोट झिकाई पाल्पा र कास्कीसँगको सन्धिकार्य उनीमार्फत गराउने विचार पृथ्वीनारायण शाहले प्रकट गरेका हुन् भन्ने कुरा उक्त पत्रमा उल्लिखित "पाल्पाका कार्जीसित हामी बहुतै मिठो गरौंला. परंतु पाल्पो ल्याउन्या मानिसले केही कुरा तारि ल्यायाको रहेनछ, कुरो त गर्नु बनाउनु पो छ, तिमिकन बहुतै षोज्छन्, इन्का नषोज्या पनि हामी डाकन्यै थियौं तर इन्का षोज्या आनु बिना घाय गरेनन् आउनै पर्‍यो, कास्किसितको धन् दिनु कुरो गर्नु आँट काँट सम इहैं गरौंला एस् पटक ता आउनै पर्‍यो ""तिमि बिना मैले बोल्दा त कि घा बसिजाला कि टुट्नजाला तस् अर्थले तिमिले चाँडो आउन्या पर्‍यो, चाँडो ३ आउ कास्कीको पनि मतो जतो ठहराउनु छ. चाँडो आउ". आदि वाक्यबाट व्यक्त हुन्छ ।

पृथ्वीनारायण शाहले काठमाडौंका राजा जयप्रकाश मल्लको राज्यक्षेत्रका नुवाकोट नालदुम महादेउपोखरी आदि विजय गरेका* हुनाले उनीसंग त्यसको बदला लिने उद्योग नेपालखाल्डाभित्रका जयप्रकाश मल्ल आदिले गरेका थिए । यसै कामका निमित्त पश्चिमतिरका चौबीसीहरूसँग समय समयमा गुहार मागिरहने गरेका र उनीहरू (लमजुङ, तनहुँ आदि )ले पनि मल्लहरूलाई सहायता गरी पृथ्वीनारायण शाहलाई पछाडिबाट हानी दुःख दिइरहने गरेका थिए । त्यस कारण यस बेला पनि नेपाल खाल्डाका मल्ल राजाहरूको सहायताका लागि लमजुङ र तनहुँको संयुक्त फौजले गाईघाट तर्न आँटेको हुनाले गोरखालाई धेरै चिन्ता परेको थियो। त्यस कारण पृथ्वीनारायण शाहले आफ्नो रक्षाको निमित्त गढी, गौंडा, चौकी आदिमा ठाउँ ठाउँका किल्ला रक्षकहरूले सतर्क भई राम्रोसँग सह्यार संभार गर्नू; लमजुङ र तनहुँको संयुक्त फौज पूर्वतिर पसेको समाचार सबैतिर चाँडै गरी पठाइहाल्नू; गजुरीतर्फ र अन्ततिर पनि ठाउँ ठाउँका गौंडामा समाचार पठाई रक्षाको प्रबन्ध बलियोसंग गराउनू; यसो गरी मजबूत गरायौ भने मात्र तिमी यता आउँदा निष्फिक्री होला । त्यस कारण उक्त फौजउपर बाटो ढुकी औसर पारी त्यसलाई पछिल्तिरबाट हाम्राको निमित्त पछेडा दिंदै गर्नू भनी पृथ्वीनारायण शाहले रणरुद्र शाहलाई अह्राई लेखेका हुन् भन्ने कुरा उक्त पत्रमा उल्लिखित "उप्रान्त लम्जुम तनहुँको फौद तल्लो बाटो लाग्यो भनि लेष्याछौ. भलो. बहुतै सह्यार गर्नु भन्याको तेहि हो मानिस लाइराष गौंडाको संभार गराउ. तब तिमि आउदामहाँ निफिक्रि होला. घाइकन गौंडा कुह्ल्यै हो. सबै कुह्लनान्. बलिया गराउ. त्यो फौदको पछेटा लाइराष. गाइघाट पो तर्‍यो त नेपाल पस्यो भनि जान्नु छ. चाँडो षवर दि हाल्या गजुरीतिर पनि षवर दि पठाया. तब गौंडाको सह्यार होला. निश्चय गाइघाट त तर्‍यो भन्या षवर चाँडो पठाया. एताको संभार त हामि गरौंला. पाल्पासित घा त जसो गरि बनाउँला. तसै हाला भनि लेष्या छौं. भलो." आदि वाक्यबाट व्यक्त हुन्छ ।

पृथ्वीनारायण शाहले लमजुङ र तनहुँको संयुक्त फौजलाई रोकी नेपालखाल्डाभित्र छिर्न नदिनाका निम्ति पश्चिमतिर रक्षाको प्रबन्ध त मिलाएका थिए। परन्तु तल्लो बाटो उक्त फौज नेपालखाल्डातिर हिंडेको छ भन्ने खबर सुनेपछि सो फौज मकवानपुर इलाकाको बाटो

*पूर्णिमा ५ पूर्णाङ्कको ४३--४४ पृष्ठ हेर्नुहोस् ।

गरी जाला र नेपालखाल्डाभित्र पसिहाल्ला कि भन्ने चिन्ता पृथ्वीनारायण शाहलाई थियो। त्यस कारण सो फौज मकवानपुर इलाकाको बाटो गरी नेपालखाल्डाभित्र पस्न नपाओस् भन्नाको निमित्त आफ्ना ससुरा हेमकर्ण सेनकहाँ पनि पृथ्वीनारायण शाहले खलिता पत्र लेखी पठाएका थिए। मकवानपुरका राजा हेमकर्ण सेन जीवित छउञ्जेल मकवानपुर राज्यसँग पृथ्वीनारायण शाहको सम्बन्ध कायमै थियो भन्ने कुरा यस पत्रमा उल्लिखित 'उ पश्चिमको फौद छिर्ना भंनाकन··· छिर्न दिनु छैन भनी मकवानपुर खलिता पठाञौं" यस वाक्यबाट व्यक्त हुन्छ।

यस बेला नेपालखाल्डातिर मल्ल राजाहरूको राज्यक्षेत्रमा आक्रमण गर्ने काम कतै पनि सफल हुन सकेको थिएन। मल्ल राजाहरूले एक मुख भई कीर्तिपुरको युद्धमा पृथ्वीनारायण शाहलाई असफल पारिदिएको ६ महीना मात्र भएको थियो। त्यसैले नेपालखाल्डातिरको समाचारका विषयमा पृथ्वीनारायण शाहले "नेपालको समचार उत्तिक छ, विस्तार कालु षत् कहला," यस्तो लेखी यो पत्र टुङ्ग्याएका छन्।

\+ \+ \+

आफ्ना पक्षमा आई सन्तोषजनक काम गरिदिने व्यक्तिलाई अनुग्रह गर्ने आफ्नो नीति-अनुसार पृथ्वीनारायण शाहले नीलकण्ठ जोशीलाई वि. सं. १८१५ चैत्र १३ गते शुक्रवारका दिन "झारा माफ भयो" भनी पत्र लेखी दिए *।

"स्वस्तिश्रीगिरिराजेत्यादि श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणशाहदेवानां सदा समरविजयीनाम्।

आगे नीलकण्ठ जैसीकन झारा माफ भयो. इति सम्वत् १८१५ चैत्र वदि ६ रोज ६ शुभम्।"

[आगे = अगाडि = अब। जैसी = ज्योतिषी।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८१५ चैत्रकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| चैत्र | १३ | शुक्र | नवमी | ८। | ५५ |

## ऐतिहासिक टिप्पणी–

यो पत्र पृथ्वीनारायण शाहले नीलकण्ठ जोशीलाई लेखिदिएका हुन्। यसमा संवत् १८१५ दिइएको छ। यसमा दिइएका तिथिवारादि गणना गरिहेर्दा मिल्न आउँछन्। यस पत्रमा नीलकण्ठ जोशीलाई झारा माफ गरिएको कुरा परेको छ।

---

* श्रीमहेशचन्द्र रेग्मीसंग रहेको नक्कल प्रतिबाट यो उतार लिइएको हो। यो पत्र ऐतिहासिकपत्र–संग्रह (दोस्रो भाग)को ७२ पृष्ठमा छापिएको छ। "श्री ५ पृथ्वीनारायण शाहको उपदेश"को ९७८–९८१ पृष्ठमा यो पत्र व्याख्यासहित छापिएको छ। सो ग्रन्थ प्रकाशित हुँदैछ।

यी नीलकण्ठ जोशी भक्तपुरमा रणजित् मल्लको दरबारमा प्रवेश पाएका पण्डित थिए ‡। यिनी जग्गा जमीनले सम्पन्न र प्रभावशाली व्यक्ति थिए । पछि यिनी पृथ्वीनारायण शाहसंग मिल्न आएका थिए । त्यसैले नालदुम महादेउपोखरी विजय भएपछि आफूले विजय गरेका पूर्वतिरका प्रदेश (भवरकोट आदि) का प्रजाहरूलाई सान्त्वना दिई अँठ्याइराख्ने कामका लागि पृथ्वीनारायण शाहले यिनै नीलकण्ठ जोशीलाई सो काम लगाएका थिए। भक्तपुरमेकको काजको विषयमा लेखापढी गरेको कुरा वि. सं. १८१२ बैशाख २८ गते यिनलाई लेखिएको पत्रबाट बुझिन्छ回 । पृथ्वीनारायण शाहको इच्छाअनुसार राम्ररी काम गरी नीलकण्ठ जोशीले उनलाई रिझाउन सकेका रहेछन् भन्ने कुराको झलक यस पत्रबाट पाइन्छ। आफ्नो पक्षमा मिल्न आई सन्तोषजनक काम गर्ने व्यक्तिलाई विवेक राखी योग्यताअनुसार अनुग्रहसाथ केही लाभ गरीदिने पृथ्वीनारायण शाहको नीति थियो । यसैअनुसार पृथ्वीनारायण शाहले यी नीलकण्ठ जोशीलाई अनुग्रहपूर्वक झाराको कर माफ गरी यो पत्र लेखिदिएका हुन् ।

सरकारिया विशेषकाज (धेरै मानिसहरू एकै समयमा जुटाई गर्नुपर्ने काम) पर्दा विशेष गरेर लडाइँ भिडाइँ परेका बेलामा, बिग्रेको वा नयाँ बाटो घाटो बनाउनु परेमा दुनियाँहरूले विना ज्याला खाजामा अनिवार्य रूपले काम गर्न जानै पर्दथ्यो। यसरी काम गर्न जानुलाई झारा जानु भन्दछन् । यस नियमअनुसार विना ज्याला खाजामै झारामा गई काम गर्नुपर्दा मानिसलाई स्वभावतः कष्ट हुन जान्छ। यसरी झारा उठाई काम लगाउने चलन पछिसम्म पनि चलेर आएको थियो । पृथ्वीनारायण शाहले आफ्नो पालामा विशेष कामकाज गरिदिने व्यक्तिलाई विशेष गरेरब्राह्मण वर्गलाई आदरपूर्वक अनुग्रह गरी झारा माफ गरिदिने गरेका थिए।

---

‡ यी नीलकण्ठ जोशीले रणजित् मल्लको आज्ञानुसार बनाएको जैमिनीयसूत्रटीका 'नेपाल राष्ट्रियपुस्तकालय' मा पाइएको छ । त्यसमा यस्तो उल्लेख परेको छ—

"विवस्वद्वंशाग्र्यावनिपतिवरश्रीरणजितो
दयाम्भोधेर्वाचा तव करुणया जैमिनिमुनेः ।
निरालम्बे शास्त्रे जननि गिरिजे यास्यति न किं
सुटीकां मे कामो हृदि समभिपूर्तिं रचयितुम् ॥

...इति श्रीनीलकण्ठज्योतिर्विद्विरचितायां जैमिनिसूत्रटीकायां सूत्रेण प्रथमाध्यायस्य प्रथमपादः ।

(नेपाल–राष्ट्रिय–पुस्तकालयको ज्यौतिषविषयक सूचीपत्रको दोस्रो खण्डको १४–१५ पृष्ठमा यो छापिएको छ ।)

[ हे पार्वती माई ! सूर्यवंशी राजाहरूमा श्रेष्ठ भएका, दयालु श्रीरणजित् (मल्ल) को आज्ञाले हजुरको कृपाले जैमिनि मुनिको आधार (टीका) नपाइने शास्त्रको असल टीका बनाउने मेरो मनमा उठेको इच्छा पूरा होला कि नहोला ।

श्रीनीलकण्ठ जोशीले बनाएको जैमिनिसूत्रटीकामा पहिलो अध्यायको पहिलो पाउ सिद्धियो । ]

回 पूर्णिमा ५ पूर्णाङ्कको ४६–४७ पृष्ठ हेर्नुहोस् ।

पछि पछिबाहि प्राय: सबै उपाध्यायब्राह्मणलाई झारा माफ भएको कुरा तात्कालिक पत्रबाट थाहा पाइन्छ । नेपाल र अङ्ग्रेजको युद्ध भए ताका बुटवलमा किल्ला बनाउनुपर्दा लेखिएको पत्र उदाहरणका लागि यहाँ उद्धृत गर्नु उचित होला* ।

"स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का ... ... ...

आगे मर्स्यांदि पश्चिमका अमाली द्वारा जेठाबुढा छाप छध्याली तलप्या बितलप्या इजारादार गैरह चारवर्ण छत्तिस जातप्रति बुटवळमा आड बनाउनु भनि कर्णेल उजीरसिंह थापालाई हुकुम बक्सी पठायाको छ, अमालीहरूले झारा गरि उपाध्याब्राह्मण बाहिकका दुनिया चार वर्ण छत्तिसं जातले कोदाला कोदाली गळ् चंचरा षुकुरि गैरह जिमि षन्या, काठ काटन्या हात हतियार समेत मैह्ना४ को सावळ् लि पुसका दिन ५ जांदा बुटवळ् पुगी कर्णेलले लाया अह्राया बमोजिमको काम् तत्पर भै गर. जो झारा जावैन. तसलाई र झारा नपठाउन्या अमालीलाई दंड होला इति संवत्."

[मर्स्यांदि ।। मर्स्यांगदी नदी (काठमाडौंबाट २२ कोश जति पश्चिमतिर पर्ने खोलो) । अमाली = जिल्लाका शासक ( बडाहाकिम ) । द्वारा = द्वारे = गाउँघरको बन्दोबस्त, हेरचाहको लागि नियुक्त गरिएको मानिस । जेठाबुढा = गाह्रो साह्रो परिआउँदा सल्लाह दिने र सरकारी आज्ञा जिल्ला जिल्लामा पठाउने कामको अधिकार पाएको मानिस । तलप्या = सरकारिया तलब खाई काम गर्ने, जागीरदार । बितलप्या = सरकारिया तिरो नलाग्ने जग्गा (बिर्ता) पाउने, बिर्तावाल । इजारादार = इजहारादार = ठेक्का लिने मानिस, ठेकदार. । गैह्र = सबै । बुट्वळ् = बुटवल(काठमाडौंबाट ५२ कोश जति पश्चिमदक्षिणतिर पर्ने ठाउँ) । आड = बडे बडे रूखकाटी चारैतिर दोहोरो पंक्ति गरी ती रूखका सत्तरीहरू गाडी दोहोरो पंक्तिको बीच मा बडे बडे ढुङ्गा हाली मजबूत पर्खाल बनाई पर्खालभित्र आफ्नो फौजहरूलाई बस्न बनाइएको ठाउँ वा यस्तै बलियो सुरक्षित ठाउँ । झारा गरी = झारा उठाई, सरकारको कामकानिमित्त बेदाममा दुनियाँहरूसित लिइने गुहारी उठाई । बाहिकका = बाहेकका । षुकुरि = खुकुरी । षन्या = खन्ने, खोस्ने । काटन्या = काट्ने । मैह्ना ४ को सामळ् लि = चार महीनासम्म खान पुग्ने सामल (खाने अन्न) लिएर । लायो अह्राया = लाए अह्राए । तसलाइ = त्यसलाई । ]

यसरी महीनौंका महीना अनुकूल परोस् वा नपरोस् आफ्नो घर छोडी सातुसामल तथा हातहतियार बोकी झारामा गई काम गर्नु गाह्रै हुन्थ्यो । पठनपाठनमा लाग्ने मानिसलाई त झन् कष्टकर नै थियो । आफ्नो पक्षमा लागी आफ्नो अनुकूल भई काम गर्न लागेका नीलकण्ठ जोशीलाई पृथ्वीनारायण शाहले झारा माफ गरी आफ्ना पक्षमा मिल्न आउन अरूलाई प्रोत्साहन दिएका हुन् । परन्तु उनी कसैलाई अनुग्रह गर्नुपर्‍यो भने उसले गरेको काम हेरी तौली तौलीकन मात्र गर्दथे । यस कुराको झलक यस झारा माफ गरी दिएको पत्रबाट र यसको वर्षदिन पछि फिनै नीलकण्ठ जोशीलाई बिर्ता थामिदिएको अर्को पत्रबाट व्यक्त हुन्छ । यसको विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेशको ९७८--९८१ पृष्ठमा गरिएको छ ।

*यस पत्रको सक्कल प्रति बीरपुस्तकालयमा छ ।

# वीर भक्ति थापा

—महेशराज पन्त

वि. सं. १८७१–७२ मा भएको अंग्रेजसंगको लडाइँमा अनुपम वीरता देखाउने योद्धाहरूमा एक जना भक्ति थापा पनि हुन् । ढलिकसकेको उमेरमा पनि उनले देउथलको लडाइँमा ज्यानको आस मारी जुन साहसले अंग्रेजसँग लडी वीरगति पाएथे, त्यो संझदा हामी नेपालको मनमा उत्साहको सञ्चार हुन्छ । यस कारण प्रसिद्ध योद्धा भक्ति थापाको परिचय पाठकको सामुन्ने राख्नु आवश्यक संझी यो निबन्ध तयार गरिएको छ ।

पृथ्वीनारायण शाहको रेखदेखमा हुर्केका बूढा अमरसिंह थापा आदि योद्धाहरूको श्रेणीमा भक्ति थापाको गणना हुन्छ । तर यिनले पृथ्वीनारायण शाहको सङ्गति पाएका थिएनन् तथा जन्मना यिनी गोरखाली पनि होइनन् ।

वि सं. १८३९ मा लंजुङसँग लडाइँ हुँदा लंजुङे सेनापति भक्ति थापा लडाइँमा घाइते भई नेपालको युद्धवन्दी भए[१] । यही घटनाले भक्ति थापालाई गोरखाली बनायो ।

---

१. शाके १७०३ साल पौष महीना चित्रा नक्षत्र आदित्यवारका दिन* पछिल्ला पाला चौबीसीले लिजुङ लिई भंग्याक मार्दा जीतरिया जीव शाह, काजी बलभद्र शाह, सर्दार अमरसिंह थापा, सर्दार प्रतिमन राना सब थरघर उमराव अजिरगढमा बस्या । सेन्याब्याँसीका दर्बारमा साह्रो परयाका जग्गामा गुहार दिनानिमित्त काजी देवदत्त थापा, काजी बन्धु राना बस्या । हरमीमा काजी दामोदर पाँडे, काजी जगजीत पाँडे, सूबेदार भीम, श्रीनाथकम्पनी बस्या । पछि सादर अमरसिंह थापा तीन कम्पनी लिई चिसापानीमा बस्या ।

तस्तै बीचमा केही लश्कर चिप्ल्याटीमा आड बार्न पठाई झिर्‍याकका बाटो गरी आड बारी सिरांचोक हाम्र फौज आउँदा सेरयाब्याँसीको हरमीको लस्कर पनि गयो । अजिरगढको लश्कर पनि गयो । सर्दार अमरसिंह थापाले चिप्ल्याटीको लडाइँ जित्दा सिरांचोक हान्या । फेरि झिरयाक अड्डामा बस्या । गोरखामहाराजको फौज सबै जम्मा भई घेरा दिई लडाइँ हुँदा भागी चेप्या तरयो । हाम्रो लश्कर पनि गोरखाब्याँसी आया ।

तहाँपछि चेप्दा तरयाको चौबीसीले कास्की मारया । कस्क्याली राजा सिद्धिनारायण शाह भागी खोला घाट तरी गोरखाब्याँसी आई भारादारहरूसंग भेट गरी सबै नेपाल आया ।

---

* यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

शाके १७०३ (वि. सं. १८३८) पौष कृष्ण (पूर्णान्तमानले माघ कृष्ण)

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|
| पूस २६ | आइत | सप्तमी | २३।४ | हस्त | ३७।४७ |

यस दिनमा रातमा मात्र चित्रा नक्षत्र पर्छ ।

(पात्रोबाट)

यी भक्ति थापाका बाबुको नाउँ अमरसिंह थापा र बाजेको नाउँ प्रताप थापा थियो । भक्ति थापा पुँवार बरका थापा क्षत्री हुन्[२] ।

---

तहाँपछि कास्कीका राजा शरण आउन्याकन भारी खिल्लत सर्कारबाट बक्स्या । ... ... लंजुङ हान्नानिमित्त श्रीवल्लभ पन्थ, अभिमानसिंह बस्न्यात काजी भयापछि १८ दिनमा लंजुङ छिन्नुपर्छ भनी ढिला लाग्दा १८ दिनको कबूल गर्न हामी सक्दैनौं भनी पन्थ काजी, बस्न्यात काजीले बिन्ती गर्दा धरणी पन्थ, वंशराज पाँडे काजी भई लंजुङ हान्ना कास्की थानानिमित्त काजी धरणी पन्थ, काजी वंशराज पाँडे, चौतरिया जीव शाह, काजी देवदत्त थापा, काजी बन्धु राना, सर्दार प्रतिमन राना, सर्दार त्रिलोचन, सर्दार अमरसिंह थापा तनहुसँग सलुक गरी धुकुरदिघाट तरी डोरडोरमा थरघर उमराव ३ कम्पनी लिई बस्या । ६ कम्पनी लिई सर्दार अमरसिंह थापा खड्कागाउँ गई बस्या । चौतरिया दलमर्दन शाह हरमीमा बस्या । तहाँपछि डोरडोरदेखि ज्यामरुक आई बस्या ।

तहाँपछि सर्दार प्रतिमन राना कालिमराङमा थाना हाली बस्दा लंजुङ पर्वत मिली तनहुँले कुरचाको क्यामी मिची तारुका चढ्दा गोरखाका लश्कर हान्न गयो । कटक जिती भक्ति थापा बलभञ्जन दुवै घा लागी पक्रिया । बलभञ्जन बल्लबल्ल गाइखुरमा पुग्दा मर्‍यो । गोरखाका भारादार मानिस चौकी आई बस्या । सर्दार अमरसिंह थापा पनि कास्की थामी बाटुला भया । काजी देवदत्त थापा साधकलाई नेपाल गया । फेरि लम्जुङ जित्नेको हुकुम हुँदा काजी दामोदर पाँडे, काजी देवदत्त थापा, सर्दार पारथ भँडारी आया ।

काजी देवदत्त थापा अघिल्ला लश्करमा सामेल भई सबै भोट्याओडारको बाटो चढ्या । काजी दामोदर पाँडे, सर्दार पारथ भँडारी रागिनासको बाटो चढ्या । सर्दार अमरसिंह थापा, सर्दार प्रतिमन राना पुराना लंजुङको बाटो चढ्या । कार्तिक महीना मघा नक्षत्रको दिन* राजा भाग्या । लम्जुङ सर भयो । लडाइ भएन ।

( "भाषावंशावली" बाट )

२. गीर्वाणयुद्ध राजा हुँदा ताँबापत्र गर्ने भारादारहरूको नामावलीमा–

"प्रताप थापाका नाति अमरसिं थापाका छोरा भक्ति थापा

( "श्रीचित्तरञ्जन नेपालीको "श्री ५ रणबहादुर शाह" ११८ पृ. )

भक्ति थापा कप्तान हुँदा गरिदिएको लालमोहरमा–

आगे प्रताप थापाका नाति अम्बरसिं थापाको छोरा पुँवार वतन लमजुङ्ग भक्ति थापाके ("हिमवत्संस्कृति" १ वर्ष ३ अङ्क १७ पृ. । भक्ति थापाविषयका यहाँ उद्धरण गरिएका "हिमवत्संस्कृति" मा प्रकाश भएका पत्रहरू योगी नरहरिनाथ र श्रीजनकलाल ढकालद्वारा सम्पादन भएका हुन् ।)

---

* वि. सं. १८३९ कार्तिक कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला | नक्षत्र | घडा पला |
|---|---|---|---|---|---|---|
| कार्तिक | १८ | बृहस्पति | दशमी | ४४।१७ | मघा | २४।२४ |

(श्रीदेवीप्रसाद भण्डारीले यो गणना गरिदिनुभएको हो)

लंजुङमा भक्ति थापा कुन किसिमले हुकें तथा उनले कसरी कार्यक्षेत्रमा प्रवेश गरे भन्ने कुरा खोजीको विषय बनेको छ । लंजुङतर्फबाट सेनापति भई उनी लड्न आएका देखिएकोले त्यस बेला भक्ति थापा लंजुङ राज्यका भारादार बनिसकेका रहेछन् भनी अनुमान गर्न सकिन्छ ।

---

भक्ति थापा लंजुङे राजा केहरिनारायण शाहको सेनामा थिए भनी श्रीसूर्यविक्रम ज्ञवालीले लेख्नुभएको छ–

"भक्ति थापा नेपाली सेनाका एक जना प्रसिद्ध योद्धा र बहादुर नेता थिये । लंजुङका राजा केहरिनारायण शाहका सेनामा इनी पहिले थिये ।

(अमरसिंह थापा"१०४ पृ.)

केहरिनारायण शाहको वि. सं. १७४१ को पत्र "ऐतिहासिक पत्रसंग्रह" दोस्रो भाग १६ पृ. मा छापिएको छ । यताबाट केहरिनारायण शाहको समय वि. सं. १७४१ तिर हो भन्ने स्पष्ट बुझिन्छ ।

यस कारण वि. सं. १७४१ तिरका केहरिनारायण शाहको फौजमा वि. सं. १८३९ तिरका भक्ति थापा हुनु सम्भव छैन ।

लंजुङमा हमला गर्दा लंजुङे राजा राज्य छोडी भागी गएथे । लंजुङ विजय भएपछि उनका जहानबच्चा नेपालसरकारको आश्रयमा रहन लागे । "मेरा जहानबच्चा पठाइदिए काशी गई बस्दो हुँ" भनी पछि उनले नेपाल सरकारलाई पत्र लेखेथे । यस पत्रको जवाफमा नेपालसरकारले लेखेको पत्रबाट लंजुङका अन्तिम राजाको नाउँ वीरमर्दन शाह थियो भन्ने थाहा पाइन्छ । सो पत्र श्रीसूर्यविक्रम ज्ञवालीले सम्पादन गर्नुभएको "भानुभक्त स्मारक ग्रन्थ" को ७९ पृष्ठमा श्रीबाबुराम आचार्यले छपाउनुभएको छ ।

यस कारण केहरिनारायण शाहको सेनामा भक्ति थापा थिए भनी ज्ञवालीज्यूले लेख्नुभएको अशुद्ध ठहर्छ ।

"भानुभक्त स्मारक ग्रन्थ" वि. सं. १९९७ मा र "अमरसिंह थापा" चाहिं वि. सं. २००० मा छापिएको हो ।

३ वर्षअगाडि आफैंले सम्पादन गरेको पुस्तकमा परेको सामानको उपयोग ज्ञवालीज्यूले आफ्नो पुस्तकमा गर्न नसक्नुभएको कुरा यताबाट स्पष्ट हुन्छ ।

ज्ञवालीज्यूको अन्धानुसरण गरी केहरिनारायण शाहको सेनामा भक्ति थापा थिए भनी श्रीबालचन्द्र शर्माले लेख्नुभएको छ–

"भक्ति थापा पहिले लम्जुङे राजा केहरिनारायण शाहको फौजमा थिए ।"

("नेपालको ऐतिहासिक रूपरेखा" पहिले संस्करण २६४ पृ.)

शर्माज्यूको पुस्तकको वि. सं. २०२२ मा दोस्रो आवृत्ति हुँदा माथि उद्धरण गरिएका सबै सामान प्रकाशमा आइसकेका थिए । तैपनि शर्माज्यूले पहिलेको जस्तै अशुद्ध छापी (२६९ पृ.) आफ्नो अध्ययनहीनताको परिचय दिनुभएको छ ।

राजकुमार बहादुर शाहको हातमा शासनको अधिकार आएपछि उनले योजनाबद्ध रूपमा विजययात्रा चलाएकाले उनलाई योद्धाहरूको खाँचो थियो । यसो हुँदा युद्धबन्दी पारी लंजुङबाट ल्याइएका भक्ति थापाले थोरै समयमा नै बहादुर शाहलाई पत्यार पारेर गोरखाली भारादार-हरूसरह काम गर्ने मौका पाए ।

पश्चिमविजयको सिलसिलामा काजी शिवनारायण खत्री र सर्दार प्रबल रानाको मातहतमा गएको सैन्यले वि. सं. १८४६ असोजमा[३] जुंला विजय गऱ्यो । जुंलाको राज्यक्षेत्र ठूलो हुनाले केही प्रदेशमा अझ नेपालको अधिकार भइसकेको थिएन तथा जितिएका प्रदेशको लब्धप्रशमन गर्नु पनि बाँकी थियो । यिनै काममा लागि काठमाडौंबाट थप सैन्य पठाईंदा भक्ति थापा जुंलाको सुब्बा भई खटिए[४] । त्यस वेला जिल्लाको शासन सुब्बाको हातबाट चल्थ्यो[५] ।

---

३. "पूर्णिमा" ४ अङ्क ६४–६५ पृ.

४. जुम्लाविजयको विषयमा श्रीडिल्लीरमण रेग्मीले यस्तो लेख्नु भएको छ—

" इन् १७१२ शाक ( १७९० ए. डी. )…काजी शिवनारायण खत्री यॉन्ड सर्दार प्रबल राना वेर इन् कमान्ड् अफ फोर्सिज् अड्भान्सिङ् टु जुंला थ्रु मुक्तिनाथतिब्रिकोट । भक्ति थापा बिकेम् द सुबा अफ् द्यॉट् एरिअ आफ्टर् इट्स् फळ् [११] अन् आश्विन ९ ।

( "मडर्न नेपाल (आधुनिक नेपाल)" १११ पृ. )

[ १७१२ शाक (वि. सं. १८४७) मा …मुक्तिनाथ–तिब्रिकोटको बाटो जुम्लामा हमला गर्ने फौजका मातहती काजी शिवनारायण खत्री र सर्दार प्रबल राना थिए । जुम्ला विजय भइसके पछि[११] असोज ९ गते भक्ति थापा त्यो इलाकाका सुब्बा भए। ]

वि. सं. १८४७ मा जुम्ला विजय भयो, यसै साल असोज ९ गते भक्ति थापा जुम्लाका सुब्बा भएको कुरा वि. सं. १८४३ माघ शुदि ३ रोज २ को पत्रबाट थापा पाइन्छ भनी रेग्मी-ज्यूले लेख्नुभएको छ ।

वि. सं. १८४३ को पत्रबाट वि. सं. १८४७ मा भएको कुरा सिद्ध गरी रेग्मीज्यूले यहाँ विचित्र कुरा लेख्नुभएको छ ।

रेग्मीज्यूले निर्देश गर्नु भएको सो पत्र "इतिहास–प्रकाश" १ अङ्क ९ पृ. मा योगी नरहरिनाथ र श्रीजनकलाल ढकालले छपाउनुभएको हो । त्यहाँ उहाँहरूले यस पत्रको संवत् १८४३ छपाउनु-भएको थियो । पछि फेरि उहाँहरूले "हिमवत्संस्कृति" १ वर्ष ३ अङ्क ५–६ पृ.मा सोही पत्र छपाउनु-भएको छ । त्यहाँ भने उहाँहरूले यस पत्रको संवत् १८४६ छाप्नुभएको छ ।

यसरी एउटै पत्रका दुइ थरी संवत् उही सम्पादकले छापिदिएकाले कुनचाहिं संवत् सत्य हो भन्ने कुरा निर्णय गर्नुपरेको छ ।

---

११. लेटर् अफ् रणबहादुर टु भक्ति थापा डेटिड् भी एस् १८४३ माघ शुदि ३ रोज २
[११. वि. सं. १८४३ माघ शुदि ३ रोज २ को दिन रणबहादुरले भक्ति थापालाई लेखेको पत्र]

आफूलाई सुम्पिएको काज छिटो पूरा गर्न विचारले आफूसंग हिंडेका अरुहरूभन्दा चाँडै भक्ति थापा जुम्ला पुगे । जुम्लाको स्थिति काबूमा नआइसकेको हुनाले भक्ति थापाले विद्रोही-हरूलाई दबाई जुम्लाविजयलाई अझ दरो पारे। उनको यस कामबाट प्रसन्न भएको नेपालसरकारले उनलाई प्रोत्साहन दिई तथा अब गर्ने कामको निदशन दिई वि. सं. १८४६ माघ ८ गते भक्ति थापालाई लेखेको पत्र यस प्रकारको छ—

( श्री ५ रणबहादुर शाहको प्रशस्ति )

स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासमर्थ श्रीभक्ति थापाके आशीषपूर्वक-पत्रमिदं.

ज्याहा कुशल तांहां कुशल चाहिय. पत्र आयो. अर्थ माळूम भयो. आगे ज्यांहाको समाचार भलो छ.

उपान्त ज्याहांबाट तांहा पुग्याको तांहा पुग्यापछि परचा गर्याको भारदारको मनसुब षजनाको पातलो पर्याको[६] सब विस्तार बिंति गरि पठायीछस्. माळूम भयो.

---

वि. सं. १८४६ मा जुम्ला विजय भएको कुरा ''पूर्णिमा'' ४ अङ्क ६४–६५ पृ. मा छापिएको पत्रबाट बुझिने हुनाले यो पत्र वि. सं. १८४३ को हुन सक्तैन ।

यसरी पहिले वि. सं. २०१२ मा '' इतिहास-प्रकाश'' मा अशुद्ध छापिएको र पछि वि. सं. २०१६ मा ''हिमवत्संस्कृति'' मा शुद्धछापिएको देखिन्छ ।

''हिमवत्संस्कृति'' को सो अङ्क छापिइसकेपछि वि. सं. २०१७ वा २०१८ मा ( ई. स. १९६१ मा ) रेग्मीज्यूको ''आधुनिक नेपाल'' छापिएको हो तापनि रेग्मीज्यूले ''इतिहास–प्रकाश'' को अशुद्ध आधार नै लिनुभएको देखिन्छ ।

रेग्मीज्यूले निर्देश गर्नु भएको पत्रबाट वि. सं. १८४६ मै भक्ति थापा जुम्लाका सुब्बा भइसकेका थिए भन्ने पनि बुझिन्छ ।

यस कारण वि. सं. १८४७ मा जुम्ला विजय भइसकेपछि सोही साल असोज ९ गते भक्ति थापा जुम्लाका सुब्बा नियुक्त भए भन्ने रेग्मीज्यूको भनाइ अशुद्ध ठहर्छ ।

५. 'पूर्णिमा' २ अङ्क ६८ पृ.

६. षजनाको पातलो पर्याको = हातहतियारको कमी भएको ।

वैरिले चारैतरफ हंगमा[७] गर्दा भारादारले हान्न्या सल्लाह ठहरांउदा तस्तै बिचमा तं पुग्दा. षातीर कालको मुष गम् नपठाई हुम्लुका[८] मुष हानी वैरी काटचाछौ. बनायाछौ. पत्याईकन जुम्लाको सुबांगी मान बक्स्याको हो. ञाहां उप्रांतका काजकन पनी हाम्रो सप्रन्या तिमिहरुलाई जस् हुन्या परचाको घरि अवसर बुझि भारादारका सल्लाहसंग गर्न्या गर. जति कुरो अह्राउन्या हो. तिमिहरु जांदा अह्रायैको छ.

बांकी तांहा बल[9] पातलो[10] छ भनी तिमिहरु सबैलाइ संगै बिदा गरी पठायाको हो. तैले तांहां पुग्दा अरुले ढिलांउदा हातषुट्टा सबैको बरोबरै हो. एसमा हामीलाइ पनी आसर्ज्यै लाग्याको छ. गर्न्या नगर्न्याको विवेक गर्न्यैछौं. टेक्याको जमीन साफ नगरी [11] आगापरको[12] काज गरचा पर ब्रिरिछ. तसर्थ भारादारका सल्लाहसित तेस मुलुकको सर नभयाको[13] जमीन सर गर. सन्धिसर्पन हेरी ठाना हाल[14]. झार जंगल पस्याकाला[15]इ कुर हान. रसद षोल. बाह्र वर्षदेखि उभोकालाइ साफ गर[16].जांहान बच्चालाइ बस्तिमा बसाव. सालु सुवारको जमीन् काबु भयापछि आगापरको काज गरौंला. तेतीसम्मलाइ त ञांहांबाट हामीले बिदा गराइ पठायाका र तांहां भयाका बलले पुग्न्यैछ. पुग्याका पुग्यौ. नपुग्याकाकन तगदा लाइ[17] पठांउछौं. षर्षजानाका अर्थकन र बासदेउ राउतका[18] साथ लाइ पठायाको पुग्यो हो. अबउप्रान्त पनी पठांउदै गरौंला.

बांकि एस् पाला तंलाइ सतारमा थपिदियाका षेतका अर्थकन र हामिले बक्स्यैको छ आपनु बाहालि गर. कालिपारका[19] बितलप्या[20]लाइ

७. हंगमा = विद्रोह । ८. जुम्लाभन्दा उत्तरपट्टि हुम्ला छ ।

९. बल = फौज । १०. पातलो = थोरै । ११. टेक्याको जमीन साफ नगरी = आफूले दखल गरेको देश राम्ररी दखल नगरी । १२. आगापरको = त्यसभन्दा अघिल्तिरको । १३. सर नभयाको = नजितिएको । १४. ठाना हाल = किल्ला बना । १५. झार जंगल पस्याकालाइ = जङ्गलमा लुकि - रहेकालाई । १६. साफ गर = सिद्धया । १७. तगदा लाइ = ताकिता लाई । १८. गीर्वाणयुद्ध राजा बनाइँदा सही गर्ने भारादारहरूमा श्री वासुदेव राउत पनि छन् । त्यस वेला थिनी सूबेदार थिए ("रण बहादुर शाह" १२३ पृ.) ।

१९. कालिपारका = कालीगण्डकीपारका । २०. बितलप्यालाइ = तिरो तिर्नु नपर्ने बिर्ता पाए का-

बिसामुरी पुऱ्याउ भनी मोहर[२१] गरी ज्ञानीससमेत पठायाको छ. ताँहाँ ल्याउनान्. जो आउछन्. तनकन लेषी राष. नआउन्यालाइ याँहाँ बिति गरी पठा.

बाकि शिवनारायण षत्रीलाइ एकफेरो तांहां झिकि षातिरज्मा दि[२२] ञाहां पठाया बढिया होला भनि बिति गरि पठायिछस्. सेवकले सेत्रन गर्छ. षामोदले रिझदिन्छ. काजमा रिझाइराषेछ. हामी षुसि छौं. ञाहा झिकनाका अर्थलाइ बिस्तार शिवनारायण षत्रीका चिठिले बुझौला.

इति सम्वत् १८४६ माघ शुदि ३ रोज २[२३] मुकाम कांतिपुर शुभम्

यसरी जुम्लामा लब्धप्रशमन गर्ने र जुम्लाका नजितिएका प्रदेश दखल गर्ने काममा भक्ति थापाको ठूलो हात थियो भन्ने कुरालाई यस पत्रले देखाएको छ।

जुम्ला विजयपछि नेपाली सेनाले डोटी विजय गरेको थियो। हाम्रा भक्ति थापा डोटी विजय गर्न गएको कुरा तात्कालिक कवि शक्तिवल्लभ अर्ज्यालले यसरी लेखेका छन्—

डोटीश्वरं कार्मुकशिजिनीभिबद्ध्वानयेयं ध्वजिनीपुरस्तात् ।
इत्येव संकल्प्य पुनःपुनर्वै श्रीभक्तिथापा गजमारुरोह ।। ४१।।

("जयरत्नाकर नाटक" चतुर्थ कल्लोल ८२ पृ.)

["डोटीका राजालाई ताँदाले बाँधेर फौजको सामुन्ने ल्याउँछ" भन्ने अठोट वारंवार गरी श्रीभक्ति थापाले हात्ती चढे।]

वि. सं. १८४७ चैत्र ११ गते[२४] नेपाली सेनाले कुमाउ विजय गरेपछि नेपाल र गढवाल संधियार राज्य भए। नेपाली सेनाले आफ्नो विजययात्रालाई चालु गर्दै अगाडि बढ्दै गई गढवालका केही प्रदेश कब्जा गऱ्यो।

वि. सं. १८४८ को फागुनमा कौडे भन्ने ठाउँमा गढवाली सेना र नेपाली सेनाको बीच घोरघमासान लडाइँ पर्दा गढवाली सेना परास्त भयो। कौडेको यस लडाइँमा हाम्रा भक्ति थापाले पनि लडेका थिए।

यसपछि गढवाली राजा प्रद्युम्न शाहले सिरमोरिया राजा जगत्प्रकाशलाई रुपियाँ कबोलो नेपालसँग लड्नाको लागि उनको फौज ल्याई लङ्गुरगढमा राखेका थिए। तर प्रद्युम्न शाहले कबोल पूरा नगरेकाले सिरमोरिया फौज फर्कियो। यसपछि वि. सं. १८४९ भदौमा अवधको सल्लाहले नेपाल र सिरमोरको सन्धि भयो। यस सन्धिअनुसार सिरमोरले गढवालको राजधानी

---

हरूलाई। २१. मोहर = लालमोहर। २२. षातिरज्मा दि = कदर गरी।

२३. वि. सं. १८४६ माघ शुक्ल

| | गते | वार | तिथि | घ. | प. |
|---|---|---|---|---|---|
| माघ | ८ | सोम | तृतीया | २४ | १७ |

(यो गणना श्रीदेवीप्रसाद भण्डारीले गरिदिनुभएको हो।)

२४. "पूर्णिमा" ५ अङ्क ६० पृ.

श्रीनगरमा नेपालको प्रभुत्व स्वीकार गऱ्यो । नेपाल र सिरमोरको सीँध यमुना नदी निश्चित भयो । यो सन्धि गर्ने नेपाली अधिकारीमध्ये हाम्रा भक्ति थापा पनि एक थिए ।

यो खबर काठमाडौंमा आएपछि यताबाट कालु पाँडे र भगु खवासको मातहतमा श्रीनगरको रक्षाको लागि फौज खटिएर गयो । सुब्बा जोग मल्ल र सुब्बा भक्ति थापा त्यहाँका शासक नियुक्त भए । त्यहाँ खटिएका मुख्य सेनापति तथा शासक काजी जगजीत पाँडे श्रीनगरबाट काठमाडौंमा वि. सं. १८४९ असोज २५ गते फिर्ता बोलाइए । यसरी अब हाम्रा भक्ति थापाको हातमा श्रीनगरको शासन आयो[२५] ।

---

२५. ( श्री ५ रणबहादुर शाहको प्रशस्ति )

स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीकाजी जगजीत पाँडे श्रीसर्दार अम्बरसिं थापा श्रीकप्तान गोलज्या षवासके आशीषपूर्वकपत्रमिदम्.

...उप्रान्त कौडयामा वैरि आइ बस्याको कतिले तहां अर्का मुष आयाकालाइ श्रामन वर्षा अम्बरसिं थापाले पल्टन अरु फौजसमेत ग्वाहार दिन गयाको वैरिलाइ घर्काई कत्तल गरी काट्याको हानमार गऱ्याको फर्दसमेत बिति गरि पठायाछौ. विस्तार मालुम भयो. लडाइ फत्य गऱ्याछौ. बनायाछौ. फागुणमा लेष्याको चिठि रहेछ. असौजका ८ दिन जांदा यहां आइपुग्यो.......

उप्रान्त ताहां तिमीहरूले पनि कुलच्याको जिमी थामी आयाको वैरी काट्याछौ. तसर्थ ती जगा बडा ऐश्वर्यले मिल्याको छ. ... अब हाम्री हों. थामपुर गरीबक्सनेछौं.

उप्रांत देवनिधि पन्तले चिठि लेष्याको ४० दिमा यहां आइपुग्यो. तस् चिठीमा क्या लेषेको रहेछ भन्या श्रीमोरिया राजाको फौज् मदतलाई लंगुरगढमा थिया. गढवालाका राजाले कबोल्याको रुपैंआ नदिंदा फौज फिऱ्यो. नवापक्षा सल्लाहासित अलखनंदामा भेट भै घाको बन्दोबस्त भयो. श्रीयमुनापार श्रीमोरियाले षानु. वार गोर्षाले षानु. यो बन्दोबस्त गरी राजा फिऱ्यो. श्रीनगर गोर्षाको अम्बल भयो भनि लेष्याछन्. यहि समाचार ... बस्या २।४ जना मानिसले पनि लेष्याछन्. ताहांबाट आइपुग्याको छैन तपनी समाचार सांचै ठहरायौं. समाचार सांचै भयापछि त बढीयै काम गऱ्याछौ भनी षुसी भयौं.

अब गर्न्या काजका अर्थकन कालुपाडे भगु षवासलाई ताहा पठायाको छ. इ २ समेत इनको पल्टन औ जोग मल्ल भक्ति थापा तस नया देसका सुबा ताहा राषी यति फौजले ताहां संभार रहने भनी काजी जगजीत पांडेका चित्तमा देष्या सरदार सुबा उमरा सुबेदारलाइ तैले षटाई तहा राषनु. काजीले षटायाका मानिसले षटनमा रहनु. जो रहदैन सो अपसरिया. जो रहला सो सरिया. काजी जगजीत पांडेले चाहिंदा मानीस ली तहाँको बन्देज गरी यस समय पजनी सबेरै गर्नु छ. मोहर देषत हजुर आ... ... ... ...

इति संवत् १८४९ साल कार्तिक वदि ७ रोज १‡ मुकाम कान्तिपुर शुभम् ।

("ऐतिहासिक पत्रसंग्रह" पहिलो भाग ५६-५७,६१ पृ. )

---

‡यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

| वि. सं. १८४९ कार्तिक कृष्ण | | |
|---|---|---|
| गते | वार | तिथि |
| असोज २५ | आइत | सप्तमी |

(पात्रोबाट)

नयाँ नयाँ प्रदेश जित्दै नेपाली सेना अगाडि बढ्दै गइरहेको वेलामा यता जितिएका प्रदेशमा फाटफुट विद्रोह पनि भइरहेको थियो।[२६] वि. सं. १८४९ भदौमा भोट र चीनको संयुक्त फौज धैबुङ आइपुग्दा यताउता छरिएको आफ्नो सैन्यशक्तिलाई सँगेटी त्यतातिर लगाउनुपरेको मौका छोपी भेरीपारका राज्यमा एकपटक फेरि विद्रोह उठ्यो। यस समयमा जुम्लामा उठेको विद्रोह त्यहाँ आईकन भक्ति थापाले दबाएका थिए भन्ने कुरा तलको पत्रबाट बुझिएको छ—

अर्जि—

उप्रान्त जुम्ला हान्न्या भारादारले कलेल राजाको[२७]तषत[२८]लिनिबित्तिक चौगानामा गढि बनाई सर्व जुम्लो साध्य गर्याछन्. धैबुंमा भोट्याआउदा-का समये भेरिपार यकछत्त कुल[२९] हुँदा त्यो समय कुल्ह् वा बस्याका पगरिलाई[३०] त्यसै गढिभित्र जुम्लिले घेर्दा भक्ति थापा आई पगरि खजना उकासि कुल्याहाको[३१] निपात भयछ.

आज ति गढि सबै भत्क्याका छन्. निति जान्न्या पाका मानिस सबै सकिया छन्. काम पर्‍यो भन्या पाटामा[३२]षजना राषि छातिको आड गर्न पर्न्या रहेछ.

सप्र्याबिग्र्याको बिति गर्न्या सेवकको धर्म हो.

......गढ हान्न गया. अलकनन्दावार बिना लडाइँले सर भयो. फेरि लङ्गुरगढीमा भारी फौज लिई राजा प्रतिमन साही चढदा श्रीनगर उत्कागढीमा सुब्बा कालु खवास बिरघा रोकाया तहाँ राखी हाम्रा लश्कर हान्न सलागढीमा गई बस्या। तहाँ लिंगलिंगका बराहसगुता राखी जबर-खालमा ठाना हाली बस्या। तहाँबाट खिचाखालमा सर्दार अमरसिंह थापा गई ठाना हाली बस्या। पालपाली अर्का थुममा बस्या। फेरि वैरी सलामा चढ्यो। ठूलो लडाइँ भयो। लिंगलिंगका हारया रामकृष्ण खत्रीसमेत बराहसगुता पर्‍यो। तसै बीच कौडयामा वैरी चढ्दा सर्दार अमरसिंह थापा सर्दार भक्ति थापा❀ थरघर उमराव गई काटी धपाया।...काजी जगजीत पाँडे, सर्दार अमरसिंह थापा, कप्तान गोठैजा, कप्तान रणवीरसिंह खत्री, सर्दार भक्ति थापाहरू बसी श्रीमोही-डसँग घा हुँदा प्रतिमन साही भाग्यो। गोरखाले हरिद्वारमा खाँडो पखाली फेरि श्रीनगरमा आईबस्यो।

("भाषावंशावली"बाट)

२६. "ऐतिहासिक पत्रसंग्रह" पहिलो भाग ५३–५५ पृ.

२७.जुम्ली राजवंश कलेल कहिएको थियो। २८. तषत = गद्दी। २९. कुल = विद्रोह। ३०. पगरी = सरकारी अधिकारी। ३१. कुल्याहा = विद्रोही। ३२. पाटा = खुला ठाउँ।

❀ वंशावलीमा भक्ति थापालाई सर्दार लेखिए तापनि यस वेला उनी सर्दार भइसकेका थिएनन्, सुब्बै थिए, पछि मात्र सर्दार भएका हुन्। यसको विशेष चर्चा पछि गरिनेछ।

बिति कामको भेर रह्या टहलमा लाई बक्सनुभया सेवकले टहल पुऱ्याउन सकन्याछ ·

जो १ सो सहि·

सेवक सिहदल अधीकारिको दंडवत् सेवा

(अप्रकाशित यो पत्र वीरपुस्तकालयमा छ ।)[३३]

यसरी भेरीपारका अनेक प्रदेश जित्ने र जुंला आदि प्रदेशमा शासन चलाउने काम हाम्रा भक्ति थापाले गरेका थिए भन्ने कुरा अतिसम्मको उनको इतिवृत्तबाट बुझिएको छ ।

(क्रमशः)

❀

(क्रमागत)

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे

## (वि. सं. १८१५-८८)

–दिनेशराज पन्त

वि. सं. १८५१को उठानतिर रणबहादुर शाहले राज्याधिकार आफ्नो हातमा लिने इच्छा प्रकट गरे । बहादुर शाहले पनि उनको इच्छा बुझी खुरुक्कै उनलाई राज्याधिकार सुम्पिदिए[१] ।

यसपछि परिस्थितिले अर्कै मोड लियो । पृथ्वीनारायण शाहले पैदा गरेर गएको विजिगीषु भावनाले बल पाउन छोड्यो । यसरी बहादुर शाहको पतनपछि यस घटनाले अनेक कुरामा असर पाऱ्यो ।

लक्ष्मीपति पाँडेको अवस्थामा त यस घटनाले ठूलो असर पाऱ्यो । उनले राजकाजमा उत्रेई आफ्नो योग्यता देखाउने मौका बहादुर शाहको अनुग्रहबाटै पाएका थिए । २० वर्षको उमेरमा लक्ष्मीपति सर्वप्रथम कार्यक्षेत्रमा उत्रंदाखेरि राज्यको बागडोर बहादुर शाहकै हातमा

३३. पछि वि. सं. १८७०मा चन्द्रवीर कुंवरले भीमसेन थापा र रणध्वज थापालाई लेखेको पत्रमा भक्ति थापालाई गिराउने विचारले लेखिएको वाक्यबाट पनि जुंलाको विद्रोह दबाउनामा भक्ति थापाको हात थियो भन्ने बुझिन्छ–

"जुंलामा कुल हुंदा पनि सिमकोट मैले उछिन्याथ्या. छिनाछिन पनि मैले उकास्याथ्या. पाति भक्ति थापाले आफै लाया."

(वीरपुस्तकालयबाट प्रकाशित "ऐतिहासिक चिट्ठीपत्र संग्रह" १९ पृ.)

१. ऐतिहासिक–पत्रसंग्रह दोस्रो भागको १०० पृष्ठ हेर्नुहोस् ।

थियो[२] । बीचमा खटपट भई बहादुर शाह अधिकारबाट हटाइँदा लक्ष्मीपतिले पनि खुम्चिएर रहनुपरेको थियो । वि. सं. १८४२ मा फेरि बहादुर शाहको हातमा अधिकार आएपछि पश्चिमतिरको विजययात्रा शुरू हुँदा लक्ष्मीपतिले त्यस बेला ज्योतिषी र खरीदार (परराष्ट्रविभागका तालुकवाला) का रूपमा काम गर्ने अवसर पाएका थिए । यसको विशेष चर्चा पहिले गरिसकिएको छ ।[१]

जग्गाजमीनबाहेक निकै नगद संपत्ति पनि लक्ष्मीपतिले बहादुर शाहको पालामा कमाएका थिए । लक्ष्मीपतिले त्यस वेला कमाएको नगद संपत्तिको सूची उनकै हस्ताक्षरमा लेखिएको पाइएको छ । लक्ष्मीपतिको विषयमा बुझ्न केही मदत दिने हुनाले सो यहाँ दिइन्छ—*

स्वस्तिश्रीसवत् १८५५ साल कार्तिक वदि १२ का दिन काठमाडौ शहरका घरको माल सभ कांछिका जिम्मा भयाको कांछिका हात फर्दसमेत्[२] दि गयाकामा म काशिबाट आयापछि कांछीले दबायाको उपल्ला घरको. श्रीसंवत् १८५७ साल माघ शुदि १५ मा आज् ्पछि सबै बसि हेर्दा नपायाको कांछिले नदिदा नपायाको मालको तपसील— — — — —

| | |
|---|---|
| जर्द[१] चिउली थान १० | सालको बुटेदार रुमाल १ |
| हरिया चिउली था. ३ | सिर्पाउमा दियाको जामा १ तासको |
| सालको[३] रुमाल सपेद[४] १ | तासको पटुका १ |

---

२. (श्री ५ रणबहादुर शाहको प्रशस्ति)

स्वस्तिश्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीयोगनारायन मल्ल श्रीब्रजवासी पाँडे (के) आसिष. इहाँ कुसल. ताहाँ कुसल चाहिये. आगे इहाको समाचार भलो छ. उप्रांत सर्वजित रानाले अकर्म गरयो र काटियो. मुलुकको गर्नु भंनु श्रीमाहिला बाबालाइ बक्स्यौं. इनैका मार्फतसित मामिला गर. तेता पूर्वतिरको संभार बनाइ गर. बाकि मध्येसतिर पनि मानिस हाल. भोटतिर पनी मानिस हाल. ज्या हाल हकिगत आउछ. सो विस्तार विंति गरि पठावन्या गर. इति संवत् १८३५ साल भाद्र सुदि ११ रोज ४ मुकाम कांतिपुर शुभम्.

(चित्तरञ्जन नेपालीको रणबहादुर शाहको १०८ पृष्ठबाट)

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८३५ भाद्र शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| भाद्र | २१ | बुध | एकादशी | ४४। ८ |

(पात्रोबाट)

यो पत्र लेखिएको २ महीनापछि लक्ष्मीपति पश्चिमतिरको युद्धमा ज्योतिषी भई खटिएका हुन् । (पूर्णिमा ७ अङ्कका ७३–७४ पृष्ठ हेर्नुहोस् ।)

१. पूर्णिमा ८ अङ्कका ३४–४१ पृष्ठ हेर्नुहोस ।

* यस लेखमा उपयोग गरिएका पत्र पात्रा मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहका हुन् ।

२. फर्द = लगतको कागत । [१]जर्द = पहेंलो । ३. साल = असल उनी कपडा । ४. सपेद = सेतो।

जांगा कळकी श्रीपेच
कलसद्दान चाँदीको सरयानी नयाको १
बनातको लाल च्यादर[१] १
बनातको हरियो च्यादर १
धूसा[२] जोडा २
तांसको[३] षासटो १
ठूलो गळैंचा १
ठूलो सतरंजा १
पर्वत्या कंबल ४
रुंजाटारचा कंबल ३
मिश्री लाल पाषी असळ् २
पुटु पाषी सपेत १ राघ्या[४] १ कुतीको
मखमलको आसनी १

काशिवाल मशु थान १५
पगडी नया सबंन्द ३
मलमल पूर्वी थान ४
तरन्दान थान ४
मालदही थान ७
हातिदातका गाता जोर २
हातिदातको नाडीवलय[५] १
हातिदात समुचा[६] १
हातिदात का काटचाटूक्[७] २७
दर १२ सूनका टुक् साना ठूला ज्मा २५७
तोल ज्मा तोला ३६ मासा ४
दर१७असल सून थान७तोला ३३।३३का
दर १८सूनाको अंगुठी माणिक् जड्याको १

दर १७ सुनको तावीज[८] तोला ३ को १
दर १२ सुनको लेषनी[९] ३ तोला तोलाका
एकमुखी रुद्राक्ष १ कल्पित
जोत्तिरुद्राक्ष २ एघारमुखी २ बाह्रमुखी ३
वज्रांगसुन्दरीगुटका १
दर १२ सूनाको छुरी तोला ४ मासा २लाल ७
चादीको समादान[१०] गुलाबपास[११]
तो ३ बहादूर साहले दियाको षुकुरी सुनाको
कोथी[१२] गंजसमेत[१३] भयाको १
तांवाको गगरी[१४] ठूला १४ अंतरचा १२०
दिक्‌साधन[१६] ठूला १ सानु १

तामचिनी रेकावी २ कटौरा कटौरी ३
मृगांक* तोला ८ मोतिभस्मको बट्टा १
ताम्रेश्वरको≡ बट्टा १ रससिन्दूरको बट्टा १
२ विवाहका गहना कमाई राघ्याका रुपैया ४५२ बट्टा २ समेत्
मोती दाना ठूला २८ ठुला केराउ जत्रा
मोती दाना ५० कोमाला २ मुङ् दानाको
छोटा मोती लर १६ विस् विस् दानाका
मूगाको कंठा १ किरम् षोर
खाग[१७] समुचा १ काटचाको १
त्रिलोही[१८] अंगुठी ३

---

१. लाल च्यादर = रातो पछ्यौरा । २. धूसा = मसिनो ऊनी ओढ्ने । ३. तांस = एक प्रकारको असल रेशमी कपडा । ४. राघ्या = राधेपाटे (बुट्टा बुट्टा भएको) । ५. नाडीवलय = ज्यौतिषको यन्त्र । ६. समुचा = सिङ्गो । ७. टूक् = टुक्रा ।

८. तावीज = बूटी । ९. लेषनी = कलम । १०. समादान = सामदान (मैनबत्ती बाल्ने पानस)। ११. गुलाबपास = गुलाबजल हालेर छर्कने एक किसिमको सुरही जस्तो सानो भांडो । १२. कोथी = खुकुरीको दापका टुप्पामा जडिने धातुका बुट्टादार वा सादा वस्तु। १३. गंज = कलम कर्द, आदि घुसारी राख्नाका निम्ति खुकुरीको दापमा जडिएको थपुवा खण्ड । १४. गगरी = गाग्रा । १५. अंतरचा = मझौला । १६. दिक्‌साधन = दिशा छुट्याउने यन्त्र । * मृगांक = क्षयरोगको ओखती । ≡ ताम्रेश्वर = तामाको भस्म (दम र शूलको ओखती) । १७. खाग = गैंडाको सिङ । १८. त्रिलोही = तीन धातु (सुन चांदी तामा)को ।

धनाश्रीका[1] अशल माला २
सिमृतावाका अंगुठी ३
चुंबक्को छुरी १
चुंबको सिली[2] जस्तो १
चाँदीका धाउको[3] टूक १
झर्नापर्नाका षानीको मट्टी[4] हनूमद्दत्त पंडितले ल्याबाको १
सिमरवको[5] कटौरी १
अमरसिं थापाले दियाको पिरौजाको[6] सारणी १
मंत्रकूटोद्धारको पुस्तक १
यवनजातक पुस्तक १
जातकताजिक मूल १
चमत्कारचिंतामणी टीका १
मुहूर्तचिंतामणि मूल १
अमरकोश मूल १

एति माल मँ कांछि विसु पाध्या हटवाल बसि हेर्दा पाइएन. फेरी वन्देउ थापा[7] शशिधर पाध्या कट्याळ् आंगीचोक्या कान्तु पाध्या गौरीशकर विनाडीसमेत भै सोधपुछ गर्दा मैले षायाँ. उडाञा. आधा मेरो हो. आधा ज्येठीका सन्तानले षोज्याका दिन मेरा छोरा बुझाउन सक्न्यैछन् भनी. श्रीबाहादूर साहका समयभर कमायाका भित्रि संपत्तिमा नगद माल एत्ति हो. कांछिका पेट छ.

बहादुर शाहको पतन भएपछि लक्ष्मीपतिको पहिलो अवस्था रहेन। राजदरबारमा ज्योतिषीको रूपमा स्थान पाए तापनि उनको पनि पतन शुरू भयो।

बहादुर शाहले राज्याधिकार रणबहादुर शाहलाई छोडिदिए तापनि काका भतिजामा राम्रो संबन्ध कायम रहन सकेन। परस्परमा मनोमालिन्य बढ्दै गयो। यस कारण एउटा अर्को थापी वि. सं. १८५३ फाल्गुन ११ गते बहादुर शाह कैद गरिए। वि. सं. १८५४ आषाढ १४ गते बहादुर शाहको मृत्यु भयो[8]।

त्यस वेला राजदरबारमा भावनामा ठूलो खलबली ल्याउने एउटा घटना घटेको थियो। त्यो हो रणबहादुर शाहले कान्तवतीसँग विवाह गर्नु। कान्तवतीको गर्भबाट वि. सं. १८५४ आश्विन १९ गते गीर्वाणयुद्धविक्रमको जन्म भयो। लक्ष्मीपति त्यस वेला राजदरबारमा ज्योतिषीको रूपमा कायमै थिए। गीर्वाणयुद्धविक्रमको जन्म हुनेबित्तिकै आफ्नो पात्रोमा लक्ष्मीपतिले टिपोट गरेको संक्षिप्त वाक्यशैली देख्दा यस घटनादेखि उनी सशङ्क थिए भन्ने देखिन्छ। उनले वि. सं. १८५४ को पात्रोमा टिपोट गरिराखेको वाक्य यस प्रकारको छ—

---

१. धनाश्री = रुद्राक्षका आकारको साना साना दानाको माला लाइने एक जातको फल। [2] सिलो = छुरा हँसिया उदयाउने सानो ढुङ्गो। [3] धाउ = खानिबाट निस्केको कोरा धातु। [4] मट्टी = माटो। [5] सिमरव = सिङ्गमरमर। [6] पिरोजाको = फिरोज शाहको पालामा बनेको। [7] वन्देउ थापा = भक्ति थापाका दाजु।

८. १८५३ फागुन ११ गते राति बहादुर शाह कैद। १८५४ आषाढ १४ गते परलोक।

(ऐ. शि. बाबुराम आचार्यको टिपोटबाट)

आश्विन १९ गते आश्विन शुक्ल एकादशी आदित्यवार श्रीपु. कान्त. राज

यहाँ कान्तवतीतर्फबाट राजाको पुत्र जन्म भन्ने कुरालाई पूरा रूपमा नलेखी "श्रीपु. कान्त. राज" भनी सङ्केतरूपमा लेखिएको हुनाले लक्ष्मीपतिको त्यस वेलाको मानसिक अवस्था बुझिन्छ।

यसपछि लक्ष्मीपतिले राजदरबारमा आफ्नो स्थिति झन् झन् प्रतिकूल हुँदै गइरहेको अनुभव गरे। यस कारण वि. सं. १८५५० कार्तिक २३ गते नेपालबाट लक्ष्मीपति काशीतिर गए।

रानी कान्तवती रणबहादुर शाहको ज्यादै मन परेकी थिइन्। उनी विरामी भएकी हुनाले आफ्ना छोरालाई राजगद्दीमा बसेको हेर्ने उनको ठूलो इच्छा पुरचाइदिने विचार रणबहादुर शाहले गरे। यसै हुँदा वि. सं. १८५५ फाल्गुन २८ गते रणबहादुर शाहले डेढ वर्षका गीर्वाणयुद्धविक्रमलाई राजगद्दीमा राखे। यस कुरामा पछि विरोध गर्लान् भनी भारादारहरूलाई पहिले नै धर्मपत्र गराइएको थियो[1]। यसपछि रणबहादुर शाह स्वामी महाराज भई रहन लागेका थिए। लक्ष्मीपतिले गीर्वाणयुद्धविक्रमको राज्याभिषेक भएको खबर काशीमै सुने। आफ्नो पात्रोमा उनले यस घटनालाई टिपेका छन् तथा उनले लेखेको यस विषयको भिन्दै कागत पनि पाइएको छ। ती यस प्रकारका छन्–

फाल्गुन २८ गते फाल्गुन शुक्ल द्वितीया शुक्रवार घटी १०।५ षु राज्याभिषेकः

(वि. सं. १८५४ को पात्रोबाट)

सं.१८५५ शा.१७२० फाल्गुनशुक्लद्वितीयायां शुक्रवा (सरे) उत्तरभाद्रचतुर्थचरणे मार्तण्डमण्डलार्द्धोदयाद्ग(तघटीषु) १० (प) लेषु ५ नेपालदेशे श्रीश्रीश्रीपुत्राभिषेकः।

(राज्याभिषेकको कागतबाट)

[वि. सं. १८५५ शाके १७२० फाल्गुन शुक्ल द्वितीया शुक्रवार उत्तरभाद्र नक्षत्रको चारौं पाउमा सूर्योदयदेखि १० घडी ५ पला गएमा नेपालदेशमा श्रीश्रीश्री (महाराजाधिराज रणबहादुर शाह) का छोराको राज्याभिषेक भयो।]

कान्तवतीको रोग निको होस् भनीकन औषधोपचार, पाठपूजा आदि अनेक उपाय गरिएको थियो। तैपनि उनको रोग निको भएन। आखिर वि. सं. १८५६ कार्तिकमा कान्तवतीको मृत्यु भयो। यस घटनाले स्वामी महाराजको मनमा ठूलो चोट पर्‍यो। औषधि गर्ने वैद्य, पाठपूजा गर्ने पुजारीवर्गले मलाई ठगे भन्ने प्रतिक्रिया उनको मनमा पर्‍यो। साथै देवदेवताप्रति पनि उनको त्यस वेला आस्था घट्यो[2]।

यस वेला रणबहादुर शाहले आवेगमा गरेको कामकारवाहीले भिन्न भिन्न एक किसिमको खलबली मच्चाइदियो। यसै हुँदा भारादारहरूले वि. सं. १८५६ माघतिर गीर्वाणयुद्धविक्रम-लाई नुवाकोट लगी राजधानी नै उहीं सारिदिए। "भारादारहरूले हजुरको विरुद्धमा जाल कमाउन लागेका छन्" भनेर बलभद्र शाहहरूले सुनाइदिंदा रणबहादुर शाह क्रुद्ध भए। "म फेरि राजा भएँ" भनेर उनले घोषणा गरे। आफ्ना अनुयायीहरूलाई मिलाई उनी नुवाकोटमा आक्रमण गर्ने तयारीमा लागे। यो कुरा नुवाकोटमा पुगेपछि भारादारहरूले पनि रक्षाको लागि

१. रणबहादुर शाहका ११८—२३ पृष्ठ हेर्नुहोस्।
२. त्रिरत्नसौन्दर्यगाथाको १५५ पृष्ठ हेर्नुहोस्।

आवश्यक बन्दोबस्त मिलाए । यसो हुंदा आफू आफूमै युद्धको स्थिति देखा पर्न लागिसकेको थियो [1] ।

तर आफ्नो बल कम भएको अनुभव गरो वि. सं. १८५७ ज्येष्ठ ८ गते रणबहादुर शाह भीमसेन थापा, प्राण शाह, दलभञ्जन पाँडे, बालनरसिंह कुंवर आदि भारादारहरू साथ लिएर काशीतिर हिंडे [2] । ज्येष्ठ ११ गते उनी सीमाना नाघेर ज्येष्ठ १६ गते काशी पुगे । रणबहादुर शाहको पछि लागेर राजराजेश्वरी पनि काशी पुगिन् [3] ।

लक्ष्मीपतिले रणबहादुर शाहको काशीयात्राको मिति वि. सं. १८५७ को पात्रोमा यसरी टिपेका छन्—

> ज्येष्ठ ८ गते ज्येष्ठ कृष्ण दशमी आदित्यवार रा. घ. ५ हिड्याको [4]
> ज्येष्ठ ११ गते ज्येष्ठ कृष्ण त्रयोदशी सोमवार रात्रिशेषघटी ०।३० सिवाना नाघ्याको
> ज्येष्ठ १६ गते ज्येष्ठ शुक्ल तृतीया सोमवार काशी आईपुग्याको प्रातर्घरी थाल्नी वेलामा
>
> यसपछि भारादारहरूले राजधानी काठमडौमा सरे । [5]

रणबहादुर शाहले नेपाल छोडेका ४ महीनाजति पछि नेपालसरकारबाट लक्ष्मीपतिलाई बोलाहट भयो—

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायेणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्धविक्रमसाहाबहादूरसम्सेरजङ देवानां सदा समरविजयिनाम्—

स्वस्तिश्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीलक्ष्मापति पाडेके प्रणामपूर्वकपत्रमिदम्. ज्याहा कुशल. तांहां कुशल चाहि. आगे ज्याहाको समाचार भलो छ. उप्रांत अदिनका [6] प्रभावले अन्नजलले ताहा पुरचायो त पनि घर तंम्रो येहि हो. मोहोर [7] देषत [8] तिमि आऊ. तिम्रो बिग्रयाको सच्याइ षानादानाको बरदास्ति [9] गरिबक्सौंला. ढिलो नगरी चाडो आऊ. ईति सम्वत् १८५७

---

१. त्रिरत्नसौन्दर्यगाथाका २८६–९० पृष्ठ हेर्नुहोस् ।

२. पूर्णिमा ७ अङ्कको ७७ पृष्ठ हेर्नुहोस् ।

३. इतिहास–प्रकाश १ अङ्कको ४१ पृष्ठ हेर्नुहोस् ।

४. ठिमीनिवासी चन्द्रमान जोशीकहाँ रहेको टिपोटसंग पनि यो मिति मिल्छ । सो यस प्रकारको छ—

सम्वत् १८५७ साल मिति जेष्ठ १० रोज १ श्री ५ स्वामिजु पाटनबाट कासि पाउलाग्याको दिन त्यो हो.

५. त्रिरत्नसौन्दर्यगाथाको १६५ पृष्ठ हेर्नुहोस् ।

६. अदिनका = खराब दिनका । ७. मोहोर = लालमोहर । ८. देषत = देख्नेबित्तिकै । ९. बरदास्ति = बन्दोबस्त ।

साल मिति कार्त्तिक शुदि ७ रोज ६[१] मुकाम कांतिपूर. शुभं.

बोलाहटको लालमोहर पुगेपछि लक्ष्मीपति वि. सं. १८५७ माघ १९ गते नेपाल आए।

काशीबाट काठमाडौं फर्केपछि पनि लक्ष्मीपतिको राजकाजसंग विशेष संबन्ध रहेको देखिदैन। यसरी अब उनको जीवन ज्योतिषी वृत्तिमै सीमित रहन लाग्यो।

यहांका भारादारहरू रणबहादुर शाहलाई काशीमै रोक्न चाहन्थे। यही सूत्रबाट वि. सं. १८५८ कार्त्तिक १२ गते नेपाल–अङ्ग्रेजसन्धि भयो[२]। वि. सं. १८५९ वैशाख ९ गते राजदूत भई कप्तान नक्स नेपाल आए[३]। उनले नेपालमा आएर भारादारहरूलाई पैसा खुवाई फोड्ने कोशिश गरे। तर पृथ्वीनारायण शाहको शिक्षा पाएका नेपाली भारादारहरूलाई उनले आफ्नो पक्षमा मिलाउन सकेनन्[४]।

यसै वेला काशीबाट बडामहारानी राजराजेश्वरी फर्किन्। त्यस बेला सुवर्णप्रभाले नायबी चलाइराखेकी थिइन्। राजराजेश्वरी नेपालभित्र पसेको खबर सुनेर सुवर्णप्रभाले राजराजेश्वरीलाई रोक्न फौज पठाइन्। तर सो फौज नै राजराजेश्वरीसँग मिलिदिंदा राजराजेश्वरी दरबार भित्रिइन्[५]।

यसपछि वि. सं. १८५९ चैतमा नक्स आफ्नो नीति सफल नभएको देखेर नेपालबाट फर्के। वि. सं. १८६० माघ १३ गते कम्पनी सरकारले सन्धि तोडिएको घोषणा गऱ्यो[६]।

अब रणबहादुर शाहलाई काशीमा रोक्ने बन्धन केही भएन। त्यसपछि रणबहादुर शाह आफ्ना अनुयायीका साथ काशीबाट नेपालतिर हिंडे। रणबहादुर शाह थानकोट नजिकै

---

१. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८५७ कार्तिक शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| कार्तिक | ११ | शुक्र | सप्तमी | ४१। ३३ |

(पात्रोबाट)

२. पूर्णिमा २ अङ्कको ७१ पृष्ठ हेर्नुहोस्।

३. श्रीशाके १७२४ सम्वत् १८५९ साल नेपालसम्वत् ९२३ मिति वैसाष वदि १ रोज २ फिलंगी नक्साहेव गैह्र फिलंगी सर्दार जना ३ नेपालमाहा आईकन श्रीसेंगुगलया तालकोस वास याङा चोना (श्रीसिम्भु गढको नजीकै बसे।)

(चन्द्रमान जोशीकहाँ रहेको टिपोटबाट)

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं १८५९ वैशाख कृष्ण (पूर्णिमान्तमानले)

| | गते | बार | तिथि | घडी पला |
|---|---|---|---|---|
| वैशाख | ९ | सोम | परेवा | ४। ५८ |

(पात्रोबाट)

४. त्रिरत्नसौन्दर्यगाथाको ६० पृष्ठ हेर्नुहोस्।

५. इतिहास–प्रकाश १ अङ्कको ४१ पृष्ठ हेर्नुहोस्।

६. पूर्णिमा २ अङ्कको ७२ पृष्ठ हेर्नुहोस्।

आइपुगेको खबर सुनेर ससैन्य दामोदर पाँडे थानकोट पुगे । तर सिपाहीहरू रणबहादुर शाहपट्टि मिल्दा दामोदर पाँडे पक्रिए[१] । वि. सं. १८६० फाल्गुन २१ गते रणबहादुर शाह काठमाडौं आइपुगे । उनी लुमडीमा आएर बसे । त्यहाँ ५ दिन बसेपछि फाल्गुन २७ गते रणबहादुर शाह राजदरबारमा पसे । यसपछि चैत्र ३ गते दामोदर पाँडे काटिए । दामोदर पाँडेका साथै उनका छोरा र उनको पक्षमा मिलेका अरू भारादारहरू पनि काटिए[२] । यस घटनाले भीमसेन थापाको उदय भयो ।

दामोदर पाँडेहरूसँग लक्ष्मीपतिको विशेष संबन्ध थियो[३] । यस कारण भीमसेन थापाले दामोदर पाँडेका पक्षपाती लक्ष्मीपतिलाई निग्रह गर्नुपर्थ्यो । तर आफ्नो घरमा पनि पुरोहित भएका[४] लक्ष्मीपतिलाई भीमसेन थापाले निग्रह वा अनुग्रह केही गरेनन् ।

(क्रमशः)

—०—

(क्रमागत)

# पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति

—नयराज पन्त

६ प्रक्रम–

४ प्रश्नमालाका जम्मै प्रश्नलाई अभ्यास गरेपछि घनमूल ल्याउँदा गर्नुपर्ने त्रैराशिकमा

---

१. इतिहास-प्रकाश १ अङ्कको ४२ पृष्ठ हेर्नुहोस् ।

२. श्रीशाके १७२५ सम्वत् १८६० नेपालसम्वत् ९२४ मिति चैत्र वदि ५ रोज ५ श्री ५ स्वामिज्यु काशिबाट पाउलागि श्रीलुमडिस बिज्याता दीन ५ मुकाम याता जुलो. चैत्र वदि १० रोज ४ रात्रीस दर्वारस विज्याता जुलो ॥ थ्वंलिव (लुमडीमा ५ दिन बस्नुभयो । चैत्र कृष्ण दशमी बुधवार राति दरबारमा पस्नुभयो । यसपछि) काजि दामोदर पाँडे १ रणकेसर १ भिमकाजि १ तस्को जेठो छोरा १ शुवेदार १ काटचो.

(चन्द्रमान जोशीकहाँ रहेको टिपोटबाट)

सं. ९२४ मिति नस्त चै. शुक्ल द्वितीया अंगारवार खुनु काजि दामोदर पादे रनकेशर पादे काजि भिं मुख्या इन्द्रभा सर्दार सर्पसि दुओ ङ्याह्म ५ स्याङा दीन. ह्म २ मिखा ह्लोल. ह्म १ कोमथे षाल.

(वीरपुस्तकालयमा रहेको परम्पराघटनावलीबाट । श्रीगुरु शंकरमान राजवंशीको संग्रहबाट यो प्राप्त भएको हो ।)

[ने. सं. ९२४ (वि. सं. १८६०) नष्ट चैत्र शुक्ल द्वितीया मङ्गलवारका दिन काजी दामोदर पाँडे, रणकेशर पाँडे, काजी भीम मुखिया, भारादार इन्द्र, सर्दार सर्पसि दुओ(?) यी ५ जना मारिए । २ जनाको आँखा झिकियो, १ जनालाई अधोमुण्टो पारी झुण्ड्याइयो ।]

३. पूर्णिमा २ अङ्कको ३७ पृष्ठ हेर्नुहोस् ।

४. अभिलेख-संग्रह पहिलो भागको उपोद्धातको ७ पृष्ठ हेर्नुहोस् ।

$$\text{प्रमाण} = \left\{ १०(\text{घनमूलको अन्त्य अङ्क}+१) \right\}^{३} - (१०\text{घनमूलको अन्त्य अङ्क})^{३}$$

हुँदो रहेछ भन्ने कुरो विद्यार्थीको मनमा स्पष्टसंग चढ्न सक्छ ।

घनमूलको अन्त्य अङ्क = मू मान्दा

$$\text{प्रमाण} = \left\{ १०(\text{मू}+१) \right\}^{३} - (१०\text{मू})^{३}$$

$$= १००० (\text{मू}+१)^{३} - १००० (\text{मू})^{३}$$

$$= १००० \left\{ (\text{मू}+१)^{३} - (\text{मू})^{३} \right\}$$

प्रमाणफल = १०

इच्छा = मूलको घन घटेको अन्त्य घनको दायाँतिर रहेको उपान्त्य घनसम्मका तीन अङ्क

$$\text{इच्छाफल} = \frac{१० \times \text{इच्छा}}{\text{प्रमाण}}$$

$$= \frac{१० \times \text{मूलको घन घटेको अन्त्य घनको दायाँतिर रहेको उपान्त्य घनसम्मका तीन अङ्क}}{१००० \left\{ (\text{मू}+१)^{३} - (\text{मू})^{३} \right\}}$$

यताबाट–

"जुन संख्याको घनमूल लिनु छ तेसका आदिको अंक माथि बिन्दु दिनु । फेरि दुइ २ अंक छाडदै बिन्दु दिदै जानु । तेसमा जति बिन्दु हुन्छन् तेती अंक मूलमा आउदछन.

फेरि अन्त्यका बिन्दुदेखि जति अंक हुन्छन् तेतिको एक संख्या मानि तेसमा जतिको घन घटन सकतछ, घटायेर शेषमा आर्का बिन्दुसम्मका अंक उतारि दसले गुणनु । तेसलाइ मूलको र एक जोडियाको मूलको घनको अन्तर, हजारले गुणेकाले भाग लिनु । जो लब्धि आउदछ त्यो मूलको आर्को अंक हुन्छ । फेरि ति दुइ अंक भयाका संख्याको घन गरि आर्को बिन्दु देखि घटाउनू."

गोराल पाँडेको यस उक्तिको स्पष्टसंग अर्थ लाग्छ तथा त्यसको उपपत्ति पनि मनमा चढ्छ ।

$$\text{इच्छाफल} = \frac{१० \times \text{मूलको घन घटेको अन्त्य घनको दायाँतिर रहेको उपान्त्य घनसम्मका तीन अङ्क}}{१००० \left\{ (\text{मू}+१)^{३} - (\text{मू})^{३} \right\}}$$

$$= \frac{\text{मूलको घन घटेको अन्त्य घनको दायाँतिर रहेको उपान्त्य घनसम्मका तीन अङ्क}}{१०० \left\{ (\text{मू}+१)^{३} - (\text{मू})^{३} \right\}}$$

यस कारण

'शेषमा आर्का बिन्दुसम्मका अंक उतारि दसले गुणनु । तेसलाई मूलको र एक जोडियाको मूलको घनको अन्तर, हजारले गुणेकाले भाग लिनु"

भन्नाको साटो.

"शेषमा आर्का बिन्दुसम्मका अंक उतारि तेसलाइ मूलको र एक जोडियाको मूलको घनको अन्तर, शयले गुणेकाले भाग लिनु"

भनेको भए पनि हुन्थ्यो ।

$$\begin{aligned} & (\text{मू}+१)^३-(\text{मू})^३ \\ &= \text{मू}^३+३\text{मू}^२+३\text{मू}+१-\text{मू}^३ \\ &= ३\text{मू}^२+३\text{मू}+१ \\ &= ३(\text{मू}^२+\text{मू})+१ \end{aligned}$$

हुन्छ

यताबाट

$$“(४९८)^३-(४९७)^३ = ३\{(४९७)^२+४९७\}+१$$

तब $(४९७)^२ = २४७००९$

मूल जोडदा ४९७

२४७५०६

३ ले गुणदा ७४२५१८ यसमा १ जोडदा ७४२५१९ यो घनान्तर भयो."

गोपाल पाँडेको यस उक्तिको स्वष्टसँग अर्थ लाग्छ तथा त्यसको उपपत्ति पनि मनमा चढ्छ ।

१ उदाहरण.

१४०४९२८ को घनमूल ल्याउँदा

१४०४९२८(१ $\quad = ३(१^२+१)+१$

१ $\quad = ३\times२+१ = ७$

पहिलो भाज्य ४०४ $\quad$ पहिलो भाजक ७००

७००) ४०४(०

घनमूलको उपान्त्य अङ्क १ लिंदा

११

१२१
११      १४०४      $३(११^२+११)+१$

१२१      १३३१      $=३\times१३२+१=३९७$

१२१    दोस्रो भाज्य    ७३९२८      दोस्रो भाजक ३९७००

१३३१

३९७००)७३९२८( १
३९७००

घनमूलको तेस्रो अङ्क २

यस कारण अभीष्ट घनमूल ११२

उत्तर जाँच्न

११२
४४४
१२१
१२५४४
११२
२५०८८
१२५४४
१२५४४
१४०४९२८

यस कारण उत्तर शुद्ध छ ।

२ उदाहरण

१७४०९९२४२७ को घनमूल ल्याउंदा

१७४०९९२४२७(      $३(१^२+१)+१$

१      $=३\times२+१=७$

पहिलो भाज्य ७४०      पहिलो भाजक ७००

७००)७४०(१
७००

घनमूलको उपान्त्य अङ्क २ लिंदा

१२
१४४
१२
२८८
१४४
१७२८

१७४०
१७२८

$३(१२^२+१२)+१$
$=३\times१५६+१=४६९$

दोस्रो भाज्य १२९९२ दोस्रो भाजक ४६९००

४६९००)१२९९२(०

घनमूलको तेस्रो अङ्क ०लिंदा*

१७४०९९२
१७२८०००

$३(१२०^२+१२०)+१$
$=३\times१४५२०+१=४३५६१$

तेस्रो भाज्य १२९९२४२७ तेस्रो भाजक ४३५६१००

४३५६१००)१२९९२४२७(२
८७१२२००

घनमूलको चौथो अङ्क ३

यस कारण अभीष्ट घनमूल १२०३

उत्तर जाँच्न

१२०३
१४४७२०९
१२०३
४३४१६२७
२८९४४१८
१४४७२०९
१७४०९९२४२७

यस कारण उत्तर शुद्ध छ ।

*१७४०९९२ बाट १२१ को घन नघट्ने अडकल सजिलैसंग हुन्छ । किनभने १२ को घन नै १७२८ हुन्छ ।

## ५ प्रश्नमाला

*६ प्रक्रमको रीतबाट तलका संख्याका घनमूल ल्याउ—*

(१) १०७९३८६१
(२) १०९४१०४८
(३) ११०८९५६७
(४) १७७१५६१
(५) ९३९३९३१
(६) १२४८७१६८
(७) ११८५२३५२
(८) ४१०६३६२५
(९) ८२३१२८७५
(१०) १६०१०३००७
(११) २५६०४७८७५
(१२) ४१५१६०९३६
(१३) ६६३०५४८४८
(१४) ५२१६६०१२५
(१५) ३५१८९५८१६
(१६) १०७०५९९१६७
(१७) ८६२७७३८६५१
(१८) २३२६२०३१२५
(१९) २४११४९४८२१
(२०) ९४४७३४५५४४
(२१) ३०१९६६४४५५४४
(२२) २६२३८९८३६८०८
(२३) १८०८२६७७३२४८७
(२४) २९०७६७४५६४४१७
(२५) १४१२५१०४०६५७१७

## उत्तर

(१) २२१
(२) २२२
(३) २२३
(४) १२१
(५) २११
(६) २३२
(७) २२८
(८) ३४५
(९) ४३५
(१०) ५४३
(११) ६३५
(१२) ७४६
(१३) ८७२
(१४) ८०५
(१५) ७०६
(१६) १०२३
(१७) २०५१
(१८) १३२५
(१९) १३४१
(२०) २११४
(२१) ३११४
(२२) ६४०२
(२३) १२१८३
(२४) १४२७३
(२५) २४१७३

*७ प्रक्रम*

५ प्रश्नमालाका जम्मै प्रश्नलाई अभ्यास गरेपछि त्रैराशिकबाट घनमूल ल्याउने जुन रीति गोपाल पाँडेले दिएका छन्, सो रीति उपपत्तिसम्मत तथा व्यवहार्य पनि रहेछ भन्ने स्पष्ट हुन्छ ।

गोपाल पाँडेले आफ्नो रीतिमा पर्न आउने विषयमा बोलेका कुराको खुलासा गर्नु आवश्यक हुनाले सो अब गरिन्छ।

घनमूलमा १ अङ्क (१ देखि ९ सम्म) मात्र आउने भएमा कुनै रीतिको आश्रय लिनु नपर्ने हुनाले घन घोकेर मात्र त्यहाँ काम चल्दछ। घनमूलमा १० आउने भएमा पनि हेर्नेबित्तिकै सो थाहा पाइन्छ।

(११) १३३१ को घनमूल ल्याउँदा

१३३१ ( १ $३(१^२+१)१=७$
१
७०० ) ३३१ ( ०

∴ घनमूल ११

(१२) १७२८ को घनमूल ल्याउँदा

१७२८ ( १
१
७०० ) ७२८ ( १

∴ घनमूल १२

(१३) २१९७ को घनमूल ल्याउँदा

२१९७ ( १
१
७०० ) ११९७ ( १

यहाँ लब्धिभन्दा १ बढी अङ्क लिंदा २ आउँछ। यस कारण अभीष्ट घनमूल १२ आउने देखिन्छ। तर वास्तवमा घनमूल १३ आउँछ। यस कारण लब्धिभन्दा २ बढी लिनुपर्छ।

(१४) २७४४ को घनमूल ल्याउँदा

२७४४ ( १
१
७०० ) १७४४ ( २

यहाँ पनि लब्धिभन्दा दुइ बढी लिनुपर्छ।

(१५) ३३७५ को घनमूल ल्याउँदा

३३७५ ( १
१
७०० ) २३७५ ( ३

यहाँ पनि लब्धिभन्दा दुइ बढी लिनुपर्छ।

(१६) ४०९६ को घनमूल ल्याउँदा

४०९६ ( १

१

७००) ३०९६ ( ४

यहाँ पनि लब्धिभन्दा दुइ बढी लिनुपर्छ ।

(१७) ४९१३ को घनमूल ल्याउँदा

४९१३ ( १

१

७०० ) ३९१३ ( ५

यहाँ पनि लब्धिभन्दा दुइ बढी लिनुपर्छ।

(१८) ५८३२ को घनमूल ल्याउँदा

५८३२ ( १

१

७०० ) ४८३२ ( ६

यहाँ पनि लब्धिभन्दा दुइ बढी लिनुपर्छ ।

(१९) ६८५९ को घनमूल ल्याउँदा

६८५९ ( १

१

७०० ) ५८५९ ( ८

यहाँ भने लब्धिभन्दा एक बढी लिए हुन्छ ।

यसरी १३, १४, १५, १६, १७, १८ यी सङ्ख्याका घनबाट घनमूल ल्याउँदा लब्धिमा दुइ बढी लिनुपर्ने भएको हुनाले १९ सम्मका सङ्ख्याको घन घोकाउनु नै श्रेयस्कर संझी गोपाल पाँडेले—

**"एक देखि नौसम्मका अंकको घन उसमा र उन्नइस सम्म यसमा कण्ठस्थ गर्नु पर्छ."**

—यस्तो बोलेका हुन् ।

(क्रमशः)

यो निबन्ध तयार गर्दा नानी शङ्करमानले मेरो इच्छा तथा विचारअनुसार काम गरिदिएका छन् । नानी गौतमवज्र, महेशराज, दिनेशराजहरूले पनि यसमा अलिकता काम गरिदिएका छन् । सबैलाई यथोचित धन्यवाद छ ।

# हाम्रो वक्तव्य

संशोधनमण्डलले नेपालको सर्वाङ्गपूर्ण इतिहास तयार पार्ने उद्देश्य अगाडि राखी आफ्नो शक्तिले भ्याएसम्म काम गर्दै आएको छ । आफ्नो उद्देश्य–पूर्तिको लागि शोध र खोज गर्नु आवश्यक हुँदा दुवै कुरातिर संशोधनमण्डलले उत्तिकै प्रयत्न गर्दै आएको छ । पूर्णिमाका पाठकलाई अब यो कुरा विदित भइसकेको पनि छ भन्ने हामीले ठानेका छौं ।

नयाँ नयाँ कुरा थाहा भएपछि पुराना कुरामा स्वतः संशोधन गर्नुपर्ने हुन्छ । अतः कुनै कुरामा संशोधन निस्कयो भने आफ्नो मान अपमानको दृष्टिले यसलाई हेर्नुपर्ने कुनै कुरा होइन । शोध खोजमा लागेकाहरूको लागि आफ्नो लेखमा आएका संशोधनको स्वागत गर्नु साधारण कुरा हुन्छ । तर हाम्रो देशमा यस्तो अवस्था आइसकेको छैन भन्ने कुरा केही काल यताको अनुभवले हामीलाई बुझ्न कर लाएको छ ।

संशोधन-मण्डलले त आफ्ना अशुद्धि थाहा पाउनासाथ पहिले त्यसको संशोधन गरिहाल्ने नियम बसाएको छ । कहिले छुट्टै पुस्तिकाको रूपमा र कहिले कुनै लेखको प्रसङ्गमा हामी आफ्ना अशुद्धिको संशोधन गरिहाल्छौं । यस कारण हाम्रा लेखमा परेका अशुद्धिको सूचना कतैबाट पाएमा त्यसको तथा अरूबाट भएका हाम्रा प्रमाणसिद्ध संशोधनको हामी स्वागत गर्छौं ।

पूर्णिमा ४ अङ्कका ६४–६५ पृष्ठमा र ६ अङ्कका ५३–५५ पृष्ठमा मुस्तांगी राजा आंग्याल दोर्जेलाई नेपाली भारादारले र नेपालसरकारले लेखिदिएका दुइ पत्र छापिएका छन् । तिनमा परेका ठाउँको परिचय साधारण नक्शाको आधारमा हामीले दिएका थियौं । तर तिनमा केही ठाउँको परिचय अशुद्ध भयो भन्ने सूचना बागळुंगनिवासी श्रीॐकारप्रसाद गौचनले हामीलाई अहिले दिनुभएको छ । ती ठाउँ गौचनज्यूको राम्ररी परिचित हुँदा हामीले साधारण नक्शाको भरमा दिएको परिचय अशुद्ध हुन गएको छ भन्ने हामीलाई विश्वास भयो । यस कारण संशोधन गर्नु आवश्यक भएको हुँदा तिनको यहाँ संशोधन गरिन्छ ।

| अशुद्ध– | शुद्ध |
|---|---|
| मुक्तिनाथभन्दा अलि उत्तरतिर थाक पर्दछ । | मुक्तिनाथभन्दा अलि दक्षिणतिर थाक पर्दछ । |
| जुम्लामा ठिला भन्ने एक नदी छ । यही ठिला नदी नै ठिनी हो कि ? | मुक्तिनाथभन्दा दक्षिण, थाकभन्दा उत्तरतिर ठिनी गाउँ छ । |
| मुस्तांगभन्दा १८ कोश परतिर बाँदरफट्का रहेको छ । | मुस्तांगभन्दा वर टुकुचेभन्दा दक्षिण, दानाङबाट उत्तरतिर बाँदरफट्का छ । |

ॐकारप्रसाद गौचनज्यूले यसरी हाम्रा अशुद्धिको सूचना हामीलाई दिनुभएकोमा हामी उहाँउपर कृतज्ञता–ज्ञापन गर्नु आफ्नो कर्तव्य संझन्छौं ।

यसै प्रसङ्गमा एउटा अर्को कुराको पनि यहाँ चर्चा गर्नु आवश्यक भएको छ । वि. सं. २०२३ वैशाख १७ गते शुक्रबारका गोरखापत्रमा श्रीमहेशचन्द्र रेग्मीले 'खेतको हिसाब' शीर्षकले

सम्पादकको नाउँमा चिठी छपाउनुभएको छ। १-खेत बराबर २५ रोपनी हुन्छ भनी हामीले पूर्णिमामा लेखेको अशुद्ध भयो भनी त्यहाँ लेखिएको छ । उहाँका वाक्य यस प्रकारका छन—

" संशोधन–मण्डल, १०।४५२ महाबौद्ध, काठमाडौंबाट प्रकाशित "पूर्णिमा" त्रैमासिक पत्रिकाको पूर्णाङ्क ६ (श्रावणसंक्रान्ति, २०२२) को पृष्ठ ५९ को पादटिप्पणीमा श्रीनयनाथ पौडेलज्यूले १।४० (पाखो) खेत बराबर ३५ रोपनी हुन्छ भनी लेख्नुभएको रहेछ । तर त्यस समयको जमीन नाप्ने व्यवस्थाको अध्ययन गर्दा उहाँको भनाई ठीक देखिदैन । "नानीसाहेब लक्ष्मीदेवी" को पचलीको अभिलेख, जसको उहाँले ऐतिहासिक व्याख्या गर्नुभएको छ, बिक्रमसंवत् १८७० को हो । त्यस समयमा यस्ता जग्गाको सांध लगाउने थरघर, मोहीं नाइके अमाली आदि कर्मचारीलाई "पानी खेत रोपनी २५ को खेत १, पाखो खेत रोपनी २८ को खेत १, घडचारी नेपालमा खेत १ को रोपनी ५, पर्वतमा खेत १ को रोपनी ७ का हिसाबसंग सांध लाईदिनु," भन्ने व्यवस्था गरेको देखिन्छ । यस व्यवस्थाको आधारमा, पाखो खेत १।४० को ३९.२ रोपनी हुनुपर्ने जस्तो लाग्दछ ।"

बि. सं. १८७० मा १ पाखो खेत बराबर २८ रोपनी हुन्थ्यो भनी महेशचन्द्र रेग्मीज्यूले यहाँ लेख्नुभएको छ । तर प्रमाणको उद्धरण वा उल्लेखचाहिं यहाँ गर्नुभएको छैन । २५ रोपनी को १ खेत हुन्छ भन्ने पहिलेदेखि चलिआइरहेको साधारण परिभाषा हो । तर कहिलेकहीं परिभाषामा अन्तर पर्न सक्ने हुनाले वि. सं. १८७० मा रेग्मीज्यूले लेख्नुभए जस्तै १ पाखो खेत बराबर २८ रोपनी भन्ने व्यवस्था कायम भएको थियो कि त भन्ने जिज्ञासा भएकोले यसको प्रमाण हेर्न हामी उहाँकहाँ पुग्यौं । तर अनावश्यक लामा गन्थन गरी उहाँले सो प्रमाण हामीलाई देखाउनुभएन । यसो गर्नामा के रहस्य लुकेको थियो, हामीले केही बुझ्न सकेनौं। या त उहाँसंग रहेको प्रमाण कच्चा छ, या त स्वार्थवश सो प्रमाण प्रकाश गर्न उहाँ चाहनुहुन्न । जे होस्, यो कुनै विद्वान्लाई सुहाउने राम्रो कुरा भएन । लोकव्यवहारमा पहिलेदेखि चलिआइरहेको कुरा अशुद्ध भयो भन्ना सिद्ध गर्न त्यसको प्रमाण प्रकाश गर्नु अत्यावश्यक हुन्छ । अनि मात्र त्यो विद्वद्ग्राह्य हुन्छ । यस कारण प्रमाण प्रकाशमा नआउन्जेल रेग्मीज्यूले संकेत गर्नुभएको हाम्रो अशुद्धिको संशोधन स्वीकार गर्नु उचित छैन भन्ने स्पष्ट छ ।

—०—

# मातृवियोग

वि. सं. २०२३ श्रावण
महाबौद्ध, काठमाडौं, नेपाल

रचयिता तथा प्रकाशक–
नयराज पन्त

म प्रतिदिन प्रायः केहीनकेही लेख्तछु । एकनासे पठनपाठनतिर म लागेको हुँदा मेरा लेखमा पनि प्रायः एकनासेपन रहेको हुन्छ । लेख पहिले मनमा तयार गरी पछि कागतमा उतार्ने मेरो स्वभाव छ । मनमा तात्कालिक बाह्य घटनाको प्रभाव नपरी रहन सक्तैन । यस कारण मनमा ठूलठूला प्रभाव पर्दा मेरो लेखको एकनासेपन खलबलिन्छ ।

मेरो जन्म वि. सं. १९७० श्रावणमा भएको हो । मेरा पिता पं. कृष्णदत्त पन्तको मृत्युचाहिं वि.सं. १९७१ फाल्गुनमा भएको हो । यस कारण पिताको मृत्यु हुँदा म डेढ वर्षको थिएं । यस कारण मलाई पितृवियोगको अनुभव भएन । म मेरा मातामह पं. भुवननाथ पाँडेको देखरेखमा हुर्कें । मेरा मातामहको मृत्यु वि.सं. २००० पौषमा भयो । त्यस वेला म पूरा तीस वर्ष भइसकेको थिएँ । यस कारण मातामहको मृत्युको आघात मेरो मनमा पर्‍यो र मैले उहाँको संक्षिप्त जीवनचरित्र तुलनात्मक ढङ्गले लेखें *। सो निबन्ध प्रकाश गराउने इच्छा त थियो । तर त्यस वेलाको अवस्थाले मैले त्यसो गर्न सकिनं । मातामहले मुहूर्त्तविषयक एउटा ग्रन्थको संग्रह गर्नुभएको छ । सो ग्रन्थ प्रकाश गराउँदा त्यसको उपोद्घातमा सो जीवनचरित्र पार्ने मेरो इच्छा छ । तर अहिले तेइस वर्ष बित्न लाग्दा पनि मैले त्यसो गर्न सकेको छैन । किनभने हाम्रो यहाँ सम्पादक तथा प्रकाशकको प्रबन्ध मिलाई ग्रन्थ प्रकाश गराउनु सजिलो कुरा छैन ।

वि. सं. २०२३ आषाढमा मेरी आमा यज्ञप्रियाको मृत्यु भयो । अन्त्यकर्मपद्धतिको राम्रो सामान्य ज्ञान पनि मलाई थिएन । पुरोहितको सिकारु विद्यार्थी जस्तो भई मैले आमाको दाह आदि अन्त्यकर्म गरें । नरदेवीबाट स्वयम्भू जाने विष्णुमतीको पुलको नजीकैको पौवाको दलानमा क्रियापुत्र भई बस्ने सल्लाह पुरोहितहरूबाट मैले पाएँ । दलानमा पराल ओछ्याई त्यसमाथि काम्लो ओछ्याई धोती रुमाल लाई ओढ्ने ओढी म बस्न लागें । यसो गरी उपवासपूर्वक पहिलो दिन बित्यो ।

दोस्रो दिनदेखि बिहान स्नान तर्पण पिण्डदानहरू गर्नुपर्दो रहेछ । सो गर्न एक डेढ घण्टा लाग्दो रहेछ †। दिउँसो दुइ अढाई घण्टा गरुडपुराणको सुनाइमा बित्दो रहेछ । अरू समय चूप-लागेर बस्नु सुन्नुपर्थ्यो । दान गर्नुपर्ने वस्तुहरूको किनमेल जोरजाम गर्ने आदि गृहस्थीको काम मेरा मामा मा. मेरुनाथ पाँडेले गर्नुभएकोले त्यतातिरको चिन्ता मलाई थिएन । एक छाक हविष्य खाई बस्ता शरीरमा विशेष आघात पर्ने सम्भावना थिएन । यस कारण मेरो शरीर अस्वस्थ भएन । तर मनले विशेष काम केही पाएन । पठनपाठन गर्नु भएन । किताप हेर्नु भएन । अरू मेरो मनोविनोदको विषय

---

* मेरा मामाका जेठा छोरा चन्द्रनाथको मृत्यु वि. सं. २००३ श्रावणमा भएको हो । मेरी पत्नी बुधकुमारीको मृत्यु वि.सं. २०११ पौषमा भएको हो । चन्द्रनाथको मृत्युले मेरो पाठनपद्धतिमा र बुधकुमारीको मृत्युले मेरो गृहस्थीमा आघात पारेको हुनाले त्यस वेला मैले मनको शान्तिको लागि पद्यरचना गरेथें । अरू इष्टमित्र तथा मान्यजनहरूको मृत्युबाट पनि मनमा आघात पर्दा मैले केही लेखेको छु ।

† दोस्रो दिन दुइ दिनको काम गर्नुपरेकोले ३ घण्टा जतिको समय यस काममा लाग्यो ।

छैन। मन त्यसै खाली बस्दैन। यताउता मन नाचेर मनमा अशान्ति हुने सम्भावना थियो। स्नानादिक्रिया, पुराणश्रवण, सहानुभूति देखाउन आएका इष्टमित्रहरूको सान्त्वना, बगैंचा तथा नदीको दृश्यले यथाकथञ्चित् दिन बित्थ्यो, रातमा एक झमट त मस्त निद्रा पर्थ्यो, तर बिउँझेपछि निद्रा लाग्न गाह्रो थियो। यस अवस्थामा आमाका नानाप्रकारका अवस्था म झलझल देख्न लागें। तर यसबाट मनमा अशान्ति मात्रै बढ्थ्यो। यस कारण मैले मनको शान्तिको लागि केही पद्य बनाउने विचार गरें। विषयचाहिं तात्कालिक घटना नै पार्दा मनलाई शान्ति हुने विचार भयो। पद्य बनाउँदा यो पद मिलेन, यसको सट्टा यस्तो पद हाल्न पाए हुन्थ्यो भन्ने विचारतिर मन जाने हुनाले समय बितेको विशेष याद रहँदैनथ्यो। यस कारण मैले ती न्यास्रा रातका निद्रा नलागेका भागलाई र दिनका पनि एकान्तका समयलाई* पद्यरचनामै बिताएँ। जम्मा दशवटा पद्य बने। विशेष मिहिनत गरी बनाएका हुनाले ती दशवटै पद्य मलाई हर्र आउने भए। महेशराज र दिनेशराजलाई भनेर ती पद्य लिपिबद्ध गराएँ। ठाउँ ठाउँमा पद नमिलेको मलाई लाग्यो र ती पद फेर्नपट्टि लागें। यत्तिकैमा नौ अहोरात्र बिते। दशौं दिनमा ढिकुरो फोडी मुण्डन गरी दूबो, सर्स्यूं, अक्षताहरू छोई नीमको पात खाई गाई ब्राह्मणहरूको दर्शन गरेपछि अन्त्यकर्म पद्धतिसम्मको पुस्तक हेर्नु हुँदो रहेछ र दिउँसो फुर्सदमा सोही पुस्तक हेर्न र राति दिउँसो हेरेका विषयलाई संझन लागें। यताबाट अन्त्यकर्मपद्धतितिरको मलाई केही ज्ञान भयो।

विक्रमको सातौं शताब्दीका उत्तरभारतका सम्राट् हर्षवर्द्धनका पिता प्रभाकरवर्द्धनको मृत्युको वर्णन हर्षका दर्बारिया कवि बाणले हर्षचरितमा विस्तारपूर्वक काव्यात्मक ढङ्गले लेखेका छन्। त्यसको धेरैजसो भाग मलाई उपस्थित थियो। यस कारण अहिले आफूले गरेको क्रिया, पण्डित नित्यानन्द पन्तले बनाएको अन्त्यकर्मदीपक (जसलाई म हेर्थें), बाणको वर्णनको तुलनात्मक अध्ययन गर्न म लगें। यसबाट मेरो मनमा केहि शान्ति भयो, एकादशाह, द्वादशाहको काम गर्न केही सुबिस्ता भयो। यसै गरी दशौं, एघाह्रौं, बाह्रौं दिन बिते। तेह्रौं दिनमा घरमा आई बर्खीको आशौचको नियममा रही पठनपाठनतिर लागें।

मैले ९ अहोरात्रभित्रमा बनाएका १० पद्यमा विशेष कुरो केही छैन। मेरा सन्तानले मेरी आमाको नाम र मृत्युतिथि खोजे भने यसमा पाउनेछन्। हाम्रो यहाँका अहिलेका मध्यमश्रेणीका ब्राह्मणपरिवारको जीवनयात्राको विषयलाई भविष्यका मानिसहरूले जान्न चाहे भने सानो ज्ञान यसबाट पाउनेछन्। मेरो मनःस्थितिको विषयमा बुझ्न खोज्ने मनुष्यले यताबाट केही प्रकाश पाउनेछन्। परन्तु यी तीनै कुरा लोकलाई विशेष काम लाग्ने होइनन्। नेपालको इतिहासलाई यस्ता कुराले अगाडि बढाउने पनि होइन भन्ने कुरो मलाई राम्रो थाहा छ। तैपनि यी पद्यलाई प्रकाश गराउने इच्छा मैले छोडन सकिनं। किनभने मेरा यस्ता फाटफुट धेरै पद्य यताउति परी केही त बेपत्ता पनि भइसकेका छन्। यस कारण मैले यसलाई प्रकाश गराएको हुं।

---

* दुई दिनसम्म त आफैंले भात पकाई खाई भाँडा माझ्नुपरेकोले त्यसमा दुई अढाई घण्टाको समय बित्थ्यो। चौथो दिनदेखि भात पकाइदिने मान्छे आएकाले दिनमा पनि बढ्ता फुर्सद हुन लाग्यो।

श्रीसंवत् द्विसहस्र तेइस हुँदा आषाढको तेइस
लाग्दो वार बृहस्पति क्षण थियो आसन्नसूर्योदय ।
चौथी श्रावणमासको तिथि थियो, चान्द्री कला घट्तथ्यो,
श्रीआमा वय अष्टसप्तति हुँदा यज्ञप्रिया जानुभो ॥

१

श्रीसंवत् द्विसहस्र तेइस = वि. सं. २०२३। क्षण = वखत । आसन्नसूर्योदय = सूर्य उदाउन १ घडी १५ पला (३० मिनेट) बाँकी रहेको = अरुणोदय भइसकेको अर्थात् मिरमिरे उज्यालो भइसकेको। चान्द्री कला घट्तथ्यो = चन्द्रमाको कला घट्तै गएको थियो अर्थात् कृष्णपक्ष थियो । वय = उमेर। अष्टसप्तति = अठहत्तर । वि. सं. १९४५ पौषमा जन्म ।

वि. सं. २०२३ आषाढ २२ गते बुधवार जाँदो २३ गते बृहस्पतिवार लाग्दो बिहान पौने पाँच बजे श्रावण कृष्ण चतुर्थी तिथिमा आमा यज्ञप्रियाको ७८ वर्षको उमेरमा स्वर्गवास भयो ।

झाडा वान्त भएर रोग पहिले आयो र पीडा गर‍्यो,
पर्दा औषध वान्त बन्द हुनगो, झाडा त्यसै बग्दथ्यो ।
अर्को औषधले दिसा पनि हट्यो, केही सुबिस्ता भयो,
पाक्यो कान र वक्त्रभित्र खटिरा एक्कासि देखापर‍्यो ॥

२

औषध = बिल्वचूर्ण, शङ्खभस्म, कर्पूरासव खाने । ग्लुकोजको इन्जेक्शन (१)। अर्को औषध = पाकेको बेलको सर्बत, रामबाण, कर्पूररस खाने (२) । पाक्यो कान = कानभित्रबाट पीप बगेर आयो । वक्त्र = मुख ।

निल्नालाइ समेत कष्ट हुनगो, अर्कै पर‍्यो ओखती,
सुक्दै गो मुखभित्रको त खटिरा, केही भयो सुस्थिति।
बढ्दै गो रुचि, रोगशान्तितिरको थो संझियो लक्षण,
आमाको उपचारको विषयको यस्तै थियो प्रक्रम ॥

३

ओखती = गन्धक, शृङ्गाराभ्रक, शङ्खभस्म, चन्दनादि, धान्यपञ्चक खाने । कस्तूर्यादितेल खटिरामा लाउने । कोरामिन खाने। ग्लुकोजको इन्जेक्शन (३)।

यसपछि अलि क्षुम्म देखिएकोले (३) को कस्तूर्यादितेलबाहेक अरूलाई बन्द गरी काञ्चनाभ्रक, रसचूर्ण, किम्बचूर्ण, चन्द्रोदय खाने (४)।

सुस्थिति = सुबिस्ता । रोगशान्तितिरको – रोग घट्त गएको । उपचार = ओखती स्याहारसुसार । प्रक्रम = कामकार्रबाई ।

आमाको सह्यारसुसार मेरा दुइ जना बहिनी मखन (मामाकी जेठी छोरी) र नानी (कान्छी सानी आमाको छोरी = राजज्योतिषी राधानाथ लोहनीकी कान्छी गृहिणी) ले विशेष रूपले गरेका थिए।

श्रीमद्भागवतार्थको र भगवद्गीतार्थको सारमा
आमाको मन मग्न भैकन रहोस् भन्ने लिई कामना।
आमालाइ सुनाउँथें दिनदिनै प्रायः दुवै ग्रन्थ ती,
आमालाइ तथा मलाइ यसले आनन्द मिलथ्यो अति ।।

४

कामना = इच्छा । प्रायः = धेरैजसो ।

लाग्दा रोग कडा सबै नियममा व्यत्यास आयो तथा
राम्रो चल्न सकेन भागवत औ गीतार्थ सुन्ने प्रथा ।
आमाको मन विष्णुको चरणमा लागोस् भनी तैपनि
आमालाइ सुनाउँथें दुइवटै ती ग्रन्थ वेला चुनी ।।

५

व्यत्यास = उलटपुलट । प्रथा = साबिकबमोजिमको नियम । वेला चुनी = बखत विचार गरी।

राम्रो लक्षण नै थियो विधिवशात् ग्लानत्व बढ्दै गयो,
नाडीको गति बिग्रियो, अगदले छोएन भन्ने भयो ।
अर्कँ औषध पारियो, छटपटी बढ्दै गयो, आखिर
गर्ने जो दशदानको विधि थियो, सोही गऱ्यौं आखिर ।।

६

विधिवशात् = भाग्यको खेलले । ग्लानत्व = ग्लानि ।

विधिवशात् ग्लानत्व बढ्दै गयो = आषाढ २१ गते आग्रह गरी आमा एक्कै छिन उठेर बस्नुभएको थियो। यसै कारणले मुट्टुमा खलबल परेको हो कि भन्ने वैद्य सिद्धिवज्र वज्राचार्यको अडकल छ। वि.सं. २०१९ पौष ७ गते मेरी जेठी माइज्यू पीताम्बरीको मृत्यु भएको हो। कडा रोग लागिरहेको वेलामा मृत्युको २ दिन अगाडि निकै बेर उठेर उहाँ बस्नुभएको थियो। यस कारण वैद्यले भनेको कुरा हो कि जस्तो मलाई लाग्छ, तर आयुर्वेदको सामान्य ज्ञान पनि नभएको म यस विषयमा केही विचार गर्न सक्तिनँ ।

अगदले = ओखतीले । अर्क औषध = मृगमदासव, वसन्तकुसुमाकर, चन्द्रोदय खाने (५) । दशदानको विधि = मर्नु भन्दा अगाडि गाई, जग्गा, तिल,सुन, घिउ, कपडा, अनाज, चाकु, चाँदी, नून यी दश पदार्थ दान गर्ने चलन छ । यी पदार्थ जोर्न नसकिएमा यथाशक्ति रुपियाँ दान गर्ने चलन छ । यी दानलाई दशदान भनिन्छ । दशदानसँगै अरू ३ गोदान पनि गर्नुपर्छ ।

श्रीमद्भागवतको दान पनि भयो ।

विस्तारैसँग घाटतर्फ लगियो, श्रीवाग्वतीतीरमा
रातैमा पुगियो, घडीभर भयो विश्रान्ति सो तीरमा ।
आमाको अनि ब्रह्मनाल डसना भो, अन्त्यको दान भो,
रोगाई दिन तेह्र यो किसिमले त्यो प्राण उड्दो भयो ।।

७

श्रीवाग्वतीतीरमा = वाग्वती र टुकुचा (इक्षुमती) को दोभान कालमोचनघाटमा । घडीभर = २४ मिनेट जति । आमाको ब्रह्मनाल डसना भो = आमालाई ब्रह्मनालमा राखियो ।

'अनि ब्रह्मनाल' यहाँ ब् तथा र् को संयोगबाट बनेको ब्र अक्षर पर हुँदा "अनि" को इकार गुरु बन्छ । त्यसो भएमा छन्दोभङ्ग हुन्छ । यस्तो ठाउँमा केही नेपाली कविहरूले लघु मानेका पनि छन् । मैले पनि त्यसैले आँखा चिम्लने साहस गरेको हुँ । अब हुने नेपाली छन्दःशास्त्रकारहरूले यस विषयमा विचार गर्नुपर्छ । उनीहरूले अनुचित ठहर्‍याए म आफ्नो दोष स्वीकार गर्न तयार छु ।

अन्त्यको दान = वैतरणी गोदान । रोगाई दिन तेह्र = आषाढ १० गते शुक्रवारको रातदेखि आषाढ २२ गते बुधवारको समाप्तिसम्म १३ दिन बिरामी भई ।

लेख्ने पूर्वकथा स्वदेशतिरका मेरो स्वभावै बस्यो,
आमाबाट मलाइ यो विषयमा साहाय्य क्यै मिल्दथ्यो ।
मातृस्नेह छँदै थियो, त्यसमहाँ यो स्वार्थ बढ्ता थियो,
आमाको अझ दीर्घ आयु त्यसले आकाङ्क्ष्य मेरो थियो ।।

८

पूर्वकथा स्वदेशतिरका = नेपालका ऐतिहासिक घटना । साहाय्य = मदत

साहाय्य क्यै मिल्दथ्यो = पं. भवानीदत्त पाँडेको विषयमा मैले आमाबाट केही कुरा जान्न पाएको थिएँ । (गल्लीमा पर्याँकिएका कसिङ्गरको उपोद्घातको १८ पृष्ठ हेर्नुहोस् ।) पं. गोपाल पाँडेको विषयमा पनि आमाबाट मैले केही कुरा थाहा पाएको थिएँ । (पूर्णिमा ८ अङ्कको ५७ पृष्ठ हेर्नुहोस् ।)

मातृस्नेह = आमाको माया ।

मातृस्नेह छँदै थियो = हुनत म अहिले त्रिपन्न वर्ष पुग्न पुग्न लागिसकेको छु । तैपनि आमाको

लेखा म केटाकेटी नै थिएं । वेला वेलामा भात खान जा, यसो खा, उसो नखा इत्यादि कुरा गरी आमा मलाई बराबर अह्लाइरहनुहुन्थ्यो ।

आकाङ्क्ष्य = खोजेको कुरा ।

आमाको अझ दीर्घ आयु त्यसले आकाङ्क्ष्य मेरो थियो = हुनत आमा ७८ वर्ष भइसक्नुभएको थियो । आफ्नो जीउको सह्यार आफैं गर्न सक्तै हातखुट्टा चल्दैमा जानुभयो । उहाँलाई सुबिस्ता नै भयो भनी इष्टमित्रहरू मलाई बराबर सुनाउँछन् । तर पनि अझ केही काल उहाँ बाँचिदिनुभएको भए मलाई बढिया हुन्थ्यो भन्ने मेरो मन चाहन्थ्यो ।

आमा जानुभयो भनी नयनले प्रत्यक्ष देखे पनि
आमालाइ म सोधुँला यति भनी उद्वेग उठ्दैछ नि ।
आमाको अब छैन पार्थिवतनू, पाइन्न त्यो दर्शन,
यो सझेपछि थाल्छ भित्र मनमा अत्यन्त बाधा हुन ।।
९

नयनले = आँखाले । उद्वेग = झ्वास्स झ्वास्स आएको विचार ।

आमालाइ म सोधुँला यति भनी उद्वेग उठ्दैछ नि = मोतीराम भट्टकी दिदी हुन् कि बहिनीसँग आमाले कुरा गरेर दिन बिताउनुभएको मैले आफ्नो १२ वर्षको उमेरमा देखेथें । त्यो दृश्य झ्वास्स अहिले मैले संझें । यताबाट मोतीरामको विषयमा पनि आमाबाट केही जान्न सक्ने सम्भावना झ्वास्स मलाई भयो ।

पार्थिवतनू = मनुष्यहरूको शरीर पृथ्वी (माटो), अप् (पानी), तेज (तातो पदार्थ), वायु, आकाशले बनेको हुन्छ । तर पृथ्वीको भाग बढी भएको हुनाले यसलाई पार्थिव शरीर भन्छन् ।

गर्दै काम सुदीर्घ आयुतकको इच्छा लिनैपर्दछ,
जो जन्मन्छ, उ मर्छ, यो विषयमा चिन्ता लिनु व्यर्थ छ ।
इत्यादि श्रुतिमूल धेरथरका आन्वीक्षिकीका कथा
संझी तर्क गरी गरी कमसरी पार्दोछु भित्री व्यथा ।।
१०

सुदीर्घ आयु अत्यन्त लामो आयु अर्थात् १०० वर्ष । (जयरत्नाकरनाटकको उपोद्घातका ६–१० पृ. हेर्नुहोस् ।)

*कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः ॥२॥*
(शुक्लयजुर्वेद ४० अध्याय ईशावास्योपनिषत्)
[ यस मर्त्यलोकमा काम गर्दै सय वर्षसम्म बाँच्ने इच्छा लिनुपर्छ । ]

भस्मान्तं शरीरम् ॥१५॥

(शुक्लयजुर्वेद ४० अध्याय ईशावास्योपनिषत्)

[शरीर आखिरमा खरानी हुन्छ ।]

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥२७॥

(गीता २ अध्याय)

[जन्मने अवश्य मर्छ, मर्ने अवश्य जन्मन्छ । यो कुरा टारेर टर्दैन । यस कारण यसमा तिमीले चिन्ता गर्नु बढिया छैन ।]

बुद्धीन्द्रियप्राणगुणैर्वियुक्तः सुप्तो विसंज्ञस्तृणकाष्ठभूतः ।
संवर्ध्य संरक्ष्य च यत्नवद्भिः प्रियप्रियैस्त्यज्यत एष कोऽपि ॥५७॥
हीनस्य मध्यस्य महात्मनो वा सर्वस्य लोके नियतो विनाशः॥५९॥

(बुद्धचरित ३ सर्ग)

[यसलाई यसका प्यारा मान्छेहरूले कोशिशसाथ बढाएथे, जोगाएथे । अहिले यसलाई बुद्धि इन्द्रिय प्राणले छोडिदिएका हुनाले बेहोस भएर यो सुतिरहेछ । झार काठ जस्तो यो भइसक्यो । यसलाई यसैका प्यारा मानिसहरूले फाल्न लागिरहेछन् ।

छोटा मझौला बडा सबैले यस संसारमा नमरी हुन्न ।]

श्रुतिमूल = वेदबाट निस्केका । आन्वीक्षिकी = तर्कविद्या ।

आन्वीक्षिकी ··· व्यसनेऽभ्युदये च बुद्धिमवस्थापयति ॥१०–११॥

(कौटलीय अर्थशास्त्र १।२)

[दुःख पर्दा पनि सुख पर्दा पनि आन्वीक्षिकी (तर्कविद्या) ले बुद्धिलाई ठेकानमा राखिदिन्छ ।]

—०—

मुद्रक–जोरगणेश प्रेस प्रा. लि. बालाजु

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय–
संशोधन-मण्डल
१०।४५२ महाबौद्ध, काठमाडौं, नेपाल

वि. सं. २०२३ श्रावण–संक्रान्ति

वार्षिक मूल्य–मो रु. ६।
( डाँकखर्च अलग )
यस अङ्कको मूल्य मा. रु. १।५०

मुद्रक—
जोरगणेश प्रेस प्रा० लि०
बालाजु औद्योगिक क्षेत्र, काठमाडौं